शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३२ अंक १६० काठमाडौं | १२ साउन २०८१ शनिबार श्रावण कृष्णपक्ष सप्तमी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, July 27, 2024 | पृष्ठ ८+४ | १० रुपैयाँ

# कठोर गभर्नरको लचिलो मौद्रिक नीति

**निजी क्षेत्र, सरकारी निकाय तथा विज्ञहरूको प्रतिक्रियाअनुसार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले पाँचवर्षे कार्यकालको अन्तिम मौद्रिक नीतिमार्फत सबैलाई रिझाउने प्रयास गरेका छन्**

**यज्ञ बञ्जाडे** (काठमाडौं)

कठोर नीतिका कारण समग्र अर्थतन्त्रमा शिथिलता ल्याएको आरोप खेप्दै आएका राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले यसपटक भने लचिलो र विस्तारकारी मौद्रिक नीति सार्वजनिक गरेका छन् । राष्ट्र बैंकले विदेशी मुद्रा सटही, बैंकले राष्ट्र बैंकबाट लिने ऋणको ब्याजदर, चालु पुँजी कर्जा मार्गदर्शन, घरजग्गा, सेयर कारोबार र बैंक तथा वित्तीय संस्थाको सञ्चालन मुनाफा वृद्धिसम्बन्धी व्यवस्थामा खुकुलो नीति लिएको छ ।

राष्ट्र बैंकले केही क्षेत्रमा निष्क्रिय कर्जा वर्गीकरणको अवधि लम्ब्याइदिएको छ । निजी क्षेत्र, सरकारी निकाय तथा स्वतन्त्र विज्ञहरूको प्रतिक्रियाका आधारमा गभर्नर अधिकारीले आफ्नो पाँचवर्षे कार्यकालको अन्तिम मौद्रिक नीतिमार्फत सबैलाई रिझाउने प्रयास गरेका छन् ।

विगतका मौद्रिक नीतिमा एक बुँदामा सम्बोधन हुने निर्माण व्यवसाय क्षेत्रलाई विशेष सम्बोधन गरेका छन् । लघु, घरेलु, साना एवं मझौला उद्यममा प्रवाह हुने कर्जाको व्यवस्था पुनरावलोकन गरी कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्योगलाई पनि सस्तो कर्जा दिने घोषणा गरेका छन् ।

आर्थिक गतिविधिमा अपेक्षित सुधार नभइरहेको र राष्ट्र बैंकले नै भन्दै आएको निजी क्षेत्र अधिक ऋणभारमा रहेको पृष्ठभूमिलाई बिर्सँदै साढे १२ प्रतिशत कर्जा विस्तारको महत्त्वाकांक्षी लक्ष्यसमेत लिइएको छ । **बाँकी पृष्ठ ७**





**मौद्रिक नीति सहज आएको छ, केही हदसम्म निजी क्षेत्रको आत्मबल बढाउन सहयोग पुऱ्याउँछ**

● **चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, उद्योग वाणिज्य महासंघ



**बढी प्रभावित निर्माण क्षेत्रलाई राम्रो सम्बोधन भएको छ, धेरै कुरा लयमा आउँछ**

● **सुनील केसी**
अध्यक्ष
बैंकर्स संघ

- कर्जा विस्तारको लक्ष्य साढे १२ प्रतिशत
- वैदेशिक रोजगारीमा जाने युवालाई बिनाधितो ऋण
- बैंकिङ क्षेत्रमा कृत्रिम बौद्धिकता (एआई) प्रयोगलाई प्रोत्साहन, नीति पनि ल्याइने
- सेयर कर्जामा संस्थागत लगानीकर्ताको २० करोड सीमा खारेज, व्यक्तिगत १५ करोड यथावत्
- निर्माण व्यवसायीलाई साँवा-ब्याज तिर्ने समय थप, कालोसूचीमा पनि नपर्ने सुविधा
- बैंक तथा वित्तीय संस्थाले असल कर्जामा १.१० प्रतिशत मात्र नोक्सानी व्यवस्था गर्नुपर्ने
- चालु पुँजी कर्जा नीतिअनुसार विश्लेषण गरी कर्जा समायोजन गर्नुपर्ने समय १ वर्ष थप
- परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्त ग्राहकलाई कर्जा पुनर्तालिकीकरण सुविधा
- चिकित्सा, इन्जिनियरिङ, सूचना प्रविधि, एकाउन्टिङ शिक्षा आर्जनका लागि ऋण
- राष्ट्रिय भुक्तानी स्विच सञ्चालनमा ल्याउन पूर्वाधार र संस्थागत संरचना तयार गरिने
- भुक्तानी, समाशोधन र फर्स्योटसम्बन्धी कार्य गर्ने संस्थाहरू पब्लिक लिमिटेड कम्पनी

**कोसेली**
रिमोट जागिरमा जेनजी पुस्ताको लगाव

मान्छेको जीवन, बाखाको जीवन
क्यारेबियनमा नेपाली क्रिकेट उत्सव

**कान्तिपुर जनमत**

**नतिजा**

'नैतिक चरित्र' मा गम्भीर प्रश्न उठेका निर्वाचन आयुक्त पदमा प्रस्तावित कृष्णमान प्रधानलाई अब संसदीय सुनुवाइ समितिले के गर्नुपर्छ ?

| | |
|---|---|
| अस्वीकृत गर्नुपर्छ | ८५.६९% |
| स्वीकृत गर्नुपर्छ | ४.८५% |
| सांसदहरूको विवेकले जे देख्छ, त्यही गर्नुपर्छ | ६.८६% |
| केही भन्न चाहन्नँ | २.६% |

**आजको प्रश्न**

राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष ०८१/०८२ को मौद्रिक नीतिबारे तपाईंको धारणा के छ ?

आफ्नो राय राख्न जानुस्
www.ekantipur.com वा
Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

Google play | App Store

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा प्रमुख दलको सहमति

**'बाल सेना' शब्द नलेखिने, मानवअधिकार उल्लंघनका मुद्दामा पीडितको सहमति अनिवार्य**

**घनश्याम खड्का** (काठमाडौं)

ठूला तीन दल कांग्रेस, एमाले र माओवादीबीच शुक्रबार संक्रमणकालीन न्याय (टीआरसी) सम्बन्धी विधेयकका बाँकी दुई मुद्दामा पनि सहमति भएको छ । जसअनुसार संशोधित विधेयकमा 'बाल सेना' शब्द लेखिने छैन भने मानवअधिकार उल्लंघनका मुद्दामा पीडितको सहमति अनिवार्य चाहिने व्यवस्था राखिनेछ ।

कांग्रेसका रमेश लेखक, एमालेका महेश बर्तौला र माओवादीका जनार्दन शर्मा सम्मिलित कार्यदलले यसअघि गम्भीर मानवअधिकार उल्लंघनको परिभाषा र त्यसमा संलग्न दोषीलाई कति सजाय गर्ने भन्नेबारे विवाद पनि टुंग्याएका थिए । 'बाँकी मुद्दामा पनि सहमतिमा पुगेका छौं, अब टीआरसीका सबै विवाद टुंग्याएका छौं' माओवादी नेता शर्माले भने, 'भाषा मिलाउन सोमबार समितिका सभापति, सदस्य र सचिवसँग छलफल गरेर औपचारिक रूपमै समझदारीको अन्तिम बिन्दुमा पुग्छौं ।'

छलफलमा कानुनमन्त्री र महान्यायाधिवक्ताको पनि परामर्श लिइने कार्यदलका अर्का सदस्य बर्तौलाले बताए । 'मानवअधिकार उल्लंघनका दोषीलाई आममाफी दिने पीडितको सहमति स्वतन्त्र रूपमा नआए अदालतमा जाने सुविधा कानुनमै लेख्ने कि नलेख्ने भन्नेमा सोमबार टुंगो लाग्नेछ' उनले भने, 'तर अदालतमा पीडित जान पाउने विषयमा भने दुविधा छैन ।'

राजनीतिक गठबन्धन संस्कृतिले पीडकलाई पीडितले भोट हालिसकेको, कतिपयमा आपसमा बिहेबारीसमेत भइसकेको र व्यवहारमा अन्तरघुलन भई शान्तिपूर्ण बसोबास तथा सम्बन्धसमेत कायम भइसकेकाले एकले अर्कालाई माफी दिन 'त्यति धेरै समस्या नहुने' भए पनि कानुनमा अदालत जान पाउने पीडितको हकलाई नराख्दा त्यसले सैद्धान्तिक रूपमा ऐनलाई कमजोर पार्ने भएकाले संशोधन विधेयकमा प्रस्टसँग लेख्न आवश्यक भएको बर्तौलाको भनाइ छ ।

विवाद सबै सुल्झिएको औपचारिक घोषणा सोमबार भएमा त्यसको एक-दुई दिनमै समितिले विधेयक संसद्को पूर्ण सदनमा छलफलका लागि पेस गर्नेछ । त्यसमा केही छलफलपछि अनुमोदन गरेर राष्ट्रिय सभामा छलफलका लागि पेस हुने र पारित भएर प्रतिनिधिसभामा आएपछि त्यहाँबाट पनि पारित भएर प्रमाणीकरणका लागि राष्ट्रपतिकामा पुऱ्याइने कार्यदलले जनाएको छ ।

'विधेयक अब यही अधिवेशनमा पारित हुनेछ' बर्तौलाले भने, 'सैद्धान्तिक रूपले विवादहरू टुंगिसकेकाले ढिलाइ गर्नुपर्ने कारण छैन ।'

बाल सेनाको सट्टा 'बहिर्गमित लडाकु' भनेर लेखिने र तिनलाई नियमअनुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराइने तीनदलीय सहमति छ । बहिर्गमित लडाकु संगठनले भने तीनदलीय सहमतिको यो विषय आफूहरूलाई मान्य नहुने प्रतिक्रिया दिएको छ । 'पहिचान नै मेटिने गरेर बन्ने ऐनमा हाम्रो भरोसा छैन' बाल सेनामा संलग्न बहिर्गमित जनमुक्ति सेना नेपालका अध्यक्ष लेनिन विष्टले भने, 'दलहरूले हाम्रो अस्तित्वलाई स्विकार्दैनन् भने न्यायका लागि अन्तर्राष्ट्रिय ढोका ढकढक्याउन बाध्य हुनेछौं ।'

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनविपरीत आफूहरूलाई बाल सेनामा भर्ती गरेर माओवादी अध्यक्ष पुष्पकमल दाहाल र जनसरकार प्रमुख बाबुराम भट्टराईले युद्ध अपराध गरेको दाबी गर्दै कारबाही गरिपाऊँ भनी पूर्वबाल सैनिक विष्टलगायतले गत जेठमा सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । त्यसमाथि भदौ २३ मा सर्वोच्चमा सुनुवाइ हुने तोकिएको छ । 'सहमतिलाई खारेज गरेर हाम्रो अस्तित्वलाई स्विकार्ने गरी ऐनमा बाल सैनिक शब्द उल्लेख गर्नु भनेर सर्वोच्चले आदेश दिनुपर्छ' विष्टले भने, 'सर्वोच्चबाट त्यस्तो आदेश भएन भने हामी अन्तर्राष्ट्रिय न्यायालयको ढोका ढकढक्याउन जाने पक्का छ ।'

मानवअधिकारको गम्भीर उल्लंघन केलाई भन्ने, त्यसमा संलग्न दोषीलाई कति सजाय दिने, बाल सैनिक भन्ने शब्द ऐनमा राख्ने कि नराख्ने र पीडितको स्वतन्त्र सहमति नभएका घटनामा मेलमिलाप हुने कि नहुने भन्नेबारे दलहरूबीच लामो समय सहमति जुट्न नसक्दा दुई वर्षदेखि टीआरसी विधेयक संसद्को मानवअधिकार समितिमा थन्किएको छ । त्यसलाई टुंगो लगाउन तीनै दलका शीर्ष नेताले एक/एक प्रतिनिधि सम्मिलित 'कार्यदल' गठनको निर्णय गरेका थिए । त्यसअनुसार गठित कार्यदलको नियमित बैठकले विवादित मुद्दाहरूमा सहमति जुटाएको हो ।

सहमतिअनुसार क्रूरतापूर्वक मारिएको र नियतपूर्वक गरिएको हत्यालाई 'मानवअधिकारको गम्भीर उल्लंघन' भनी परिभाषित गरिएको छ । यस्तो हत्याका दोषीलाई कुनै पनि हालतमा आममाफी दिन नमिल्ने सर्वोच्चको आदेश भएकाले तिनलाई सजायमा ७५ प्रतिशतसम्म छुट हुने गरी कानुन संशोधन गर्न दलहरू सहमत भएका छन् ।

तर यसमा मानवअधिकारवादीले विरोध गरेका छन् भने मानवअधिकार आयोगले हालै पुस्तक सार्वजनिक गर्दै सबै हत्या मानवअधिकारको गम्भीर उल्लंघन भएकाले कुनैलाई अपराधीकरण गर्ने र कुनैलाई नगर्ने भन्ने तर्क कानुनसम्मत नहुने भएकाले आममाफी दिने घुमाउरो प्रावधान ऐनबाट हटाउनुपर्ने भन्दै संसद्लाई तदनुसारै ऐन पास गर्न सुझाव दिएको थियो ।

मानवअधिकारवादीको समूह 'जवाफदेहिता निगरानी समिति' ले पीडकलाई न्यून सजाय दिनु विधिको शासन र अन्तर्राष्ट्रिय मानवअधिकारको सिद्धान्तविपरीत भएकाले त्यसलाई स्वीकार गर्न नसक्ने भन्दै बिहीबार विरोध गरेको थियो । दलहरूले भने विवादित सबै विषयमा सहमति भइसेकाले त्यसअनुसारै आफूहरू अगाडि बढ्ने प्रतिक्रिया दिएका छन् । 'विवाद र बखेडा मात्र झिकेर संक्रमणकालीन न्यायलाई अनन्तकालसम्म लम्ब्याउन उचित छैन' माओवादी नेता शर्माले भने, 'हामी जसरी पनि यसलाई टुंग्याउनुपर्छ भनेर लागेका छौं ।'



**बखेडा मात्र झिकेर संक्रमणकालीन न्यायलाई अनन्तकालसम्म लम्ब्याउन उचित छैन, जसरी पनि टुंग्याउन लागिपरेका छौं**

● **जनार्दन शर्मा**
उपमहासचिव, माओवादी



**सैद्धान्तिक रूपले सबै विवाद टुंगिएकाले ढिलाइ गर्नुपर्ने कारण छैन, विधेयक यही अधिवेशनमा पारित हुनेछ**

● **महेश बर्तौला**
मुख्य सचेतक, एमाले



# मानव–बाघ द्वन्द्वको संक्रमणकाल

मानव-वन्यजन्तु सम्बन्ध प्रतिद्वन्द्वीका रूपमा व्याख्या गर्ने गरिन्छ । यी दुई पक्षबीच व्यावहारिक रूपमा पनि प्रतिद्वन्द्विता देखिन्छ । मानव-बाघ सम्बन्ध पनि त्यही रूपमा विकसित हुँदै आएको हो । तर पृथ्वीमा आ-आफ्नो अस्तित्व जोगाउन यी दुई पक्षबीच सहअस्तित्वको विकास हुन आवश्यक छ । जुन पृथ्वीको पारिस्थितिक प्रणाली (इकोसिस्टम) का लागि पनि अपरिहार्य छ ।



■ जगदीश्वर पाण्डे (बर्दिया)

'यो बाघ देख्नुभएको छ कि नाई ? देख्नुभएको भए ठीक छ । देख्नुभएको छैन भने पनि केही छैन । म आज यहाँ तपाईंहरूसामु बाघ र मानव जाति कसरी मिलेर बस्न सम्भव छ भन्ने कुरा गर्न लागिरहेको छु,' सन् २०२१ को नोभेम्बरदेखि बर्दियामा सुरु भएको 'बिहेबियर चेन्ज क्याम्पेन' (व्यवहार परिवर्तन अभियान) का एक युवा संरक्षक कमल खड्काले बारबर्दिया नगरपालिका-८ औरीका जनतालाई बाघको फोटो देखाएर पढाउँदै थिए ।

बर्दियामा व्यवहार परिवर्तन अभियान चलाउने १९ युवा छन् । जसमध्ये एउटा हुन्, ३५ वर्षीय खड्का । औरीस्थित सोमपुर जंगलको 'बफरजोन' क्षेत्रमा भेला भएका ५० जनाभन्दा बढी स्थानीयहरू (बच्चाबच्चीदेखि वृद्धसम्म) लाई बाघको फोटो देखाउँदै थपे, 'हेर्नुस्, हाम्रो जीवन जंगलसँग जोडिएको छ । हामी जंगलबिना दैनिक गुजारा चलाउन सक्दैनौं । जंगलमा रहेका यी बाघदेखि अन्य जनावरहरू मान्छेजस्ता हुँदैनन् । उनीहरूले आफ्नो शैली परिवर्तन गर्दैनन् । त्यसैले हामी मानव जातिले नै आफ्नो दैनिक क्रियाकलापलाई बदल्नुपर्छ । र, बाघसहित अन्य जनावरसँग द्वन्द्व गर्ने होइन, सहअस्तित्वमा मिलेर बस्नुपर्छ । हामीले आफूलाई त्यही शैलीमा विकास गर्न आवश्यक हुन्छ । हामीले आफ्नो व्यवहारलाई परिवर्तन गर्न आवश्यक छ ।'

बर्दिया र बाँकेमा बाघको आक्रमणबाट मान्छे मर्ने क्रम जारी भएपछि राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) ले सन् २०२१ देखि बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा खाता संरक्षित क्षेत्र तथा यस वरपरका बफरजोनका बासिन्दालाई सचेतना दिनका लागि व्यवहार परिवर्तन अभियान सुरु गरेको हो । बाँकेको अभियानमा ९ जना स्थानीय युवा सक्रिय छन् । उनीहरूले स्थानीयलाई नै मानव-बाघ सहअस्तित्व र व्यवहार परिवर्तनबारे प्रशिक्षण दिइरहेका छन् । यस्तै, बर्दियाको खाता संरक्षित क्षेत्रमा पनि ५ युवाले अभियान सञ्चालन गरिरहेका छन् । ती युवाका काम र क्रियाकलाप फेसबुकको 'बिहेबियर चेन्ज क्याम्पेन' मा पनि देख्न सकिन्छ ।

एनटीएनसीका बर्दिया राष्ट्रिय निकुञ्जका प्राकृतिक स्रोत संरक्षक सहायक उमेश पौडेल व्यवहार परिवर्तन अभियान सुरुआत गर्नुको कारण बाघबाट हुन सक्ने आक्रमणबाट बच्नु रहेको बताउँछन् । 'तपाईंले तथ्यांक हेर्नुहुन्छ भने बाँके र बर्दियामा २०१९ मा (कोभिड-१९ पछि) बाघको आक्रमणबाट मृत्यु हुनेको संख्या बढ्यो । त्यो वर्ष ९ जनाको मृत्यु भयो भने ३ जना घाइते भए । सन् २०२० मा ६ जनाको मृत्यु र ८ जना घाइते भए । २०२१ मा १३ जनाको मृत्यु र एक जना घाइते भए । यसले के देखायो भने कोभिड महामारीमा काम गर्न अन्यत्र वा विदेश गएका स्थानीय घर फर्किए । जंगल जाने क्रम बढ्यो र बाघको आक्रमणबाट मर्ने र घाइते हुनेको संख्या पनि बढ्यो,' उनले भने ।

संरक्षक सहायक पौडेल ती घटनालाई मध्यनजर गरेर आफूहरूले स्थानीय युवाहरूकै साथ र सहयोगमा व्यवहार परिवर्तन अभियान थालेको र त्यो प्रभावकारी रूपमा अघि बढेको मान्छन् । विगत करिब ४ वर्षमा सयौं स्थानीयलाई अभियानमार्फत बाघलगायत जनावरसँग सहअस्तित्वमा बस्नका लागि प्रशिक्षण दिइसकेको उनले बताए । सन् २०२२ मा बाघको आक्रमणबाट ९ जनाको मृत्यु र १४ जना घाइते, २०२३ मा ५ जनाको मृत्यु र २०२४ मा एक जनाको मात्र मृत्यु भएको तथ्यांक उल्लेख गरे ।

पौडेलले भने, 'बाघको आक्रमणबाट मर्नेको संख्या पूरै रोकिएको छ भन्नेचाहिँ होइन तर घटना कम गर्न हामीले थालेको व्यवहार परिवर्तन अभियान प्रभावकारी भइरहेको छ । यसले बाघ-मानव सहअस्तित्वमा बस्नुपर्छ भन्ने सन्देश दिएको छ ।' अभियानले बाँके र बर्दिया क्षेत्र तथा वरपर बाघ र मान्छेबीचको सहअस्तित्वका साथै बाघले मान्छेलाई कुन बेलामा कसरी आक्रमण गर्छ, बाघबाट कसरी बच्न सकिन्छ, जंगलमा कसरी जाने, बाघ भेटेमा कस्तो व्यवहार गर्नेलगायतका विषयमा जानकारी दिँदै आइरहेको छ ।

मुलुकभरकै पछिल्लो ६ आर्थिक वर्षको तथ्यांक हेर्ने हो भने बाघबाट मृत्यु हुनेको संख्या ६८ पुगेको छ ।

> जंगलमा रहेका बाघदेखि अन्य जनावरहरू मानिसभन्दा फरक छन् । उनीहरूले आफ्नो शैली परिवर्तन गर्दैनन् । त्यसैले हामी मानव जातिले नै आफ्नो दैनिक क्रियाकलाप बदल्नुपर्छ । बाघलगायत अन्य जनावरसँग द्वन्द्व होइन, सहअस्तित्वमा मिलेर बस्नुको विकल्प छैन ।

**बाघको आक्रमणमा ज्यान गुमाउनेको संख्या**

| आर्थिक वर्ष | मृत्यु |
|---|---|
| २०८०/८१ | १० |
| २०७९/८० | १२ |
| २०७८/७९ | २१ |
| २०७७/७८ | १३ |
| २०७६/७७ | ८ |
| २०७५/७६ | ४ |
| कुल | ६८ |

(स्रोत: राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग)

**कुन वर्ष कति बाघ ?**

| वर्ष | संख्या |
|---|---|
| सन् १९९५ | ९८ |
| सन् २००० | १०९ |
| सन् २००५ | १२६ |
| सन् २००९ | १२१ |
| सन् २०१३ | १९८ |
| सन् २०१८ | २३५ |
| सन् २०२२ | ३५५ |

**सन् २०२२ को गणनाअनुसार कहाँ कति बाघ ?**

| | |
|---|---|
| पर्सा राष्ट्रिय निकुञ्जमा | ४१ |
| बाँके राष्ट्रिय निकुञ्ज | २५ |
| बर्दिया राष्ट्रिय निकुञ्ज | १२५ |
| शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज | ३६ |
| चितवन राष्ट्रिय निकुञ्ज | १२८ |
| **जम्मा** | ३५५ |

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार आर्थिक वर्ष ०८०/८१ मा बाघको आक्रमणबाट १० जनाको ज्यान गएको छ । यस्तै, बाघको आक्रमणबाट आव ०७९/८० मा १२ जना, ०७८/७९ मा २१ जना, ०७७/७८ मा १३ जना, ०७६/७७ मा ८ र ०७५/७६ मा ४ जनाको मृत्यु भएको हो ।

बाघको आक्रमणबाट मर्नेको संख्या बढेपछि यसको व्यवस्थापन पनि मुख्य चुनौती बनेको छ । केन्द्रीय तथ्यांक हेर्दा डरलाग्दो देखिन्छ । तर, बाँके र बर्दिया क्षेत्रमा जनतालाई सचेत बनाएर घटना कम गर्ने काम भइरहेको बताउँछन्, बर्दिया संरक्षण कार्यक्रममा संरक्षण अधिकृत अजित तुम्बाहाङ्फे । 'व्यवहार परिवर्तन अभियान कार्यक्रम धेरै प्रभावकारी भइरहेको छ । कोभिड-१९ पछि बाघ र मान्छे सहअस्तित्वमा बाँच्नुपर्छ भनेर कार्यक्रम अघि बढाइएको र अहिलेसम्म १० हजारभन्दा बढी स्थानीय बासिन्दाले यसको लाभ लिइसकेका छन्,' उनले भने ।

नेपालमा बाघको संख्या बढेसँगै यसको जोखिम पनि उत्तिकै छ । एकातिर बाघ बढेको उत्साह राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै छ भने अर्कोतर्फ बाघको आक्रमणबाट मान्छे मर्ने क्रम पनि जारी नै छ । यसलाई रोक्न व्यवहार परिवर्तन अभियानलाई महत्त्वपूर्ण सेतुका रूपमा हेर्न सकिन्छ । २०६४ सालदेखि सुरु भएको स्थानीय चोरी सिकारी नियन्त्रण युवा परिचालन अभियानमा बर्दिया र त्यसपछि बाँकेमा सञ्चालन हुँदै आएको छ । अभियानमा राम्रो काम गर्ने युवालाई व्यवहार परिवर्तन अभियानमा पनि सामेल गरिएको हो । त्यसैमध्येका एक हुन् युवा संरक्षक खड्का ।

खड्काले स्थानीयसँग गरेको अन्तरक्रियापछि ७६ वर्षीय प्रदीपकुमार केसीले यस्तो अभियानले समुदायलाई धेरै लाभ पुगेको प्रतिक्रिया दिए । उनले आफूसँगै युवा पुस्तालाई यसरी ज्ञान दिँदा भविष्यमा हुन सक्ने दुर्घटनाबाट बच्न मद्दत पुग्ने प्रस्ट पारे । 'हाम्रोमा एक्लै जंगल जाने, जंगलमा छिर्दा संयमता नअपनाउने तथा आफूखुसी गर्ने बानी छ । यो अन्तरक्रिया कार्यक्रमले बाघसहित जंगलमा जनावर र हामी कसरी मिलेर बस्न सकिन्छ भन्ने ज्ञान दिएको छ ।' कार्यक्रममा सहभागीमध्येकी एक हुन्, सीता रानी । उनी पनि बाघपीडित नै हुन् । उनको घरबाट दुई बाख्रा र दुई बंगुरलाई बाघले मारेको थियो । कार्यक्रमपछि उनले कमल सरको अन्तरक्रिया फलदायी रहेको भन्दै नयाँ-नयाँ कुरा थाहा पाएको बताइन् । 'अब जंगल जाँदा वा बाघ देख्दा के गर्ने भन्ने थाहा पाएँ,' उनले भनिन् ।

नेपालमा पछिल्लो पटक २०२२ मा बाघको गणना गरिएको थियो । जसमध्ये पर्सा राष्ट्रिय निकुञ्जमा ४१, बाँके राष्ट्रिय निकुञ्जमा २५, बर्दिया राष्ट्रिय निकुञ्जमा १२५, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा ३६ र चितवन राष्ट्रिय निकुञ्जमा १२८ छन् । नेपालमा राष्ट्रिय तहमा बाघको गणना भने १९९५ बाट सुरु भएको हो । त्यस बेला ९८ रहेको बाघको संख्या अहिले आएर ३५५ पुगिसकेको छ । बाघको संख्या बढेसँगै उनीहरूलाई चाहिने आहार पनि बढी चाहिन्छ । जंगलभित्रै आहार र पानी भएन भने बाघलाई बाहिर समुदायमा निस्कनुपर्ने बाध्यता हुन्छ । त्यसैले बाघलाई आवश्यक पर्ने आहारका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषले विभिन्न स्थानमा ग्रासल्यान्ड (घाँसे-मैदान) निर्माण गर्ने र पानी नभएका केही स्थानमा सोलारमार्फत पानी निकाल्ने काम गरिरहेको छ ।

बाघ गणना कार्यक्रममा समेत भूमिका निर्वाह गरेका प्राकृतिक स्रोत संरक्षण सहायक उमेश पौडेलले जंगलका सुक्खा क्षेत्रमा सोलारबाट पानी निकाल्ने र प्राकृतिकजस्तै लाग्ने गरी बाँके राष्ट्रिय निकुञ्जमा घाँसे मैदान तयार पारिएको देखाए । यो घाँसे मैदानसँग घाँस नै नखाने बाघको सम्बन्ध के छ त ? उनी भन्छन्, 'बाघको संख्या बढाउन आहार चाहिन्छ । उदाहरणका लागि एक वर्षमा ५० देखि ७० वटा चित्तलजस्तो आहार प्रजाति चाहिन्छ । त्यो प्रजाति बढाउनका लागि घाँसे मैदान बनाउनुपर्‍यो । छोटो घाँस भएन भने चित्तललगायतका अन्य जनावरहरू चर्दैनन् । उनीहरूलाई पोसिलो घाँस मन पर्छ । त्यो जंगलभित्रै उपलब्ध भए जनावरहरू समुदायमा आहार खान जानु पर्दैन । बाघले पनि जंगलमै आहार पाएपछि समुदायमा छिर्दैन ।' उनले घाँसे मैदान निर्माण, जनावरलाई मन पर्ने विभिन्न प्रजातिका घाँस र त्यसलाई काटेर सार्ने विषयमा कर्मचारीलाई प्रशिक्षण पनि दिने गरिएको बताए ।

त्यस्तै, बाँके र बर्दिया निकुञ्जमा विभिन्न स्थानमा सरेका बाघलाई होल्डिङ सेन्टर तथा पुनःस्थापना केन्द्रमा ल्याएर राख्ने काम पनि भइरहेको छ । बाँकेमा रहेको एउटा होल्डिङ सेन्टरमा सल्यानमा मान्छे मारेको बाघ राखिएको छ भने बर्दियाको पुनःस्थापना केन्द्रमा चार वटा बाघ छन् । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनडीएनसी) का सदस्य-सचिव डा. नरेश सुवेदी बाघलाई आवश्यक र मनपर्ने प्रजाति आरक्षण र निकुञ्ज क्षेत्रमा उपलब्ध भएमा मान्छे र बाघबीचको द्वन्द्व घटाउन सकिने ठान्छन् । त्यसो भए, सबै निकै कम बाघ मात्र द्वन्द्वमा आउने उनको दाबी छ । 'द्वन्द्वमा आउन सक्ने बाघलाई पहिले नै 'प्रोएक्टिभ मोनिटोरिङ सिस्टम' बाट नै व्यवस्थापन गर्न राष्ट्रिय प्राकृतिक संरक्षण कोषले सहयोग गर्छ,' उनले भने, 'हाम्रो योजना भनेको नेपालमा विज्ञानमा आधारित संरक्षण हुनुपर्छ भन्ने हो । अहिले जसरी बाघ र मान्छेबीचमा द्वन्द्व देखिएको छ, त्यसलाई सहअस्तित्वमा कसरी बदल्ने भन्ने हो ।'

मान्छे र बाघबीच सहअस्तित्व सम्भव भएकाले तत्कालका लागि समुदायको व्यवहार परिवर्तन गर्ने र बाघको आहारा जंगलभित्रै बढाइदिन आवश्यक भएको उनको भनाइ छ । मानव-वन्यजन्तु सम्बन्ध प्रतिद्वन्द्वीका रूपमा व्याख्या गर्ने गरिन्छ । यी दुई पक्षबीच व्यावहारिक रूपमा पनि प्रतिद्वन्द्विता देखिन्छ । मानव-बाघ सम्बन्ध पनि त्यही रूपमा विकसित हुँदै आएको हो । तर, पृथ्वीमा आ-आफ्नो अस्तित्व जोगाउन यी दुई पक्षबीच सहअस्तित्वको विकास हुन आवश्यक छ । जुन पृथ्वीको पारिस्थितिक प्रणाली (इको सिस्टम) का लागि पनि अपरिहार्य छ ।






## आजको राशिफल

प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** व्यावहारिक काम गर्दा सजग रहनुपर्ने बेला छ । नबोली नहुने कुरामा मात्र आफ्नो राय दिनु उचित हुनेछ । बेलुकाको समय तपाईंका लागि सहज हुनेछ ।

**वृष** समग्रमा दिन राम्रै रहनेछ । समयानुकूल रहँदै आफूलाई प्रस्तुत गरिनेछ । साँझपख टाउको दुख्न सक्ने योग भएकाले मसिनो काम नगर्नु नै उत्तम रहनेछ ।

**मिथुन** मित्रवर्गसँग भेटघाट गर्ने मौका जुट्न सक्छ । कसै-कसैलाई साहित्यिक जमघटमा उपस्थिति जनाउनुपर्ला । व्यस्त हुनुपरे पनि मन खुसी नै हुनेछ ।

**कर्कट** कुनै कुराको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । सक्दो राम्रो प्रस्तुति दिने प्रयास हुनेछ । जे-जसरी आफूलाई उपयुक्त लाग्छ उसरी नै काम सम्पन्न गरिनेछ ।

**सिंह** आफ्नो कर्ममै रमाउनु उचित हुनेछ । अरूका कामकुराको प्रभाव मनमा पर्न नदिनु नै उत्तम रहनेछ । गन्तव्यअनुसार चल्दा नै मनमा शान्ति मिल्ला ।

**कन्या** तपाईंको सानो सहयोगले कसैलाई ठूलै मद्दत पुग्नेछ । तपाईंको विचारको मूल्यांकन हुनेछ । विभिन्न कामकुरा भ्याउनुपर्दा थकानले तन गल्नेछ ।

**तुला** योजनाअनुसार सबै कुरा मिल्दै जानेछन् । कुनै विशेष कार्यक्रममा सहभागिता जनाउनुपर्नेछ । कुनै बहुप्रतीक्षित कार्यमा सफलता मिल्ने योग छ ।

**वृश्चिक** कामको जिम्मेवारीले नजानिँदो तनाव हुन सक्छ । काम नसकुन्जेल मन एकाग्र भइरहनेछ । बेलुकातिर पुनर्ताजगीका लागि कतै टहलिन मन लाग्नेछ ।

**धनु** कुनै नयाँ गन्तव्य चाल्ने सम्भावना छ । बेलामौका बुझी मात्र यात्रा गर्नु उचित हुनेछ । समय र परिस्थिति विचारी चल्दा आफैंलाई सहज हुनेछ ।

**मकर** सबैको कुरा बुझ्दै काम गर्ने प्रयास हुनेछ । के कसरी काम गर्दा सजिलो हुन्छ भनी विचार गरिनेछ । यथावत् रूपमा सबै कुरा सम्पन्न हुँदै जानेछन् ।

**कुम्भ** कुनै बहुप्रतीक्षित कार्यमा सफलता मिल्नेछ । तपाईंको वाक्पटुता र कार्यशैलीको राम्रो कदर हुनेछ । कुनै कामका लागि भने केही अतिरिक्त खर्च हुन सक्छ ।

**मीन** समय आफूअनुकूल नै रहनेछ । इच्छाअनुसारका खानपान र पहिरनमा मन रमाउनेछ । कसै-कसैलाई कुनै निमन्त्रणामा सहभागिता जनाउनुपर्ने हुन सक्छ ।


## वर्गीकृत डिस्प्ले

कम शुल्कमा स्तरीय शिक्षाको लागि +2 (XI) मा
भर्ना खुल्यो
अमर आदर्श स्कूल/कलेज
वानेश्वर, भिमसेनगोला, काठमाडौं
सम्पर्क नं.: ९८१३२३६३१६
९८५१०७०६१५, ९८५१११४८१
फोन ०१-४११०४६०,

छात्रवृति सहित भर्ना
१. बाली विज्ञान (कृषि जे.टी.ए.) १८ महिने
२. पशु विज्ञान (भेटेरीनरी जे.टी.ए.) १८ महिने
● SLC/SEE मा उर्तिण NG ले पनि फाराम भर्न पाउने ।
● यातयात, छात्रावास र रोजगारीको अवसर ।
● तालिम पछि क्यानडाको कृषी फर्ममा रोजगारका लागि पहल
कान्तिपुर टेक्निकल कलेज, बालाजु-१६, काठमाडौं
फोन: 01-4960605, 9841340744, 9803060356

घर बिक्रीमा
ललितपुर इमाडोलमा
०-३-२-० जग्गामा
बनेको २.५ तल्ले
आकर्षक घर बिक्रीमा
मुल्य २ करोड १० लाख
९८४१४२७१८८, ९८५१०३२१५४

आवश्यकता
१. स्कुल बोइज होस्टेलको लागि केही आवसीय सहयोगीहरु को तुरुन्त आवश्यता भएको
आवश्यक योग्यता :-
- सामान्य अङ्ग्रेजी र नेपाली लेखपढ गर्न सक्ने
- ३० वर्ष ननाघेको
- कामप्रति आत्मप्रेरक/लगाव भएको
GRAMMAR SCHOOL
Sitapai Marga, Koteshwor, Kathmandu-32
Phone No. 01-4611213, 4610367
Email Address: grammarsschool.edu@gmail.com

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# सौर्यको आश्वासनपछि परिवारले बुझ्न थाले शव

● परिवारले दिएको विवरणबाटै सबै शव पहिचान ● बिमा र क्षतिपूर्ति रकममा सक्दो सहयोग गर्ने सौर्य एयरलाइन्सको आश्वासन

**स्वरूप आचार्य र सुरज कुँवर** (काठमाडौं)

सौर्य एयरलाइन्सको विमान दुर्घटनामा ज्यान गुमाएका व्यक्तिको शव परिवारजनले बुझ्न थालेका छन् । बिमा र क्षतिपूर्ति रकम पहिले निर्धारण गर्नुपर्ने अडान राख्दै आएका परिवारजनले सौर्य एयरलाइन्सबाट सक्दो सहयोगको आश्वासन पाएपछि शव बुझ्न थालेका हुन् ।

पोस्टमार्टम बिहीबार सकेको त्रिवि शिक्षण अस्पताल महाराजगन्जको फरेन्सिक विभागले शुक्रबार बिहान शव पहिचान थालेको थियो । पोस्टमार्टम टोलीका नेता फोरेन्सिक विज्ञ डा. गोपाल चौधरीले बिहीबार बेलुका नै पोस्टमार्टम सकिएको जानकारी दिँदै शुक्रबार शव पहिचान गरेर आफन्तलाई हस्तान्तरण गर्ने बताएका थिए । त्यसैले शिक्षण अस्पतालको फोरेन्सिक विभाग रहेको भवन अगाडिको प्रांगणमा शुक्रबार बिहानै मृतकका आफन्त भेला हुन थालेका थिए । दिउँसो २ बजे सबै शवको पहिचान सकिएको थियो । परिवारले दिएको लुगा, बोकेका ग्याजेट, शरीरमा रहेको ट्याटु वा चोटपटकको विवरणबाट शव पहिचान गरिएको डा. चौधरीले बताए । उनका अनुसार धेरै जलेका चारवटा शवको पहिचान गर्न भने केही कठिन भएको थियो । 'परिवारले दिएको विवरणकै आधारमा सबै शवको पहिचान सम्भव भयो । कसैको पनि डीएनए परीक्षण गर्नुपर्ने अवस्था आएन,' डा. चौधरीले भने ।

अस्पतालले पहिचान सकिएको सुनाउँदै शव बुझेर लैजान मिल्ने बताउँदासम्म सौर्य एयरलाइन्सले बिमा र क्षतिपूर्तिबारे कुनै निर्णय सुनाएको थिएन । मृतकका आफन्तले बिहीबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेका अगाडि सौर्य एयरलाइन्सले बिमाका साथै उचित क्षतिपूर्तिको टुंगो नलगाएसम्म शव नबुझ्ने अडान सुनाएका थिए । शवको पहिचान सकिएको जानकारी पाएपछि मृतकका आफन्त तथा एयरलाइन्सका तर्फबाट मार्केटिङ प्रमुख मुकेश खनाल र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता सुवास झाबीच पटक-पटक छलफल भयो ।

एयरलाइन्सका मार्केटिङ प्रमुख खनालका अनुसार कम्पनीले आफ्ना सहकर्मीप्रतिको दायित्व वहन गर्न पछाडि नहट्ने प्रतिबद्धता मृतकका परिवारसामु गरेका थिए । शुक्रबार नै सौर्य एयरलाइन्सका अध्यक्ष दीपक पोखरेलले सम्पूर्ण मृतकका परिवारजनलाई समवेदना व्यक्त गर्दै कम्पनीका तर्फबाट हुन सक्नेसम्मको साथ, सहयोग र सद्भाव रहने प्रतिबद्धतासहित विज्ञप्ति जारी गरेका थिए । दुर्घटनापछि सौर्य एयरलाइन्सका कुनै पनि उच्च पदस्थ अधिकारीहरू आफूहरूलाई सान्त्वना दिन नआएको र कम्पनीका तर्फका समवेदना सन्देशसमेत ननिकालेको भन्दै बिहीबार आफन्तजनले रोष व्यक्त गरेका थिए । कम्पनीका तर्फबाट बिमा र उचित क्षतिपूर्तिको आश्वासन पाएपछि शव बुझेर लैजान केहीका आफन्त तयार भएका थिए । त्यसपछि ठोस निर्णयको अडान राखेका अन्यमाथि शव बुझ्न दबाब परेको थियो । 'मृतकका आफन्तको जिज्ञासा र चासो बिमा तथा क्षतिपूर्तिमा थियो । एयरलाइन्सले बिमाको प्रक्रिया अगाडि बढिसकेको र कम्पनीका तर्फबाट वहन गर्नुपर्ने सम्पूर्ण जिम्मेवारी लिन उच्च तह सकारात्मक भएको बताएपछि मृतकका आफन्त शव बुझ्न तयार भए,' विमानस्थलका प्रवक्ता झाले भने ।



सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा मृत्यु भएकाहरूको शव बुझ्न शुक्रबार त्रिवि शिक्षण अस्पताल पुगेका भावविह्वल आफन्त । तस्बिर : अंगद ढकाल/कान्तिपुर

६ वटा शव परिवारजनले बुझिसकेको महाराजगन्ज वृत्तका प्रमुख डीएसपी अमर थापाले जानकारी दिए । उनका अनुसार को-पाइलट सुशान्त कटुवाल, प्राविधिक श्याम बिन्दुकार, क्यामो म्यानेजर अश्विन निरौला, क्वालिटी म्यानेजर दिलीप बर्मा तथा इन्जिनियरद्वय राजाराम आचार्य र उद्धव पुरीको शव आफन्तले शुक्रबार अस्पतालबाट बुझेका हुन् । 'अन्यले पारिवारिक स्थिति हेरेर भोलि (शनिबार) सम्ममा शव लैजाने भनिएको छ,' उनले भने । बुधबारको विमान दुर्घटनामा ज्यान गुमाएका १८ जनामध्ये यमनी नागरिक अरिफ रेडाको शव भने आफन्तलाई हस्तान्तरण गर्न केही दिने लाग्ने प्रहरीले जनाएको छ ।

फरेन्सिक विज्ञ डा. चौधरीको नेतृत्वमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा भक्तपुर जिल्ला अस्पतालसमेतका गरी २५ भन्दा बढी डाक्टर र स्वास्थ्यकर्मीको टोली बुधबारदेखि पोस्टमार्टममा खटिएको थियो । डा. चौधरीका अनुसार विमान दुर्घटनामा परेका शवहरू आफन्तलाई बुझाउनयोग्य बनाउन धेरै समय लागेको थियो । विस्तृत परीक्षण र मर्मत (सी-चेक) गर्न काठमाडौंबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको विमान बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा दुर्घटनामा परेको थियो । 'फेरि फ्लाइट' (गैरव्यावसायिक उडान) मा रहेको विमान दुर्घटना हुँदा क्याप्टेन मनीषरत्न शाक्यलाई भने जीवितै उद्धार गरिएको थियो । शाक्यको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ ।

## चालक उद्धार गर्ने ६ प्रहरी पुरस्कृत

**कान्तिपुर संवाददाता** (काठमाडौं)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बुधबार दुर्घटना भएको सौर्य एयरलाइन्सको जहाजका चालकलाई सकुशल उद्धार गर्ने नेपाल प्रहरीका ६ जना पुरस्कृत भएका छन् । दुर्घटनाग्रस्त विमानभित्र रहेका चालक मनीषरत्न शाक्यलाई तत्काल सकुशल उद्धार गरेको भन्दै प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले २ डीएसपी सुकदेव खनाल र टेकबहादुर राउत तथा ४ प्रहरी जवान श्रीराम परियार, करणसिंह चौसिर, भीमप्रसाद गौतम र कृष्ण जोशीलाई अभिलेखमा जनिने गरी नगदसहित पुरस्कृत गरेका हुन् ।

डीएसपीद्वय खनाल र राउतलाई जनही २ हजार २ सय र चार जवानलाई जनही २ हजार रुपैयाँसहित पुरस्कृत गरिएको डीआईजी दानबहादुर कार्कीले बताए ।

पुरस्कृत छ जना नै विमानस्थल सुरक्षार्थ खटिएका थिए । बुधबार बिहान ११:११ बजे विमानस्थलको धावनमार्ग छाडेर उडेलगत्तै विमान दुर्घटनामा परेको थियो । तत्काल दौडेर घटनास्थल पुगी उनीहरूले विमानको ककपिटमा रहेका चालक शाक्यलाई सकुशल बाहिर निकालेका थिए । लगत्तै उपचारका लागि सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज पुऱ्याइएको थियो । चालक शाक्यको अवस्था खतरामुक्त रहेको अस्पतालले जनाएको छ । दुर्घटनामा सहचालक, प्राविधिक र अन्य कर्मचारीसहित १७ नेपाली र १ विदेशीको ज्यान गएको छ ।

उत्कृष्ट कार्य गरेबापत प्रहरी महानिरीक्षकले अधिकतम २ हजार ५ सयसम्म नगद वा पाँच ग्रेड तलब वृद्धि गर्न सक्ने अधिकार प्रहरी नियमावली २०७१ को नियम १ सय ९७ को बुँदा नम्बर 'क' मा उल्लेख छ । सोही नियम प्रयोग गरी विमान दुर्घटनामा चालकलाई उद्धार गर्ने प्रहरी अधिकृत तथा जवानलाई पुरस्कृत गरिएको डीआईजी कार्कीले बताए ।

# १६ राजदूतमा भागबन्डा गर्दै सत्ता गठबन्धन

माओवादी र एसबाट राजदूत भएका ५ जनालाई फिर्ता बोलाइँदै, अन्य ११ देशमा पनि नयाँ नियुक्तिको तयारी

**जगदीश्वर पाण्डे** (काठमाडौं)

भारत र अमेरिकासहित १६ देशमा राजदूत नियुक्तिका लागि सरकारले गृहकार्य थालेको छ । राजदूत रिक्त ११ देश तथा यसअघि माओवादी र एकीकृत समाजवादीको सिफारिसमा राजदूत भएका ५ गरी १६ मुलुकमा एकै पटक राजदूत नियुक्त गर्न लागिएको हो ।

यसअघि पुष्पकमल दाहाल नेतृत्वमा रहेको माओवादी-एमाले-रास्वपा गठबन्धन सरकारले विभिन्न ११ मुलुकबाट फिर्ता बोलाएर भारतसहित ८ मुलुकमा राजदूत सिफारिस गरेको थियो । तर, सिफारिस भएको केही दिनमै सत्ता गठबन्धन परिवर्तन भएर केपी शर्मा ओली नेतृत्वको एमाले-कांग्रेसलगायत दलको सरकार बन्न पुग्यो ।

स्रोतका अनुसार सरकारले अब माओवादी सिफारिसमा राजदूत भएका ३ र एसबाट राजदूत भएका २ जनालाई फिर्ता बोलाउने र त्यसपछि रिक्त हुने सबै १६ मुलुकमा राजदूत नियुक्तिका लागि सिफारिस गर्नेछ । माओवादीको कोटाबाट चीनमा विष्णुपुकार श्रेष्ठ, श्रीलंकामा वासुदेव मिश्र र दक्षिण अफ्रिकामा दानबहादुर तामाङ राजदूत छन् भने एसबाट रुसमा मिलन तुलाधर र अस्ट्रेलियामा कैलाश पोखरेल राजदूत भएका हुन् ।





**जहाँ ओली सरकारले नयाँ राजदूत पठाउँदै छ**

- भारत ● अमेरिका ● बेलायत ● कतार
- दक्षिण कोरिया ● डेनमार्क ● साउदी अरब
- मलेसिया ● इजरायल ● स्पेन ● पोर्चुगल
- चीन (माओवादीका विष्णुपुकार श्रेष्ठलाई फिर्ता बोलाइँदै)
- दक्षिण अफ्रिका (माओवादीका दानबहादुर तामाङलाई फिर्ता बोलाइँदै)
- श्रीलंका (माओवादीका वासुदेव मिश्रलाई फिर्ता बोलाइँदै)
- अस्ट्रेलिया (एसका कैलाश पोखरेललाई फिर्ता बोलाइँदै)
- रुस (एसका मिलन तुलाधरलाई फिर्ता बोलाइँदै)

सरकारका एक मन्त्रीले राजदूत नियुक्तिका लागि गृहकार्य भएको तर अझै फिर्ता बोलाउने र नयाँ नियुक्तिबारे निर्णय हुन बाँकी रहेको बताए । सत्ता गठबन्धनभित्र भारत, चीन र अमेरिकामा कसलाई पठाउने भन्नेमा विशेष चासो छ । नयाँ गठबन्धनले गर्ने सिफारिसमा एमालेका तर्फबाट यसअघि सिफारिस भएका केही व्यक्तिहरूलाई फेरि सिफारिस गरिने एमालेका एक नेताले जानकारी दिए ।

दाहाल सरकारले जेठ २४ मा भारत र अमेरिकालगायत ११ मुलुकका राजदूतलाई कार्यकाल पूरा नहुँदै फिर्ता बोलाउने निर्णय लिएको थियो । त्यसपछि असार ७ मा विभिन्न ८ मुलुकका लागि नयाँ राजदूत सिफारिस गरेको थियो । तर, ओली सरकारले दाहाल सरकारबाट सिफारिस भएका राजदूतमा फेरबदल गर्न लागेको हो । कांग्रेस र एमालेले मुख्य गरी भारत, चीन र अमेरिकामा आफूले चाहेअनुसार राजदूत पठाउनका लागि छलफल गरेका हुन् । किनकि ती मुलुकहरू आर्थिक र भूराजनीतिक हिसाबमा पनि नेपालका लागि महत्त्वपूर्ण मानिन्छन् । भारत र चीन छिमेकी मुलुक हुन् भने अमेरिका शक्तिशाली मुलुक हो ।

दाहाल सरकारले फिर्ता बोलाएपछि ११ वटै देशका राजदूतहरू फिर्ता आउने क्रम जारी छ । भारतका लागि नेपाली राजदूत शंकर शर्माको म्याद सरकारले गत साता १५ दिनका लागि थप गरेको थियो । अर्को साता उनी पनि नेपाल फिर्ता हुँदै छन् । राजदूत शर्मालाई कांग्रेस सभापति देउवाले निरन्तरता दिन चाहे पनि प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले नमानेको स्रोतको भनाइ छ । 'एमाले नै भएको गठबन्धनले फिर्ता बोलाउने निर्णय गरेका कारणले गर्दा उहाँ (शर्मा) लाई फेरि राजदूत नियुक्त गरेर पठाउनु ठीक हुन्न,' ओलीलाई उद्धृत गर्दै देउवानिकट स्रोतले भन्यो । शर्मालाई भारत र चीनबाहेक अन्य मुलुकमा राजदूत बनेर जानका लागि पनि आग्रह गरिएको थियो । तर, शर्माले भारतबाहेक अब अरू मुलुकमा राजदूत बनेर नजाने नयाँदिल्लीबाटै सन्देश पठाएको स्रोतको भनाइ छ ।

तत्कालीन दाहाल सरकारले एमालेका ५, जसपाका २ र माओवादीका तर्फबाट १ राजदूत सिफारिस गरेको थियो । भारतका लागि पूर्वमुख्यसचिव लोकदर्शन रेग्मी, अमेरिकाका लागि पूर्वसचिव चन्द्र घिमिरे, दक्षिण कोरियाका लागि मानवअधिकारवादी सुशील प्याकुरेल, डेनमार्कका लागि सुम्निमा तुलाधर, मलेसियाका लागि नेत्रप्रसाद तिमिल्सिना, बेलायतका लागि बिजन पन्त, साउदी अरबका लागि अबुसुफ्यान खान मुसलमान र स्पेनका लागि पुष्पराज राजकर्णिकारलाई सिफारिस गरेको थियो ।

यी नाममा एमालेका तर्फबाट सिफारिस भएका केहीलाई भने प्रधानमन्त्री ओलीले निरन्तरता दिन चाहेको स्रोतको भनाइ छ । एमालेका तर्फबाट राजदूत सिफारिस भएका प्याकुरेलले भने पद अस्वीकार गरिसकेका छन् ।

दाहाल सरकारले सिफारिस गरेका ८ राजदूतको सम्बन्धमा परराष्ट्र मन्त्रालयले संसद् सचिवालयलाई पत्राचार गरेको छैन । सत्तामा आएको फेरबदलका कारण राजदूतमा सिफारिस भएकाहरू संसदीय सुनुवाइ नभएरै फिर्ता हुने पक्का छ । एमालेबाट राजदूतका लागि सिफारिस भएका केही भने फेरि नियुक्त हुनेछन् । राजदूत सिफारिस भएकाहरू संसदीय सुनुवाइ नहुँदै फिर्ता हुन लागेको यो पहिलो पटक भने होइन । २०७८ साउन पहिलो साता त्यसअघिको ओली सरकारले नियुक्त गरेका ९ राजदूतलाई संसदीय सुनुवाइ नहुँदै कांग्रेस-माओवादी गठबन्धनको शेरबहादुर देउवा नेतृत्वको सरकारले फिर्ता गरेको थियो ।

संसदीय सुनुवाइ पूरा भएपछि सम्बन्धित मुलुकमा एग्रिमो (स्वीकृति) का लागि पठाइन्छ र एग्रिमो आएपछि नियुक्त गरिन्छ । पोर्चुगलका लागि राजदूत नियुक्त भएका सनिल नेपाल भने कार्यक्षेत्रमा जान नपाउँदै दाहाल सरकारले जेठ २४ मा फिर्ता बोलाएको थियो । उनलाई गत माघ २६ मा दाहाल सरकारले राजदूत नियुक्त गरेकामा फागुन २१ मा गठबन्धन परिवर्तन भएपछि दाहाल सरकारले नै फिर्ता बोलायो । अब फेरि कांग्रेसले उनलाई राजदूतमा सिफारिस गर्छ वा गर्दैन भन्ने चासो रहेको छ ।

नेपालको अहिलेसम्म ३० वटा मुलुकका लागि दूतावास र ३ वटा संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोग छन् । यस्तै ७ वटा महावाणिज्य दूतावास छन् । राजदूत नियुक्त निर्देशिकाअनुसार ५० प्रतिशत कूटनीतिक सेवा र ५० प्रतिशत राजनीतिकतर्फबाट सरकारले राजदूत नियुक्ति गर्ने मापदण्ड छ ।

## माओवादीले छाड्यो कोशी सरकार

विराटनगर (कास)- कोशी प्रदेश सरकारबाट माओवादी केन्द्र बाहिरिएको छ । एमालेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई दिएको समर्थन भने माओवादीले कायमै राखेको छ । 'हामीले सरकार मात्रै छाडेका हौं', माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने, 'एमालेलाई दिएको समर्थन फिर्ता लिएका छैनौं ।'

कोशी प्रदेशसभामा माओवादीका १३ सांसद छन् । माओवादीले कांग्रेसको साथ छाडेर अचानक एमालेसँग गठबन्धन बनाएपछि गत वैशाख २७ मा संविधानको धारा १६८ (५) बमोजिम एमालेको नेतृत्वमा सरकार गठन भएको थियो । एमालेले गत महिना कांग्रेससँग नयाँ समीकरण बनाएपछि माओवादी प्रदेश सरकारबाट बाहिरिन बाध्य भएको हो । माओवादीका मन्त्रीहरूले शुक्रबार मुख्यमन्त्री कार्कीलाई राजीनामा बुझाएका छन् । सरकारमा माओवादीका गणेश उप्रेती भौतिक पूर्वाधार, नारायणबहादुर मगर वन, वातावरण तथा पर्यटन, राजेन्द्र कार्की स्वास्थ्यमन्त्री थिए भने बन्दना झाँगड वन, वातावरण तथा पर्यटन राज्यमन्त्री थिइन् ।

माओवादी बाहिरिएपछि सरकारमा कांग्रेस प्रवेश गर्दै छ । तर कसको नेतृत्वमा सरकारमा सामेल हुने भन्नेबारे कांग्रेसले अझै टुंगो लगाएको छैन । कांग्रेस कोशीका प्रमुख सचेतक गोपाल तामाङले सरकारको नेतृत्व आलोपालो गर्न र मन्त्रालयहरूको भागबन्डा टुंग्याउन एमालेसँग शुक्रबार छलफल सुरु भएको जानकारी दिए ।

कांग्रेसमा मन्त्रीका आकांक्षीहरू धेरै छन्, त्यसमाथि संस्थापन पक्ष, शेखर कोइराला र कृष्णप्रसाद सिटौलाको समूहबीच भागबन्डा गुट मिलाउनुपर्नेछ । सांसद अमृत आर्याल या भीम पराजुलीमध्ये एकको नेतृत्वमा कांग्रेस सरकारमा सामेल हुन सक्ने एक सांसदले जनाए ।

# छिन्यो बिनायोको जुइनो

एलपी जोशीका 'रिटिङ रिटिङ नबजाऊ बिनायो', 'ओल्लो खोलो पल्लो खोलो', 'कान्छी मट्याङट्याङ' जस्ता दर्जनौं कालजयी गीत छन्

**पर्वत पोर्तेल र रमेशचन्द्र अधिकारी** (विराटनगर)

*'केको कोर्कौ, केको कोर्कौ,*
*कुराउनीको कोर्कौ लैलै*
*अहिलेको त झिल्के मात्रै*
*पोइ त राम्रो पोरको नै लैलै..'*

तत्कालीन राजा महेन्द्र २०१९ मा विराटनगर भ्रमणमा आएका थिए । त्यही मेसोमा लक्ष्मीप्रसाद (एलपी) जोशीले महेन्द्रका सामु माथिको लोकभाका सुनाएका थिए । यो भाका सुनेर महेन्द्र खित्का छाडेर हाँसेका थिए । 'कमै मात्र हाँस्ने स्वभावका महेन्द्रलाई मैले खित्का छाड्ने गरी हँसाएको थिएँ,' केही समयअघि म्युजिक खबर डटकमसँगको एक अन्तर्वार्तामा जोशीले सुनाएका थिए, 'राजालाई गीत गाएरै हँसाउन सकेकामा म मक्ख परेको थिएँ ।'

यिनै लोकगायक जोशीले बिहीबार राति अन्तिम सास लिए । ९० वसन्त छेउछाउ पुगेका जोशी झापाको दमक-१, फाल्गुनन्द चोकस्थित घरमा परिवारसँगै खाना खाँदै थिए । अचानक ढले । थप उपचारका लागि हतारहतार नजिकैको अस्पताल पुऱ्याइएको मात्रै थियो, चिकित्सकले मृत घोषणा गरे । अन्ततः 'रिटिङ रिटिङ नबजाऊ बिनायो', 'ओल्लो खोलो पल्लो खोलो, कमिलोको गोलो भनेर हो रानाज्यू', 'निगालो घारीमा च्याखुरा नाच्यो', 'कान्छी मट्याङट्याङ', 'खिपीमा खिपी बिनायो बाजा' जस्ता दर्जनौं कालजयी गीतका यी सर्जकको भौतिक चोला सदाका लागि उडेर गयो ।



१९९३ मा धनकुटाको बीचबजारमा जन्मिएका जोशी जीवनभर लोकसंस्कृतिको उन्नयनमा सक्रिय थिए । जीवनको उत्तरार्द्धमा पनि उनी गीत/संगीतप्रति नै समर्पित थिए । उनको पहिलो गीत २०१३ मा रेडियो नेपालमा रेकर्ड भएको थियो । 'नेपालको माया, नेपाल कस्तो छ' बोलको त्यो गीत रेकर्ड भएपछि उनले गायकको दर्जा पाए । त्यति बेला सँगै काठमाडौं गएकाहरूले स्वर परीक्षा दिए तर जोशीले परेन । किनकि उनी पहिल्यै दरबारनजिक थिए । उनी दरबारिया सभा समारोहमा गीत गइरहन्थे । दरबारमा पहिलोपल्ट गीत गाउँदा उनले ८ रुपैयाँ बक्सिस पाएका थिए ।

जोशीलाई एक पटक महेन्द्रले काठमाडौं बोलाए । सन्दर्भ थियो, लोकगीत प्रतियोगिता । उबेला दरबारले नै लोकगीत प्रतियोगिता आयोजना गर्थ्यो । धर्मराज थापा, लक्ष्मण लोहनीलगायतका दरबारनिकट सर्जकहरू निर्णायक हुन्थे । जोशी टोली बनाएर प्रतियोगितामा भाग लिन काठमाडौं उक्लिए । २०२० तिर भएको उक्त प्रतियोगितामा उनको टोली पहिलो भयो । २०२२ मा उनले तत्कालीन सोभियत संघ जाने मौका पाए । सांस्कृतिक आदानप्रदान कार्यक्रमअन्तर्गत शिवशंकर, कृष्णनारायण, तारादेवीजस्ता दिग्गज हस्तीका साथ उनी पहिलो पटक हवाईजहाज चढेर रुस पुगे ।

*'रिटिङ रिटिङ नबजाऊ बिनायो*
*बिनायोले मन मेरो छिनायो..'*

जोशीलाई सबभन्दा बढी परिचित गराएको यही गीतले हो । जोशी र यो गीत पर्यायझैं छ । यो गीत २०१७ मा रेकर्ड भएको थियो । अहिले पनि जनजिब्रोमा उस्तै गरी झुन्डिएको छ ।

जोशी लोपोन्मुख बिनायो बाजा संरक्षणका अभियन्ता पनि थिए । बिनायोलाई गीत रेकर्डिङमा प्रयोग गर्ने उनी सम्भवतः पहिलो गायक हुन् । उनीसँग घरमै बिनायो थियो । फुर्सदमा रिटिङ रिटिङ पारिहाल्थे ।

जोशीलाई नजिकबाट चिन्ने कवि धनकुटे कान्छाका अनुसार उनी २०२४ मा जन्मथलो धनकुटा छाडेर झापाको दमक झरेका थिए । उनी झापामा स्काउट शिक्षकका रूपमा कार्यरत रहे र गायनलाई पनि सँगसँगै डोऱ्याए । 'काठमाडौंलाई मात्रै केन्द्र ठान्ने समय अब छैन,' युवा मन नेपाल नामक युट्युबसँगको एक अन्तर्वार्तामा उनले भनेका छन्, 'मोफसललाई नै केन्द्र बनाउने समय आइसक्यो ।'

जोशी जीवनको अन्तिम समयसम्म गीत/संगीत साधनामा तल्लीन थिए । उनी छोरा मिलन र परिवारका सदस्यका साथ दमकमा बस्थे । श्रीमती बृन्दा २०७५ मै बितेकी थिइन् ।



# अमेरिका गुन्जाइरहेका सुशान्त केसी

तस्बिर : केसीको फेसबुकबाट


गायक-गीतकार सुशान्त केसी पछिल्लो समय युवावर्गमाझ निकै चर्चित छन् । इन्डी र पप संगीतमा जमेका सुशान्तले आफ्नो ८ वर्षे सांगीतिक करिअरमा तीन दर्जनभन्दा बढी गीत सार्वजनिक गरिसकेका छन् । तीमध्ये अधिकांश दर्शक/श्रोताले निकै मन पराएका छन् । 'पर्ख न', 'क्या कर्दिया', 'सारंगी', 'मुस्कुराएर', 'झ्यालबाट', 'बेहोस', 'गुलाबी', 'साथी', 'रिसाउने भए', 'बैमानी', लगायतका चर्चित गीत गाइसकेका सुशान्तले नेपाली संगीतको प्रतिनिधित्व गर्दै पहिलो पटक अमेरिकाको न्युयोर्कस्थित पलेडियम हलमा आफ्नो प्रस्तुति दिएका छन् । त्यसको एक सातापछि शुक्रबार उनले मिनेसोटामा पनि भव्य कार्यक्रम गरेका छन् । करिब दुई महिनाको सांगीतिक यात्राका दौरान उनले अमेरिकाका अन्य ९ सहरमा सांगीतिक कार्यक्रम गर्दै छन् । अमेरिकामा जारी सांगीतिक यात्राबारे **सुशान्त केसी**सँग कान्तिपुरका **बुद्धिसागर मरासिनी**ले गरेको कुराकानी :

**तपाईंको अमेरिकाको सांगीतिक यात्राको उद्देश्य के हो ? यो कस्तो भइरहेको छ ?**

मलाई लाग्छ, आफ्नो संगीत सकभर धेरै देशमा, धेरै ठाउँमा पुऱ्याउने सबै कलाकारको सपना हुन्छ । म पनि ८ वर्षको परिश्रमपछि यही उद्देश्य बोकेर अमेरिका टुरमा हिँडेको हुँ । निर्धारितमध्ये अहिलेसम्म हाम्रा दुईवटा कार्यक्रम निकै सफलतापूर्वक सम्पन्न भएका छन् । न्युयोर्कको टाइम्स स्क्वायरस्थित पलेडियम हलको कार्यक्रममा करिब दुई हजार दर्शक/श्रोतासामु प्रस्तुति दिन पाएँ । यसले मलाई निकै सन्तुष्टि प्राप्त भएको छ ।

**अमेरिकाका कुन-कुन स्थान र मितिमा कार्यक्रम हुँदै छन् ?**

अहिलेका लागि ११ वटा फरक फरक सहरमा कार्यक्रम तय गरिएको हो । त्यसमध्ये न्युयोर्क (जुलाई २०) र मिनेसोटा (जुलाई २६) मा कार्यक्रम भइसकेका छन् । त्यसबाहेक जुलाई २८ मा डीएमभी, अगस्ट ३ मा ह्यारिसबर्ग, अगस्ट ४ मा पिट्सबर्ग, अगस्ट १० मा डालस, अगस्ट १७ मा नर्थ क्यारोलाइना, अगस्ट २३ मा अस्टिन, अगस्ट ३० मा सान फ्रान्सिस्को, अगस्ट ३१ मा कोलोराडो र सेप्टेम्बर ७ मा कोलम्बसमा कार्यक्रम हुँदै छन् । यस पटकको टुरमा हामीले खासगरी नेपालीहरूको बढी बसोबास भएका ठाउँहरू छनोट गरेका हौं ।



**सांगीतिक यात्राका क्रममा दर्शक/श्रोताको कस्तो साथ पाइरहनुभएको छ ?**

टुरका क्रममा हामीले सोचेको भन्दा धेरै राम्रो सहयोग पाइराखेका छौं । अब आउँदा कार्यक्रमहरूमा पनि अझै धेरै सहयोगको आशा राखेका छौं ।

**न्युयोर्कको टाइम्स स्क्वायरस्थित पलेडियम हलमा सांगीतिक प्रस्तुति दिएर इतिहास रच्नुभएको छ, कस्तो अनुभव भयो ?**

यस्तो अवसर पाउनुमा म आफूलाई निकै भाग्यशाली ठान्छु । त्यहाँ उपस्थित दर्शकहरू देखेर म आफैंमा पनि ऊर्जा थपियो । मेरो आफ्नो अनुभव पनि एकदमै उच्चस्तरको रह्यो ।

**पलेडियम हलको कार्यक्रमा दर्शक/श्रोताको कस्तो साथ पाउनुभयो ? प्रस्तुतिमा को-को हुनुहुन्थ्यो ?**

यो टुरमा सबै मेरा एकल शो हुन् । म मेरो ब्यान्ड 'द ब्याङ्गर्स' सँग गीत/संगीत प्रस्तुत गर्दै छु । ब्यान्डमा गिटारिस्ट दीपांकर गौतम क्षेत्री, ड्रमर सञ्जय अवाले, बास गिटारिस्ट नीरञ्जन रेग्मी, किबोर्डिस्ट दावा शेर्पा, डिजे रेडमस (सुदीप बाँस्कोटा) हुनुहुन्छ । साउन्ड इन्जिनियर शिशिररत्न शाक्य, लाइट टेक्निसियन रवि गुरुङ, भिडियोग्राफर थोमस जीएम (आयुष्मान घर्तीमगर) र व्यवस्थापक अमरचन्द्र न्यौपाने हुनुहुन्छ ।

**उक्त कार्यक्रममा कतिवटा गीत प्रस्तुत गर्नुभयो ? त्यो एउटा शोका लागि कति खर्च भयो ?**

कार्यक्रममा मैले २१ वटा गीत प्रस्तुत गरें । तीमध्ये दुई गीत दर्शकको अनुरोधपछि पुनः गाएँ । त्यसबाहेक एउटा हालसम्म सार्वजनिक नभएको गीत पनि प्रस्तुत गरेको थिएँ । कार्यक्रमको खर्चबारे भने हामीलाई खासै थाहा हुँदैन । तर न्युयोर्क त्यो पनि टाइम्स स्क्वायर जस्तो ठाउँमा गरिएको कार्यक्रममा खर्च राम्रै हुन्छ भन्ने जोकोहीले पनि अनुमान गर्न सक्छ ।

**पलेडियम हलको कार्यक्रममा भएको अविस्मरणीय क्षण केही छ ?**

हामीले अहिले पुरानो गीत 'तिमीले' लाई नौलो शैलीमा प्रस्तुत गरिरहेका छौं । यो गीतको अन्त्यमा दर्शक/श्रोतासँगै गाउन मिल्ने भाग भएकाले पनि त्यो गीतको प्रस्तुति मेरा लागि अविस्मरणीय क्षण बन्यो ।

**तपाईंले देशभित्रभन्दा देशबाहिरका सांगीतिक कार्यक्रम वा कन्सर्टलाई बढी प्राथमिकता दिनुको कारण के हो ?**

हामीले सबै शोहरूलाई उत्तिकै प्राथमिकता दिने गरेका छौं । पछिल्लो समय मचाहिँ नेपालको शो फरक र आफ्नै शैलीमा गर्न खोजेकाले पनि केही समय लागेको हो ।

**अमेरिकाको सांगीतिक यात्रा डायस्पोरालाई जोड्ने अभियान हो ? यदि हो भने त्यो कसरी सम्भव छ र त्यसका लागि भविष्यमा के-के गर्दै हुनुहुन्छ ?**

कुनै पनि सांगीतिक यात्रालाई भिन्नभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ । र, यो टुर पनि एउटा अभियान नै हो । भविष्यमा पनि यस्तै सांगीतिक यात्राका लागि योजना बनिरहेका छन् र नयाँ-नयाँ गीतहरू पनि रिलिज गर्ने योजना छ ।

**तपाईंको अमेरिका टुरको अनुमानित खर्च कति हो र यसको आयोजक को हो ?**

टुरको खर्चबारे हामीलाई भन्दा पनि आयोजकलाई थाहा हुन्छ । र, यो टुरको आयोजना गराज इन्टरटेनमेन्टको सहयोगमा 'ठमेल एनवाईसी' ले गरेको हो ।

**केही समयअघि तपाईंले हिन्दी भाषाको गीत पनि सार्वजनिक गर्नुभयो, त्यो किन र केका लागि ?**

केही समयअघि सार्वजनिक गीत 'पर्ख न' भारतमा ट्रेन्डिङमा आउन सफल भयो । त्यसकारण पनि हामीले अर्को गीत 'क्या कर्दिया' हिन्दीमा सार्वजनिक गऱ्यौं । त्यसको कारण नै नेपाली गीत-संगीतका दर्शकको दायरा फराकिलो पार्नु हो । भोलिका दिनमा पनि विश्वका अन्य देशका नागरिकलाई पनि नेपाली गीत सुनाउने प्रयास हुनेछ ।

**नेपाली गीत-संगीतलाई विश्वव्यापी बनाउन भविष्यमा के-कस्ता योजना छन् ?**

योजना सधैं एउटा नै छ । त्यो हो, सकेसम्म धेरै गीत सार्वजनिक गर्ने र सकभर धेरै श्रोता/दर्शकमाझ पुग्ने । यसो गर्दै जाँदा भविष्यमा नेपाली गीत-संगीत पनि विश्वव्यापी बन्छ भन्ने मलाई लाग्छ । त्यसका लागि सबैको साथ र सहयोग भने अत्यन्त आवश्यक पर्छ नै ।

**नेपालभित्र आगामी दिनमा के-के गर्दै हुनुहुन्छ ?**

अहिलेको लागि मेरो ध्यान भनेको नयाँ गीत नै हो । त्यसका साथसाथै 'एस्केसी' क्लोथिङ ब्रान्ड पनि अघि बढाउँदै छु ।

**संगीतमा भविष्य खोजिरहेका युवापुस्ताका लागि तपाईंको के सुझाव छ ? त्यस्तो पुस्तालाई सहयोग गर्नेबारे केही सोच्नुभएको छ की ?**

संगीतमा भविष्य खोजिरहेका युवाहरूलाई म तपाईंलाई के मन पर्छ त्यही गर्नुस् र त्यसलाई सधैं निरन्तरता दिनुहोस् भन्न चाहन्छु । अहिलेको समयमा आफू पनि सिक्दै छु र नयाँ अनुभव पनि बटुल्दै छु । भविष्यमा भने अन्य कलाकारलाई पनि सक्दो सहयोग गर्ने उद्देश्य छ ।

**विश्व संगीतको यात्रामा तपाईं आफूलाई कहाँ पुगेको ठान्नुहुन्छ ?**

विश्व संगीतको मेरो यात्रा सुरु हुँदै छ भन्ने मेरो ठम्याइ छ ।

**तपाईंको संगीत क्षेत्रको अध्ययन कहाँसम्म पुग्यो ?**

अहिले म अमेरिकाको बोस्टनस्थित बर्कली कलेज अफ म्युजिकमा स्नातक अन्तिम वर्षमा अध्ययन गरिरहेको छु ।

**अन्त्यमा, दर्शक/श्रोतालाई केही भन्न चाहनुहुन्छ ?**

अहिलेसम्म मलाई साथ दिनुहुने सबै दर्शक/श्रोता तथा समर्थकलाई धन्यवाद भन्न चाहन्छु । उहाँहरूको साथबिना यहाँसम्म आइपुग्न सम्भव नै थिएन ।



तस्बिर : एएफपी

**भारतको मुम्बईमा बलिउड फिल्म 'उलझ' को प्रमोसनका क्रममा अभिनेत्री जान्हवी कपुर । सुधांशु सरिया निर्देशित फिल्म अगस्ट २ देखि प्रदर्शनमा आउँदै छ ।**

## सन् २०१२ मा आजकै दिन

### बेलायती महारानीद्वारा लन्डन ओलम्पिक्स उद्घाटन



सन् २०१२ मा आजकै दिन (जुलाई २७) मा बेलायती महारानी एलिजाबेथले लन्डनमा आयोजित ओलम्पिक्स खेल उद्घाटन गरेकी थिइन् । प्रतियोगिताको २७ औं संस्करण अगस्ट १३ सम्म चलेको थियो ।

लन्डनमा आधुनिक ओलम्पिक खेल तेस्रो पटक आयोजना भएको थियो । त्यसअघि लन्डनमा १९०८ र १९४८ मा ओलम्पिक खेल भएका थिए । ओलम्पिक्सअन्तर्गतका ३६ खेलमा ३ सय ४ विधाका लागि १० हजार ५ सय ६८ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए । तीमध्ये अधिकांश स्पर्धा पूर्वी लन्डनको ओलम्पिक पार्क क्षेत्रमा भएका थिए ।

प्रतियोगितामा ४६ स्वर्णसहित १०४ पदक जित्दै अमेरिका प्रथम भएको थियो । ३८ स्वर्णसहित ८८ पदक जितेको चीन दोस्रो भएको थियो । २४ स्वर्णसहित ८२ पदक जितेको रुस तेस्रो हुन सफल भएको यियो । २९ स्वर्णसहित ६५ पदक जितेको आयोजक बेलायत चौथो भएको थियो । प्रतियोगितामा ६८ देशले पदक जितेका थिए ।

पौडीबाज माइकल फेल्प्सले आफ्नो अन्तिम ओलम्पिक्समा ४ स्वर्ण (दुई व्यक्तिगत गरी) कुल ६ पदक जितेका थिए । फेल्प्सले ओलम्पिकमा १८ स्वर्णसहित २२ पदक जितेका छन् । त्यस्तै २०१२ को ओलम्पिकमा धावक युसेन बोल्टले तीन इभेन्टमा स्वर्ण जितेका थिए । त्यस्तै, चीनकी १६ वर्षीया पौडीबाज यीले महिला २०० मिटर र ४०० मिटर इन्डिभिजुअल मेड्लीमा विश्व कीर्तिमानसहित स्वर्ण जितेकी थिइन् ।

# हुड्के नाचेरै पढाइ खर्च

## जुम्लाको सिञ्जा-६ बारेगाउँकी १८ वर्षीया अनिता परियार जिल्लामा हुड्के नाच्ने एक मात्र युवती हुन्

**हरिहरसिंह राठौर** (जुम्ला)

कर्णाली र सुदूरपश्चिमको परम्परागत हुड्के नाच सिक्ने युवा पुस्ता नभएपछि लोप हुने अवस्थामा छ । दमाईं समुदायका पुरुषहरूले मात्रै नाच्ने यो मौलिक नाच कर्णालीमा कलाकारको अभावमा हराउँदै गएको हो । तर जुम्लाको सिञ्जा गाउँपालिका-६ बारेगाउँकी १८ वर्षीया अनिता परियारले हुड्के नाच पुरुषको मात्रै एकाधिकार तोड्दै आफू पनि कला देखाउन थालेकी छन् । अनिताले बाबु खड्के परियारसँग सिकेर कहिले उनीसँग त कहिले काकासँग विभिन्न कार्यक्रममा नाचेर पढाइ खर्च पनि जुटाउने गरेकी छन् ।


स्थानीय केदारनाथ आधारभूत विद्यालयमा कक्षा ८ मा अध्ययनरत अनितालाई असारे रोपाइँ, विवाह, व्रतबन्ध, मेला महोत्सवमा हुड्के नाच्न निम्तो आइरहेको हुन्छ । उनी मेलापातमा बाबु र काकासँगै जोडी मिलाएर नाच्छिन् । जुम्लामा हुड्के नाच्ने युवती उनी मात्रै हुन् । हरेक पटक नाचेबापत उनीहरूलाई ५ देखि १० हजार रुपैयाँ पारिश्रमिक आउँछ । त्यसले घर खर्च र पढाइ खर्च पुग्ने गरेको उनले बताइन् । 'मैले हुड्के नाचेर संस्कृतिको संरक्षणमा पनि मद्दत पुगेको छ, आफ्नो खर्च पनि सजिलै चलाउन सकेकी छु,' उनले भनिन् । पश्चिमा संस्कृतिका कारण हुड्के नाचमा युवा पुस्ताको आकर्षण बढ्न नसकेको उनको बुझाइ छ ।



अनिताका बाजे भक्ते परियारको हाटसिञ्जास्थित सिमलगाउँमा रहेको जग्गा केही टाठाबाठाले हडपेपछि उनको परिवार सुकुम्बासी भएको थियो । सिञ्जाका बारे वरपरका आधा दर्जन बस्तीहरूमा परम्परागत कपडा सिलाउने व्यक्ति नभएपछि स्थानीयले केही ऐलानी जग्गा दिएर भक्ते परियारलाई बारेगाउँमै बस्न दिएका थिए । अहिले उनको परिवारले करिब ४ सय घरका कपडा सिलाएर पाउने खलो (बालीपिच्छेको अन्नपात) ज्यालास्वरूप पाउँछ ।

प्रायः शुभ कार्यहरू विवाह, व्रतबन्ध, रोपाइँ, छैटी पूजा, न्वारनलगायतका विभिन्न सामाजिक कार्यमा हुड्के नाच नाच्ने चलन छ । पछिल्लो पुस्ताले हुड्के नाचभन्दा रेकर्ड गरिएका गीतमा रमाउन थालेपछि गाएरै नाच्ने हुड्के ओझेलमा परेको स्थानीय कमल नेपालीले बताए । उनका अनुसार पहिले राजनीतिक दलहरूले चुनावको प्रचारप्रसारमा पनि हुड्केलाई खुबै प्रयोग गर्थे । युद्धकालमा माओवादीले पनि सांस्कृतिक कार्यक्रममा हुड्के नाचलाई प्राथमिकतामा राख्थ्यो । 'हुड्के नाच पनि छ भनेपछि राजनीतिक आमसभामा दर्शकहरू पनि ओइरिन्थे,' उनले भने, 'नाच नाच्दा कार्यक्रमस्थलमा उपस्थित सबैको प्रशंसा गर्दै व्याख्या गर्ने गरिन्छ, अन्त्यमा उपस्थित सबैले दक्षिणासहित पैसाको माला लगाइदिने र फेटा (पगरी) मा राखिदिने चलन छ ।'

दमाईं समुदायकाले नाच्ने हुड्केबाट उनीहरूको दैनिक गुजारासमेत नचल्ने भएपछि युवा पुस्ता नाचप्रति आकर्षित नभएका अर्का अगुवा प्रेमबहादुर नेपालीले बताए । 'यसको संरक्षणका लागि कला संस्कृतिको क्षेत्रमा काम गर्ने सरोकारवाला पनि उदासीन देखिएका छन्,' उनले भने, 'तर ती चेली (अनिता) को हुड्केप्रति ठूलो लगाव छ ।' हुड्के नाचप्रति युवा पुस्तालाई आकर्षित गर्नुपर्ने र त्यसका लागि स्थानीय सरकारले पहल गर्नुपर्ने उनको सुझाव छ । सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धिताल भने हुड्केलगायत मौलिक नाच जगेर्ना गर्न पालिकाले योजना बनाइरहेको बताउँछन् । युवाहरूलाई हुड्के नाचको सामूहिक तालिम दिने गरी यस वर्ष बजेट नै विनियोजन गरिएको उनले बताए ।



# 'पूर्णबहादुरको सारंगी' मा अलिसा

काठमाडौं (कास)- सरोज पौडेलको निर्देशनमा निर्माण भइरहेको फिल्म 'पूर्णबहादुरको सारंगी' मा अलिसा बस्नेत जोडिएकी छन् । अलिसाको डेब्यु फिल्ममा विशेष भूमिका रहेको निर्माता विनोद पौडेलले बताए । अलिसाले यसअघि दर्जनौं म्युजिक भिडियोमा काम गरिसकेकी छन् ।

अलिसाको प्रवेशसँगै फिल्मको दोस्रो चरणको छायांकनसमेत सुरु गरिएको छ । जेठ २४ गतेबाट छायांकन सुरु गरिएको फिल्मको पहिलो चरणको छायांकन ओखलढुंगा जिल्लाको रुम्जाटार आसपासका क्षेत्रमा ३६ दिनसम्म गरिएको थियो । दोस्रो चरणको छायांकन भने भक्तपुरको दुवाकोटबाट सुरु गरिएको हो ।

सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भइरहेको फिल्ममा विजय बराल, प्रकाश सपुत, मुकुन भुसाल, अञ्जना बराइलीको मुख्य भूमिका रहनेछ । विनोद न्यौपाने, भोलाराज सापकोटा, बुद्धि तामाङ, माओत्से गुरुङ र देशभक्त खनालगायतका कलाकारहरूले पनि फिल्ममा अभिनय गरेका छन् । त्यस्तै, जान्भी पौडेल र स्वायम् केसी बाल कलाकारको भूमिकामा छन् ।

फिल्मलाई अन्तर्राष्ट्रिय रूपमा फिल्म वितरण गर्दै आएको कम्पनी सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गरेको हो । सोसल-ड्रामा जनराको फिल्म गन्धर्व परिवारको कथामा आधारित रहेको निर्माण पक्षले जनाएको छ । निर्देशक पौडेलको कथामा बनेको फिल्ममा पटकथा तथा संवाद महेश दवाडीको रहेको छ । प्रशान्त सिवाकोटीले संगीत भरेको फिल्मका गीतमा प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानले स्वर दिएका छन् । विनोद पौडेल र प्याट्रिक सुवेदी लगानीकर्ता रहेको फिल्मका कार्यकारी निर्माता रमेश चौलागाईं र हरि श्रेष्ठ हुन् । फिल्म २०८२ सालभित्र प्रदर्शन आउने बताइएको छ ।

| विदेशी मूद्रा | |
|---|---|
| अमेरिकी डलर | १३४.२२ |
| युरो | १४५.६४ |
| पाउन्ड स्टर्लिङ | १७२.८१ |
| अस्ट्रेलियन डलर | ८७.५४ |
| कतारी रियाल | ३६.८१ |

राष्ट्र बैंकको आधारमा

सुन रू. १,४४,७००
चाँदी रू. १,७३०

। मौद्रिक नीति ०८१/८२

# उत्पादन, सूचना प्रविधि र पर्यटनलाई सस्तो कर्जा

● कृषि उपजको धितोमा समेत सहज रुपमा कर्जा ● युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जामा सहज पहुँच पुऱ्याउन सहजीकरण गरिने



तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति शुक्रबार सार्वजनिक गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी ।

**राजु चौधरी** (काठमाडौं)

कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसँग सम्बन्धित उद्योगहरूले सस्तो कर्जा पाउने भएका छन् । यस वर्षको मौद्रिक नीति जारी गर्दै नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले उल्लिखित क्षेत्रका लागि आधार दरमा २ प्रतिशतभन्दा बढी प्रिमियम जोड्न नपाउने गरी विद्यमान नीति पुनरावलोकन गरिने बताए । '२ करोडसम्मको लघु, घरेलु, साना तथा मझौला उद्यम, कृषि र स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगलाई प्रवाह हुने कर्जामा आधार दरमा २ प्रतिशत बिन्दुभन्दा बढी प्रिमियम थपेर ब्याजदर निर्धारण गर्न नपाउने व्यवस्थामा कृषिका लागि सहयोगी उद्योग, कृषि औजार उत्पादन, सूचना प्रविधि, पर्यटनलगायत आन्तरिक उत्पादनसाग सम्बन्धित क्षेत्रहरू थप गर्ने गरी पुनरावलोकन गरिनेछ,' गभर्नर अधिकारीले भने । नेपाल सरकारको ०८१/८२ को बजेट वक्तव्यमा उल्लेखित कृषि उपजको धितोमा समेत सहज रुपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइने राष्ट्र बैंकले बताएको छ ।

यस्तै प्राइभेट इक्विटि तथा भेन्चर क्यापिटलले लगानी गरेको संस्था कुनै कारणवश कर्जा चुक्ता गर्न नसकी कालोसूचीमा पर्ने अवस्था आएमा लगानी गर्ने प्राइभेट इक्विटि तथा भेन्चर क्यापिटललाई कालोसूचीमा नपर्ने व्यवस्था मिलाइने पनि राष्ट्र बैंकले घोषणा गरेको छ । 'चालु पुँजी कर्जा मार्गदर्शनमा उल्लेखित 'भेरिएन्स एनलाइसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थाको समयावधि थप गरिनेछ,' गभर्नर अधिकारीले भने ।

त्यस्तै, बन्द रहेका उद्योगको कर्जाको साँवा-ब्याज भुक्तानी नियमित गर्ने उद्योग व्यवसायलाई कर्जा वर्गीकरण गर्ने पनि भनिएको छ । 'परिस्थितिजन्य कारणले उद्योग व्यवसाय बन्द रहे तापनि कर्जाको साँवा-ब्याज भुक्तानी नियमित गर्ने उद्योग व्यवसायलाई कर्जा वर्गीकरण गर्ने उल्लेख छ । जोखिम व्यवस्थाका लागि आवश्यक सहजीकरण गरिनेछ,' नीतिमा भनिएको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा उल्लेख गरेअनुसार युवामा उद्यमशीलता प्रवर्द्धन गर्न कर्जाको सहज र सरल पहुँच पुऱ्याउन सहजीकरण गर्ने जनाएको छ ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम विदेशी लगानीसम्बन्धी प्रक्रियालाई सरलीकरण र सहजीकरण गरिने पनि नीतिमा भनिएको छ । यसका लागि नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावलीमा आवश्यक संशोधन गरिने जनाएको छ । बजेट वक्तव्यमा भनेजस्तै मौद्रिक नीतिले कृषि उपजको धितोमा सहज कर्जा प्रवाह हुने व्यवस्था मिलाइने उल्लेख छ ।

त्यस्तै, उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह र कर्जाको गुणस्तर सुधारमा जोड दिँदै वित्तीय स्थायित्व कायम हुने गरी नियामकीय व्यवस्थाहरू तर्जुमा गरिएको मौद्रिक नीतिमा छ । मौद्रिक नीतिअनुसार २०८१ जेठ मसान्तमा वाणिज्य बैंकहरूबाट लगानीमा रहेको कुल कर्जामध्ये कृषि क्षेत्रमा १३.२ प्रतिशत अर्थात् ५ खर्ब ८२ अर्ब ४९ करोड, लघु, घरेलु, साना एवम् मझौला उद्यम क्षेत्रमा ९.२ प्रतिशत अर्थात् ४ खर्ब ७ अर्ब २८ करोड रहेको छ ।

त्यसैगरी, विकास बैंकहरूबाट कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कुल कर्जाको २६ प्रतिशत अर्थात् १ खर्ब २५ अर्ब ८३ करोड र वित्त कम्पनीहरूबाट २१.६ प्रतिशत अर्थात् १९ अर्ब ३८ करोड कर्जा लगानीमा रहेको जनाएको छ । त्यस्तै, मौद्रिक नीतिले सुन आयात तथा बिक्री वितरणसम्बन्धी विद्यमान व्यवस्था अध्ययन गर्ने जनाएको छ । चाँदी आयातको विद्यमान व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने उल्लेख छ । राष्ट्र बैंकले गत वर्षको मौद्रिक नीतिमा अध्ययन गर्ने उल्लेख थियो । तर पुनरावलोकन गर्ने प्रक्रिया अध्ययनकै क्रममा रहेको उल्लेख छ । त्यस्तै, मौद्रिक नीतिले २०८१/८२ मा कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान गरेको छ । विगतको तुलनामा रोपाइँ सन्तोषजनक रहेको भन्दै कृषि क्षेत्रको वृद्धिददर पनि बढ्ने अनुमान गरेको हो ।

'कृषि विभागका अनुसार २०८१ असार ३१ सम्म ६८.६ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्षको असार २९ सम्म ५६.५ प्रतिशत रोपाइँ भएको थियो । मनसुन सक्रिय रहेको र यस अवधिमा औसतभन्दा बढी वर्षा हुने अनुमान गरिएको छ,' मौद्रिक नीतिमा भनिएको छ, 'रासायनिक मलको उपलब्धता सहज भएको र सरकारले धानको न्यूनतम समर्थन मूल्य तोकी मूल्य अनिश्चितता हटेको अवस्थामा २०८१/८२ मा कृषि क्षेत्रको वृद्धिदर सन्तोषजनक रहने अनुमान छ ।'

## अटोमोबाइल्स् क्षेत्रलाई बेवास्ता गरियो : नाडा

काठमाडौं (कास)- नाडा अटोमोबाइल्स् एसोसिएसन अफ नेपालले चालु आर्थिक वर्षको मौद्रिक नीतिमा अटोमोबाइल्स् क्षेत्रलाई बेवास्ता गरेको जनाएको छ । शुक्रबार सार्वजनिक भएको मौद्रिक नीतिमा आफ्नो धारणा सार्वजनिक गर्दै नाडाले विभिन्न ७ वटा सुझावहरू दिए पनि कुनै नसमेटिएको जनाएको छ । 'नेपाल राष्ट्र बैंकसमक्ष विद्यमान अटोमोबाइल्स् क्षेत्रका समस्याहरूलाई उल्लेख गर्दै विभिन्न ७ वटा सुझावहरू प्रस्तुत गरेको थियो,' प्रेस विज्ञप्तिमा भनिएको छ, 'मौद्रिक नीतिले नाडाको कुनै पनि सुझावहरूलाई सम्बोधन गर्न नसकेको मात्र होइन पूरै बेवास्ता गरिएको छ ।'

अटोमोबाइल्स् क्षेत्रमा आर्थिक सुस्ततासँगै अटो अटोमोबाइल्स् क्षेत्रमैत्री नीतिको अभावले गर्दा सम्पूर्ण क्षेत्र नै संकटमा परिरहँदा समग्र अटोमोबाइल्स् बजारमा ६८ प्रतिशतले गिरावट आएको नाडाले जनाएको छ ।

मौद्रिक नीतिमा गरिएको बेवास्ताले अटोमोबाइल्स् व्यवसायीहरूले ऋण भुक्तानी गर्न नसक्ने र व्यवसायीहरू कालोसूचीमा पर्ने देखिएको नाडाले जनाएको छ । अटोमोबाइल्स् वर्कसप र सोरुममा बस्ने कर्मचारीहरूले आफ्नो रोजगारीसमेत गुमाउने अवस्था आउने नाडाले जनाएको छ । 'सुस्ताएको नेपालको अटोमोबाइल्स् व्यवसायलाई गतिशील बनाउन नाडाले राखेका सुझावहरूलाई तत्कालै सम्बोधन गरी व्यवसायमैत्री नीति ल्याउने अपेक्षा राखेका छौं,' विज्ञप्तिमा उल्लेख छ ।

मौद्रिक नीतिको बुँदा ७९ को 'ख' मा निर्माण व्यवसायलाई कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने भनिएको छ । ' मौद्रिक नीतिको बुँदा ७९ को 'ख' नीतिले व्यवसायीहरू अन्योलमा परेका छन्,' विज्ञप्तिमा भनिएको छ, 'यसले हेबी इक्युपमेन्ट, ट्रक, ट्रिपर, पार्ट्स लुब्रिकेन्ट्स, टायर र ब्याट्रीहरू जुन उधारोमा दिइएको हुन्छ, त्यसैले यसलाई कालोसूचीमा नै राख्ने व्यवस्था गरिनुपर्छ किनकि यस्तो नगरिएमा यी सबै खराब कर्जामा परिणत हुनेछन् ।' मौद्रिक नीतिको यो व्यवस्थाले व्यवसायीहरू ठूलो समस्यामा फस्ने भएकाले कुनै पनि सामान बिक्री गरेपश्चात् लिएको चेकको हकमा मात्र यस्तो व्यवस्था लागू गरिनुपर्ने नाडाको माग छ ।

पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनहरूलाई बैंकहरूबाट हायर पर्चेज ऋण प्रवाह गर्ने प्रक्रियामा बैंकले कर्जा दिने अनुपात 'लोन टु भ्यालु रेसिओ' ५० प्रतिशतबाट ७५ प्रतिशत पुऱ्याउनुपर्ने सुझाव नाडाले दिएको थियो । पेट्रोल, डिजेल र विद्युतीय शक्तिबाट चल्ने निजी प्रयोजन र व्यावसायिक महत्त्वका सवारीसाधनहरूलाई स्पष्ट रूपमा छुट्याई सोहीअनुरूप बैंक लगानी गर्न सहजीकरण गरिदिनुपर्नेलगायत विभिन्न सुझाव दिएको थियो ।

## तुलनात्मक रूपमा केही सजग र लचक : चेम्बर

काठमाडौं (कास)- नेपाल चेम्बर अफ कमर्सले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति तुलनात्मक रूपमा केही सजग र लचक आएको जनाएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिका केही पक्षहरू सकारात्मक र केही विषयहरू अझै सम्बोधन हुन नसकेको चेम्बरले जनाएको छ । मौद्रिक नीतिमार्फत बैंक दर र नीतिगत दर घटाइएको विषयलाई चेम्बरले सकारात्मक भनेको छ ।

'बैंक दरलाई ७ प्रतिशतबाट ६.५ प्रतिशत र नीतिगत दरलाई ५.५ प्रतिशतबाट ५ प्रतिशत कायम गरिएको छ । यसले ब्याजदर घटाउन सहजता प्रदान गर्नेछ,' चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

निर्माण व्यवसायमा आएको शिथिलतालाई दृष्टिगत गरी सो क्षेत्रको पुनःस्थापनाका लागि मौद्रिक नीतिमा गरिएका व्यवस्थाहरू सकारात्मक रहेको चेम्बरले जनाएको छ ।

चालु आर्थिक वर्षको बजेट र मौद्रिक नीतिको प्रभावकारी समन्वयमार्फत अर्थतन्त्रलाई चलायमान बनाउनुपर्ने चेम्बरले जनाएको छ । असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गरिनुपर्ने व्यवस्था सकारात्मक रहेको चेम्बरको ठहर छ ।

चेक अनादरलाई मात्र आधार मानी कालोसूचीमा राख्ने तथा बैंकिङ कारोबारमा बन्देज हुने गरी खाता रोक्का राख्नेलगायतका व्यवस्था परिमार्जन गर्ने गरी विद्यमान कर्जा सूचना तथा कालोसूचीसम्बन्धी निर्देशिकामा पुनरावलोकन गरिने व्यवस्था सकारात्मक रहेको चेम्बरद्वारा जारी विज्ञप्तिमा छ । संस्थागत सेयर कारोबारलाई प्रोत्साहन गर्न हाल कायम २० करोड रुपैयाँको कर्जा सीमा हटाउने पक्ष सकारात्मक भए पनि ५० लाख रुपैयाँभन्दा माथिको कर्जा प्रवाहको जोखिम भार शतप्रतिशत कायम गरिनुपर्ने माग सम्बोधन हुन नसकेको चेम्बरले बताएको छ ।

यस्तै घरजग्गा कारोबारलाई थप गति दिन ५० लाखभन्दा माथिको कर्जाको जोखिम भार शतप्रतिशत कायम गरिनुपर्ने एवं मूल्यांकनको सीमा ८०-२० को अनुपात कायम गरिनुपर्ने माग पूरा हुन नसकेको चेम्बरले उल्लेख गरेको छ ।


# जग्गा भाडामा

जडिबुटी चोकदेखि २०० मिटर दक्षिण, कोत देवी मार्गमा ४० आनाको दोहोरो बाटो भएको व्यावसायिक जग्गा र संरचना दश बर्षको लागि भाडामा ।

सम्पर्क: 9849111175

KATHMANDU UNIVERSITY | SCHOOL OF ENGINEERING

[A UGC Nepal accredited Institution]

TRANSFORMATIVE EDUCATION
AT KATHMANDU UNIVERSITY

ADMISSION OPEN
FOR BACHELOR PROGRAMS

APPLY NOW!
Last Date of Registration: 08 August, 2024

- KUSOE offers a wide variety of Scholarships.
- Employment opportunity for Meritorious Graduates
- 20% of the total approved seats [10% for foreign students and the rest to maintain inclusion policy] are reserved in each program.

BACHELOR PROGRAMS

Entrance Type: Computer Based Test (CBT)

- BE (Electrical and Electronics Engineering)
  - Communication
  - Power & Control
- BE (Mechanical Engineering)
  - Automobile
  - Energy Technology
  - Design and Manufacturing
  - Hydropower
- BE (Civil Engineering with specialization in Hydropower)
- B.Arch (Architecture)
- BE (Geomatics Engineering)
- BE (Computer Engineering)
- BTech in AI (Artificial intelligence)
- BE (Mining Engineering)

Entrance Type: Paper Based Test (PBT)

- BE (Chemical Engineering)
- BE (Environmental Engineering) (Running Under School of Science, Kathmandu University)

**Eligibility:** Candidates who have completed 10+2 (subjects: Physics, Chemistry/Computer Science, Math) or equivalent level with 50% aggregate or CGPA 2.0 out of 4 are eligible to apply. Please find the additional eligibility related information on the website.

***Note:*** *Candidate having pass mark in CBT are eligible to apply for the vacant seats of Chemical Engineering and Environmental Engineering program*

NEW PROGRAM

Bachelor in Heritage Conservation

**Eligibility:**
Candidates who have completed 10+2 in basic Science or management or equivalent levels in any discipline with minimum of 50% or 2.0 CGPA out of 4 in aggregate are eligible to apply.
**Entrance Type: Paper Based Test (PBT)**

KU-Rabindra Puri Foundation for Conservation - Extended Program

KU-UG Academic Scholarships

| Name of Program | Enrollment Capacity | Seats with Scholarships | | | | Full Pay (NRS) | Total fee NRS (Scholarship) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | 75% | 50% | 25% | TOTAL | | 75% | 50% | 25% |
| BE Civil Engineering (with specialization in Hydropower Engineering) | 120 | 4 | 4 | 4 | 12 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BArch (Architecture) | 30 | 1 | 1 | 1 | 3 | 1,045,000 | 580,000 | 735,000 | 890,000 |
| BE (Electrical and Electronics Engineering) - Communication | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Electrical and Electronics Engineering) - Power and Control | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Computer Engineering) | 120 | 4 | 4 | 4 | 12 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| B.Tech. in Artificial Intelligence | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Mechanical Engineering) - Automobile | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Mechanical Engineering) - Energy Technology | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Mechanical Engineering) - Design and Manufacturing | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |
| BE (Mechanical Engineering) - Hydropower | 30 | 1 | 1 | 1 | 3 | 915,000 | 502,500 | 640,000 | 777,500 |

| Name of Program | Enrollment Capacity | Seats with Scholarships | | Full Pay (NRS) | Total fee NRS (Scholarship) |
|---|---|---|---|---|---|
| | | 40% | TOTAL | | 40% |
| BE in Mining Engineering | 30 | 30 | 30 | 915,000 | 695,000 |
| BE (Chemical Engineering) | 30 | 30 | 30 | 915,000 | 695,000 |

| Name of Program | Capacity | Scholarship Information |
|---|---|---|
| BE (Geomatics Engineering) | 60 | The Department of Geomatics Engineering in Collaboration with Land Management Training Centre (LMTC) Ministry of Land Management, Cooperatives and Poverty Alleviation offers 24 Scholarship |

Students who have passed all courses of Grade XI and have appeared for the final exam of Grade XII or equivalent degree and are waiting for final results can also apply on a Provisional basis.

**Admission links:** Online Application is available at: https://apply.ku.edu.np/cbt/
"Procedure of application and admission 2024" documents available at: https://soe.ku.edu.np/admission

For more information about KUSOE's programs and admission details:
KATHMANDU UNIVERSITY
SCHOOL OF ENGINEERING (KUSOE)
PO Box 6250, Kathmandu, Nepal 011-415100, 9801370637 [Between 9:30 AM - 3:00 PM]
soe_admission@ku.edu.np https://soe.ku.edu.np

For Detail Information

Quality Education for Leadership www.ku.edu.np

मौद्रिक नीति ०८१/८२

# संस्थागत लगानीकर्तालाई सेयर कर्जाको सीमा हट्यो

### ऊर्जा बन्ड ऋणपत्रमा गरिएको लगानीलाई यसै क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने

**सीमा तामाङ** (काठमाडौं)

नेपाल राष्ट्र बैंकले सेयर धितो राखेर दिने कर्जामा संस्थागततर्फको २० करोड रुपैयाँको सीमा खारेज गरेको छ। शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गर्दै गभर्नर महाप्रसाद अधिकारीले सेयर कर्जामा व्यक्तिगततर्फको कर्जालाई यथावत् राख्दै संस्थागततर्फको कर्जा सीमा खारेज गरेको बताएका हुन्।

मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको भन्दै सेयर धितोमा संस्थागत लगानीकर्तालाई दिइने कर्जाको सीमा हटाइएको राष्ट्र बैंकले जनाएको छ। संस्थागततर्फको सीमा हटाइए पनि राष्ट्र बैंकले व्यक्तिगत सेयर लगानीकर्तालाई सेयर कर्जाको सीमा यथावत् राखिएको छ। व्यक्तिगततर्फ सेयर कर्जाको सीमा अधिकतम १५ करोड रुपैयाँ छ। 'मार्जिन ट्रेडिङ सहज र व्यवस्थित हुन नसकिरहेको परिस्थितिमा पुँजी बजारमा लगानी गर्ने मुख्य उद्देश्यले स्थापना भएका संस्थागत लगानीकर्ताका लागि बैंक तथा वित्तीय संस्थाहरूले मार्जिन प्रकृतिको सेयर धितोमा प्रवाह गर्ने कर्जाको विद्यमान अधिकतम २० करोडको सीमा खारेज गरिने,' मौद्रिक नीतिमा उल्लेख छ। धितोपत्र बजारमा बैंक तथा वित्तीय संस्थाबाट हुने प्रत्यक्ष ऋण लगानीलाई क्रमशः कम गर्दै मार्जिन ट्रेडिङको अवधारणालाई प्रोत्साहन गर्न नेपाल राष्ट्र बैंकले हालसम्म ३४ धितोपत्र दलाल कम्पनीहरूलाई सहमति दिएको छ।

सेयर बजारमा लगाइएको संस्थागततर्फको सीमा हटाएकाले अर्थतन्त्र चलायमान हुन सहयोग पुग्ने नेपाल पुँजी बजार लगानीकर्ता संघकी अध्यक्ष राधा पोखरेलले बताइन्। संस्थागत र व्यक्तिगत दुवैतर्फको सीमा हटाउन सुझाव दिइए पनि संस्थागततर्फको मात्रै हटेको उनले जनाइन्। 'सेयर बजारलाई एउटा बाउन्ड्रीभित्र राखिएको छ। व्यक्तिगत र संस्थागत सीमा पनि खोल्नुपर्छ भनेका थियौं,' उनले भनिन्, 'जोखिमभार १२५ प्रतिशत थियो। त्यसलाई सय प्रतिशत पुऱ्याउनुपर्ने माग थियो तर सम्बोधन भएन।'



यस्तै, रेगुलेटरी रिटेल पोर्टफोलियो (आरआरपी) को सीमा २ करोडबाट बढाएर साढे २ करोड बनाइएको छ। समग्रमा रेगुलेटरी पोर्टफोलियोमा गणना गर्न पाउने सीमा बढाइए पनि घरजग्गालाई सम्बोधन नगरिएको नेपाल घरजग्गा आवास विकास महासंघका अध्यक्ष भेषराज लोहनीले बताए। रियल इस्टेटमा ५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात ६० प्रतिशत छ। अहिलेको समयमा यसलाई बढाएर न्यूनतम ८० प्रतिशत नै पुऱ्याउनुपर्ने महासंघको माग थियो। रियल इस्टेट कर्जाको जोखिम भार १५० प्रतिशतबाट १२५ प्रतिशतमा ल्याए पनि यसलाई सय प्रतिशतमा पुऱ्याउनुपर्ने महासंघले जनाएको छ। सामान्य घरजग्गा व्यवसायी र प्रोजेक्टमा आधारित व्यवसायीले लिने कर्जाको मासिक किस्ता आम्दानी क्रमशः ५० र ६० प्रतिशत रहेको र यसलाई पनि ८० प्रतिशत पुऱ्याउनुपर्ने महासंघले माग गर्दै आएको थियो। उल्लिखित कर्जा आम्दानी अनुपात, मासिक किस्ता आम्दानी अनुपात, जोखिम भारलगायतबारे सुझाव दिइए पनि त्यसबारे मौद्रिक नीतिमा उल्लेख नगरिएको उनको भनाइ छ। 'घरजग्गा लक्षित गरी चालु आर्थिक वर्षमा समेटिएन, हाम्रा मागहरू पूरा भएन,' उनले भने, 'घरजग्गासहित अन्यलाई पनि समग्रतामा २ करोड रुपैयाँबाट साढे दुई करोड पुऱ्यायो। मूल विषय सम्बोधन भएन।'

राष्ट्र बैंकले ऊर्जा बन्डलगायतका ऋणपत्रमा गरिएको लगानीलाई यसै क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने जनाएको छ। 'ऊर्जा क्षेत्रमा लगानी अभिवृद्धि गर्न ऊर्जा क्षेत्रसँग सम्बन्धित विशिष्टीकृत संस्थाहरूबाट जारी गरिएका ऊर्जा बन्डलगायतका ऊर्जासम्बन्धी ऋणपत्रमा गरिएको लगानीलाई ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने गरी तोकिएको सीमामा गणना गर्न सकिने व्यवस्था मिलाइने,' मौद्रिक नीतिमा उल्लेख छ। राष्ट्र बैंकका अनुसार ०८१ जेठ मसान्तमा वाणिज्य बैंकहरूबाट ऊर्जा क्षेत्रमा कुल लगानीको ७.९ प्रतिशत ऋण प्रवाह गरेको छ। ऊर्जा क्षेत्रमा ३ खर्ब ५० अर्ब ७४ करोड रुपैयाँ ऋण प्रवाह भएको राष्ट्र बैंकले जनाएको छ। विकास बैंकहरूबाट कृषि, लघु, घरेलु तथा साना उद्यम/व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा कुल कर्जाको २६.० प्रतिशत अर्थात् १ खर्ब २५ अर्ब ८३ करोड रुपैयाँ ऋण प्रवाह भएको जनाएको छ।

## लघुवित्त ऋणीको कर्जा पुनर्तालिकीकरण गरिने

काठमाडौं (कास)- परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ। शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गर्दै राष्ट्र बैंकले निश्चित प्रदेश वा क्षेत्रमा आफ्नो कार्यक्षेत्र सीमित राखी कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रोत्साहन गर्न थप व्यवस्था मिलाइने बताएको हो। मौद्रिक नीतिमा लघुवित्तलाई ६ वटा विषयमा समेटिएको छ। ग्राहक र संस्था दुवैलाई सहजीकरण गर्ने गरी मौद्रिक नीतिमा लघुवित्तलाई समेटिएको लघुवित्त बैंकर्स संघले जनाएको छ। लघुवित्त वित्तीय संस्थाको सेवासम्बन्धमा रहेका गुनासाको सम्बोधन गर्दै ग्राहक हित संरक्षण गर्न अन्तर्राष्ट्रिय असल अभ्याससमेतका आधारमा ग्राहक हित संरक्षणलाई प्राथमिकतामा राखी आवश्यक नियामकीय व्यवस्था गरिने जनाएको छ। ग्राहकको गुनासोलाई व्यवस्थापन गर्ने गरी ग्राहक संरक्षण सिद्धान्तलाई राष्ट्र बैंकबाट नीति बनाई कार्यान्वयन गर्ने भनिएकाले उत्कृष्ट रहेको लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले बताए।

'लघुवित्त वित्तीय संस्थाहरू तथा तीनका शाखाहरूबीचको मर्जर तथा प्राप्तिलाई प्रोत्साहित गरिने,' मौद्रिक नीतिमा भनिएको छ। राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरूले कर्जामा लिने ब्याजदर तथा सेवा शुल्कसम्बन्धी नियामकीय व्यवस्थामा समसामयिक पुनरावलोकन गरिने जनाएको छ। 'लघुवित्त वित्तीय संस्था संख्यात्मक रूपमा छ,' मर्जरले प्रोत्साहन गर्न खोजिएको छ। संस्थाको मात्र नभएर शाखाको पनि मर्जर गर्न सकिने भनेको छ,' संघका अध्यक्ष यादवले भने। समग्रमा हेर्दा लघुवित्त क्षेत्रका ग्राहक र संस्थालाई सहजीकरण गर्दै अघि बढ्ने नीति आएकाले स्वागतयोग्य रहेका उनले बताए। राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूमा एनएफआरएस लागू गर्न आवश्यक व्यवस्था मौद्रिक नीतिमा उल्लेख छ।

नेपाल राष्ट्र बैंकले सहकारी संस्थाहरूको नियमनका लागि छुट्टै संयन्त्र बनाउन सरकारसँग समन्वय गर्ने भएको छ। शुक्रबार चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गर्दै राष्ट्र बैंकले छुट्टै संयन्त्र बनाउन सरकारसँग समन्वय गर्ने भएको हो। 'बचत तथा ऋण सहकारी संस्थाको नियमन तथा सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको निर्माणका लागि आवश्यक कानुन बनाउन नेपाल सरकारसँग समन्वय गरिने,' मौद्रिक नीतिमा उल्लेख छ।

## निर्माण व्यवसायीलाई विशेष सम्बोधन

**नुमा थाम्सुहाङ** (काठमाडौं)

आर्थिक वर्ष ०८१/८२ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले निर्माण क्षेत्र र निर्माण व्यवसायीहरूलाई राहत हुने विभिन्न नीति ल्याएको छ। नयाँ मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवा-ब्याज तिर्ने अवधि आगामी मंसिर मसान्तसम्म थप गर्ने, कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने, बैंकिङ सुविधा तथा कर्जाहरूमध्ये वासलात बाहिरको सुविधा उपयोग गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाको सीमा सम्बन्धमा छुट्टै व्यवस्था गर्ने, निर्माण व्यवसायीहरूको जमानत दाबी भई सिर्जना भएको कर्जामा चालु आवका लागि ऋण सिर्जना भएको मितिबाट अन्य कर्जासरह कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्नेलगायत नीति ल्याएको छ। 'निर्माणसँग जोडिएको क्षेत्र र सहकारी क्षेत्र समस्यामा परेपछि त्यसको बहुआयामिक असर देखिएको छ। निर्माण व्यवसायीले रकम नपाएको, रकम नपाउँदा चेक बाउन्स भएको, चेक बाउन्स हुँदा कालोसूचीमा परेको, कालोसूचीमा परेपछि बैंक खाता बन्द भएको र बैंक खाता बन्द भएपछि उनीहरूले केही काम गर्न नसकेको अवस्था थियो,' गभर्नर महाप्रसाद अधिकारीले भने। सरकारले निर्माण व्यवसायीलाई भुक्तान गर्नुपर्ने रकम दिन नसक्दा व्यवसायी कालोसूचीमा परेको अवस्था छ। यस्तै, कर्जा नवीकरण नहुने, कर्जाहरू निष्क्रिय कर्जामा परिणत हुने समस्या बढ्दो छ। उक्त अवस्थालाई सम्बोधन गर्न मौद्रिक नीतिमा त्यस क्षेत्रसम्बन्धी केही नीति ल्याइएको स्रोतले बताएको छ।

चालु आर्थिक वर्षको मौद्रिक नीति देशको अर्थतन्त्रलाई सहज बनाउने किसिमले प्रस्तुत भएकोमा निजी क्षेत्रले यसमा सकारात्मक धारणा राखेका छन्।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण व्यवसायमा भएको संवेदनशील समस्यालाई ध्यानमा राखेर मौद्रिक नीति आएको बताए। 'मौद्रिक नीति निर्माण व्यवसायमा भएको संवेदनशील समस्यालाई ध्यानमा राखेर आयो,' उनले भने, 'तीन वर्षअघि राख्नुपर्ने कुरा अहिले आएर सम्बोधन भएकोमा स्वागत गरेका छौं।' निर्माण व्यवसायीको विषयमा राष्ट्र बैंक, सरकार, गृह मन्त्रालय र प्रहरी प्रशासन संवेदनशील हुनुपर्ने उनको भनाइ छ। चेक बाउन्सको कुरालाई लिएर केही साँठगाँठ वा लेनदेनको विषयमा व्यवसायीलाई अनधिकृत धरपकड नगर्न र यसलाई निरुत्साहित गर्नुपर्ने सिंहले बताए।

मौद्रिक नीतिमा निर्माण व्यवसायीहरूलाई प्रवाह भएको कर्जाको साँवा-ब्याज तिर्ने अवधि २०८१ मंसिरसम्म थप गरेको छ। नीतिले निर्माण व्यवसायीलाई कर्जा सूचनासम्बन्धी अर्को व्यवस्था नभएसम्म चेक अनादर भएको आधारमा कालोसूचीमा समावेश नगर्ने व्यवस्था गरेको छ।

तर उक्त व्यवस्थाले निर्माण व्यवसायीको समस्यालाई छुन मात्र खोजेको निर्माण व्यवसायीसमेत रहेका सिंह बताउँछन्। उनी भन्छन्, 'मंसिर मसान्तसम्म कर्जाको साँवा र ब्याज तिर्ने म्याद थप भयो। यसलाई हामीले २ देखि ५ वर्षभित्रमा तिर्न मिल्ने गरी कर्जाको साँवा र ब्याजको पुनर्तालिकीकरण गरिदिनुपर्छ भनेका थियौं।'

> **निर्माण व्यवसायीलाई साँवा-ब्याज तिर्ने समयावधि बढाउनेदेखि कालोसूचीमा नपर्नेसम्म सुविधा**

बैंकसँग पर्याप्त तरलता भएको र निर्माण क्षेत्रमा देखिएको पुँजी अभाव अब मौद्रिक नीतिको कार्यविधिले समेटिनुपर्ने उनको भनाइ छ। निर्माण व्यवसायीले कर्जा तिर्न नसकेकाले इतिहास नै बिग्रिसकेकामा सिंहले चिन्तासमेत व्यक्त गरे।

'कर्जाको किस्ता तिर्न सकेको छैन। यसलाई पुँजीकरण गरेर थप २५ प्रतिशतसम्म लगानी गर्ने वातावरण अबको कार्यविधिमार्फत बनाइदिनुपऱ्यो,' उनले भने, 'साथै सरकारसँग ६ सय अर्ब रुपैयाँ बराबरको सम्झौता गरेर आयोजनाको काम सुरु गरेका छौं। सरकार र राष्ट्र बैंक मिलेर अब विकास बन्ड जारी गरेर, आन्तरिक वा बाह्य ऋण उठाएर भए पनि भुक्तानी गर्ने क्षमता राख्नुपऱ्यो।' सरकारले स्रोत सुनिश्चित भएको आयोजनालाई प्राथमिकतालाई राखी निर्माण कार्य अगाडि बढाउनुपर्ने सुझावसमेत सिंहले राखे। उनले थपे, 'ऊर्जा र कृषिमा जस्तै निर्माण व्यवसायलाई उत्पादनमुखी उद्योगमा राखेर अनिवार्य रूपमा बैंकले यति रकम लगानी गर्नुपर्छ भनेर नीतिगत व्यवस्था गर्नुपऱ्यो।'

# बैंकिङ क्षेत्रमा एआईको उपयोगलाई प्रोत्साहन गर्ने नीति

### यसबाट सिर्जना हुन सक्ने जोखिम न्यूनीकरण गर्दै कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिने मौद्रिक नीतिमा उल्लेख

**सजना बराल** (काठमाडौं)

अन्तर्राष्ट्रिय प्रविधि बजार र विभिन्न देशका केन्द्रीय बैंकहरूले अवलम्बन गरेका कतिपय विषय समावेश गर्दै नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति घोषणा गरेको छ। बैंक तथा वित्तीय संस्थाहरूमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग बढाउँदै लग्ने, विद्युतीय मुद्राको प्रारूप तयार पार्ने, केन्द्रीय ग्राहक पहिचान प्रणाली (केवाईसी) निर्माण गर्ने, राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउनेजस्ता योजना अघि सारिएका छन्।

गभर्नर महाप्रसाद अधिकारीले शुक्रबार मौद्रिक नीति सार्वजनिक गर्दै राष्ट्र बैंकले इजाजतपत्र जारी गरेका बैंक तथा वित्तीय संस्थामा कृत्रिम बौद्धिकता (एआई) लाई अधिकतम सदुपयोग गर्न प्रोत्साहन गरिने धारणा राखेका थिए। बैंकिङ संस्थाहरूमा एआईजस्ता डिजिटल प्रविधिको प्रयोग बढ्दै गइरहेकाले यसका चुनौती र अवसर पहिल्याउँदै प्रयोग बढाउन प्रोत्साहन गर्ने राष्ट्र बैंकको तयारी छ। एआईसम्बन्धी नियमन विभिन्न देशका केन्द्रीय बैंकहरूका लागि अहिले नयाँ विषयका रूपमा रहेको छ। युरोपेली केन्द्रीय बैंक (ईसीबी), बैंक अफ इंग्ल्यान्ड, मनिटरी अथोरिटी अफ सिंगापुरजस्ता कतिपय केन्द्रीय बैंकहरू एआईका विषयमा अध्ययन, परीक्षण, प्रयोग र नियमनमा अगाडि छन्।

नेपालमा पनि बैंक तथा वित्तीय संस्थाहरूमा डिजिटल प्रविधिको प्रयोग बढिरहेको र नवीनतम प्रविधिका रूपमा उदाइरहेको एआईलाई चालु मौद्रिक नीतिले सम्बोधन गर्न खोजेको देखिन्छ। 'राष्ट्र बैंकबाट इजाजतपत्र/अनुमतिपत्र प्राप्त संस्थामा बढ्दै गइरहेको डिजिटल प्रविधिको प्रयोगलाई मध्यनजर गर्दै वित्तीय क्षेत्रमा प्रयोग हुने कृत्रिम बौद्धिकता सम्बन्धमा आवश्यक अध्ययन गरिनेछ,' मौद्रिक नीतिमा भनिएको छ, 'यसबाट सिर्जना हुन सक्ने जोखिम पहिचान गरी सोलाई न्यूनीकरण गर्दै कृत्रिम बौद्धिकतालाई अधिकतम सदुपयोग गर्न यससम्बन्धी मार्गदर्शन तर्जुमा गरिनेछ।'

हालै मात्र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पनि नेपालमा पहिलो पटक एआईसम्बन्धी अवधारणापत्र तर्जुमा गरी सार्वजनिक गरेको थियो। एआईको विकास, प्रयोग र नियमनका लागि सरकार र सरोकारवाला सबैले चाल्नुपर्ने कदमका विषय समावेश गरी मन्त्रालयले एआईसम्बन्धी रणनीतिक अवधारणापत्र तयार पारेको हो। 'वित्तीय क्षेत्रमा एआईलाई प्रोत्साहन गर्ने त भनियो तर योसँगै आउने चुनौती, डेटा प्रोटेक्सनका विषयमा मार्गनिर्देशनमा स्पष्टता आउनुपर्छ,' वित्तीय-प्रविधि विज्ञ सञ्जीव सुब्बा भन्छन्, 'ताइवानको वित्तीय सुपरिवेक्षण आयोगले पनि हालै मात्र वित्तीय क्षेत्रमा एआईको प्रयोगसम्बन्धी मार्गदर्शन तयार पारेको छ। त्यसमा ग्राहकको गोपनीयता, साइबर सुरक्षा, डेटा सुरक्षाका विषय समावेश छन्।'





त्यस्तै, राष्ट्र बैंकले विद्युतीय मुद्राको प्रारूप तयार गर्ने घोषणा गरेको छ। अहिले चल्तीमा रहेका कागजी मुद्रा वा सिक्काको विकल्पका रूपमा विभिन्न देशका केन्द्रीय बैंकले विद्युतीय मुद्राको प्रयोग र परीक्षण गरिरहेका छन्। नेपाल राष्ट्र बैंकले पनि यसमा पहल अघि बढाउने भएको हो। सेन्ट्रल बैंक डिजिटल करेन्सी (सीबीडीसी) भनिने यस्ता मुद्रासम्बन्धी राष्ट्र बैंकले हालै मात्र एक अध्ययन प्रतिवेदनसमेत सार्वजनिक गरेको थियो। सोही प्रतिवेदनका आधारमा 'होलसेल सीबीडीसी' प्रयोगमा ल्याउन यसको प्रारूप तयार पार्न खोजेको छ।

बैंक तथा वित्तीय संस्थाबीचको कारोबारमा प्रयोग हुने होलसेल सीबीडीसीको प्रारूप (डिजाइन क्यारेक्टरिस्टिक्स) तयार गरिने मौद्रिक नीतिमा भनिएको छ। 'केन्द्रीय बैंक विद्युतीय मुद्रासम्बन्धी अध्ययनका आधारमा होलसेल सीबीडीसीको प्रारूप तयार गर्ने कार्य अगाडि बढानेछ,' मौद्रिक नीतिमा भनिएको छ। राष्ट्र बैंकले पछिल्लो तीन वर्षयता आफ्ना मौद्रिक नीतिमा सीबीडीसीसम्बन्धी विषय समावेश गर्दै आएको छ। २०७८ सालमा सार्वजनिक गरिएको राष्ट्र बैंकको चौथो रणनीतिक योजनामा पनि होलसेल, रिटेल र क्रसबोर्डर सीबीडीसीबारे उल्लेख थियो। राष्ट्र बैंकले होलसेल सीबीडीसीको पाइलट परीक्षण २०२६ अगस्टमा गर्ने लक्ष्य लिएको छ। सर्वसाधारणले प्रयोग गर्ने रिटेल सीबीडीसी २०२७ जुनदेखि र क्रस बोर्डर सीबीडीसीका लागि २०२६ डिसेम्बरमा निर्णय गरिने जनाउँदै आएको छ। २०२३ जुलाईदेखि राष्ट्र बैंकले भुक्तानी प्रणाली विभागअन्तर्गत सीबीडीसी महाशाखा स्थापना गरी सञ्चालनसमेत गर्दै आएको छ।

पछिल्ला वर्षमा भुक्तानी प्रणालीको आधुनिकीकरणमा उल्लेख्य प्रगति भएको दाबी गर्दै राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत भुक्तानी, समाशोधन र फर्स्योटसम्बन्धी कार्य गर्ने संस्थाहरू पब्लिक लिमिटेड कम्पनी हुनुपर्ने व्यवस्था लागू गर्न खोजेको छ। राष्ट्र बैंकले यसअघि 'भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति नीति २०७९' मार्फत नै भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई क्रमशः पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गर्दै लाने उद्देश्य राखेको वित्तीय-प्रविधि विज्ञ सुब्बा बताउँछन्। उनका अनुसार फोन पेलगायत कतिपय कम्पनी आईपीओ जारी गर्ने तयारीमा छन्।

मौद्रिक नीतिमा राष्ट्रिय भुक्तानी स्वीच पूर्ण रूपमा सञ्चालनमा ल्याउन आवश्यक पूर्वाधार र संस्थागत संरचना तयार पारिने बताइएको छ।


## हार्दिक श्रद्धाञ्जली



जन्म: १९९७

स्वर्गारोहण: २०८१/०३/३१

**स्व. दल बिक्रम राई**

यस नेशनल लाईफ इन्स्योरेन्स कं.लि.का गाईघाट शाखा प्रमुख प्रेम कुमार राईको बुबा **दल बिक्रम राई**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसंग प्रार्थना गर्दछौं।

नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
फोन: ४५१४७९९, फ्याक्स: ९७७-०१-४५३५६३३, वेभ: www.nationallife.com.np


## अर्थ संक्षेप

### बीवाईडीको कुपण्डोलमा सर्भिस सेन्टर



काठमाडौं (कास)- नेपालका लागि बीवाईडीको आधिकारिक वितरक साइमेक्स इंकले ललितपुरको कुपडोलमा नयाँ सर्भिस सेन्टरको सुरुवात गरेको छ। कुपन्डोलमा बीवाईडीको इको ड्राइभ अटोमोबाइल्सले नयाँ सर्भिस सेन्टरको सुरुवात गरेको हो। साथै कम्पनीले गौरीघाटमा रहेको सर्भिस सेन्टरलाई थप परिष्कृत गर्दै सञ्चालनमा ल्याएको जनाएको छ। गौरीघाटमा रहेको सर्भिस सेन्टरमा ५० कर्मचारी कार्यरत छन्। यी सर्भिस सेन्टरमा आवश्यकताअनुसार आपत्कालीन समयमा प्रयोग गर्न सकिने रोड साइट असिस्टेन्स (आरएसए) भेइकल र हटलाइनको व्यवस्था गरिएको कम्पनीले जनाएको छ। कम्पनीको विराटनगर, बिर्तामोड, जनकपुर, वीरगन्ज, चितवन, बुटवल, नेपालगन्ज र दाङमा सर्भिस सेन्टरमा सञ्चालनमा छन्।

### लगानी बढाउन स्पेनी लगानीकर्तालाई महासंघको अनुरोध

काठमाडौं (कास)- नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रशस्त अवसर भएकाले स्पेनी लगानीकर्तालाई नेपालमा लगानी बढाउन आग्रह गरेका छन्। बार्सिलोना चेम्बर अफ कमर्सका अध्यक्ष जोसेप सान्ताक्रेउ बोन्जोचसँग महासंघको सचिवालयमा शुक्रबार भएको भेटमा ढकालले उक्त आग्रह गरेका हुन्।

भेटमा ढकालले नेपाल र स्पेनबीचको व्यापारको तथ्यांकलाई उल्लेख गर्दै दुई चेम्बरले व्यापार र लगानीका लागि कसरी सहकार्य गर्न सकिन्छ भन्ने उपाय खोज्न आग्रह गरे। 'भारत र चीनबीच नेपालको रणनीतिक स्थानले विश्वका दुई ठूला बजारमा व्यापार र लगानीका लागि अनुपम अवसरहरू उपलब्ध छ,' ढकालले भने, 'नेपालमा विदेशी लगानी भित्र्याउन खुला तथा उदार व्यापार नीति अपनाएका छौं।' दुई चेम्बरबीच राम्रो सम्बन्ध कायम भएमा नेपालले स्पेनमा निर्यात बढाउन सहयोग पुग्ने ढकालले बताए। अध्यक्ष बोन्जोचले दुई चेम्बरबीच राम्रो सहकार्य हुन सक्ने प्रतिक्रिया दिए। उनले महासंघसँग राम्रो साझेदारीका लागि पहल गर्ने प्रतिबद्धता जनाए।

### ग्लोबल आईएमई र शशिला मोटर्सबीच कर्जा सम्झौता

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंक र शशिला मोटर्सबीच सहज रूपमा विद्युतीय सवारी कर्जा प्रवाह गर्ने सम्झौता भएको छ। उक्त सम्झौता पत्रमा बैंकका साना तथा मझौला, खुद्रा तथा कृषि कर्जा विभाग प्रमुख नरहरि सिलवाल र शशिला मोटर्सका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले हस्ताक्षर गरे। सम्झौताअनुसार बैंकले शशिला मोटर्स तथा उक्त कम्पनीका आधिकारिक विक्रेताले बिक्री गर्ने विद्युतीय सवारीसाधन खरिद गर्न चाहनेलाई कर्जा प्रवाह गर्ने जनाएको छ। यसका लागि ग्राहकले आवश्यक कागजात तथा विवरणसहित बैंकको शाखा कार्यालयमा निवेदन दिएपछि नियमअनुसार ३ कार्य दिनभित्र कर्जा उपलब्ध गराउने सम्झौतामा उल्लेख छ। ग्रिन फाइनान्सिङ प्रवर्द्धन गर्न बैंकले विद्युतीय सवारीसाधनलाई सर्वसुलभ ब्याजदरमा कर्जा प्रवाह गर्दै जानकारी दिएको छ।

### नेपाल एसबीआई बैंकको विद्यालयका छात्रालाई सहयोग



काठमाडौं (कास)- नेपाल एसबीआई बैंकले धनगढीको एक सामुदायिक विद्यालयका छात्राहरूलाई पोसाक उपलब्ध गराउने उद्देश्यले आर्थिक सहयोग गरेको छ। बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत शुक्रबार धनगढी उपमहानगरपालिकाको मेयर शैक्षिक विकास कोषमा आर्थिक सहयोग गरेको हो। एक समारोहमा बैंकका धनगढी शाखा प्रबन्धक विजय महर्जनले धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाललाई रकम हस्तान्तरण गरे। बैंकले दिगो विकास हासिल गर्ने तथा सबैका लागि समावेशी र गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको जनाएको छ।

### ब्रिटिस कलेजकी खत्री विश्वकै सर्वोत्कृष्ट

काठमाडौं (कास)- ब्रिटिस कलेजको एसीसीए शैक्षिक कार्यक्रममा अध्ययनरत विद्यार्थी स्यान्ड्रा खत्रीले 'ट्याक्सेसन' विषयमा विश्वभरका विद्यार्थीमाझ सर्वोत्कृष्ट भएकी छन्। ब्रिटिस एजुकेसन ग्रुपअन्तर्गतको उक्त कलेजमा अध्ययनरत विद्यार्थी खत्रीले 'ट्याक्सेसन' विषयको परीक्षामा ९४ प्रतिशत अंक प्राप्त गर्दै अन्तर्राष्ट्रिय रूपमा शीर्ष स्थानमा पर्न सफल भएकी हुन्। एसीसीए कार्यक्रम अन्तर्राष्ट्रिय लेखा निकायको विषय हो। विश्वका १ सय ७९ देशमा फैलिएको एसीसीएमा ५ लाख ३५ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

### नबिल बैंक र एनसेलबीच डिजिटल कारोबार सम्झौता

काठमाडौं (कास)- नबिल बैंक र एनसेलबीच डिजिटल कारोबार सेवा प्रदान गर्ने सम्झौता भएको छ। यो सम्झौतासँगै अब एनसेलका ग्राहकले सिम तथा डेटा खरिद गर्दा भिसा र मास्टर कार्ड प्रयोग गरी बैंकको पेमेन्ट गेटवेमार्फत रियल टाइम पेमेन्टको सुविधा पाउनेछन्। सम्झौताअनुसार बैंकको एप प्रयोगकर्ताले पनि 'एन बैंक' एपमार्फत एनसेलका सेवा खरिद गर्न सक्नेछन्। बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना र एनसेलका प्रमुख कार्यकारी अधिकृत जाबर केयोमोवले सम्झौता पत्रमा हस्ताक्षर गरे।



तस्बिर : सफलप्रकाश श्रेष्ठ/कान्तिपुर

**काठमाडौंको टेकुमा शुक्रबार बालिकालाई पोलियो थोपा खुवाइँदै । वाग्मती संगमनजिक संकलित नमुना परीक्षणमा 'भ्याक्सिन डिराइभ्ड पोलियो भाइरस टाइप ३' पुष्टि भएपछि उपत्यकाका तीन जिल्लामा १५ वर्षमुनिका बालबालिकालाई बुधबारदेखि चार दिनसम्म पोलियो थोपा खुवाइँदै छ । नेपालमा अन्तिम पटक सन् २०१० मा पोलियोका बिरामी फेला परेका थिए । विश्व स्वास्थ्य संगठनको दक्षिण एसिया क्षेत्रले सन् २०१४ मै नेपाललाई पोलियोमुक्त देश घोषणा गरेको थियो ।**

# बाढीको त्रासले बगरमा बास

## सडक अवरुद्ध हुँदा आउजाउ गर्नै गाह्रो, तीन सातादेखि विद्युत् अवरुद्ध

**भवानी भट्ट** (कञ्चनपुर)

दुवैतिर खहरे खोलाको बीचमा काठले बनेका घर छ । चुरे फेदीको बस्ती भएकाले सामान्य झरीमा पनि खहरे खोला उर्लेर आउँछन् । भीमदत्त नगरपालिका-९ खल्लाका मदन कार्कीलाई खहरे खोलामा बाढी आएका बेला ज्यान जोगाउनै मुस्किल हुन्छ । असार तेस्रो साता अविरल वर्षासँगै आएको बाढी आँगनसम्मै पुग्यो । घरनजिकै रहेको बाटो बाढीले पूरै बगायो । 'राति बाढी आए त भाग्न पनि सकिन्न,' कार्कीले भने ।

असार तेस्रो साताको बाढीले खल्लामा धेरै क्षति पुर्‍याएको छ । रोपाइँ गरेको धान खेत पनि बगाएको छ । 'अब त खोला घरछेउ नै पुगिसकेको छ, कति बेला घर पनि लैजान्छ,' स्थानीय मीना लावडले भनिन्, 'बाढी आउँदा घरमा बस्न पनि डर लाग्छ ।' उनका अनुसार दुई साताअघिको बाढीले खल्ला क्षेत्रमा धेरै क्षति गरेको छ ।

ब्रह्मदेवदेखि ५ किलोमिटर उत्तर चुरे फेदीमा रहेको खल्ला बस्तीको पूर्वतिर चुरे र पश्चिममा महाकाली नदी पर्छ । बीचमा बग्ने आधा दर्जनभन्दा बढी खहरे खोलाका कारण यो बस्ती जहिल्यै जोखिममा छ । बाढीका कारण खल्ला मुसेट्टीसम्मको सडक अवरुद्ध छ । जसका कारण दैनिक उपभोग्य सामग्री किनमेलदेखि बालबालिकालाई विद्यालय आउजाउमा समेत समस्या भएको छ । 'कोही बिरामी भए बोकेर लैजानुपर्ने बाध्यता छ,' मुसेट्टीका किसन भाटले भने, 'मर्मतका लागि नगरपालिकासँग पटक-पटक आग्रह गरिसक्यौं तर केही वास्ता गर्दैनन् ।'

यस्तै गुनासो सुनाउन भाटसहित मुसेट्टीका बासिन्दा बुधबार नगरपालिकाको कार्यालय पुगे । खल्ला र मुसेट्टीमा आधारभूत विद्यालय मात्रै छ । उक्त क्षेत्रका विद्यार्थीले माध्यमिक तह पढ्न ब्रह्मदेव पुग्नुपर्छ । सडक अवरुद्ध भएपछि बालबालिका एक/डेढ घण्टा हिँडेर विद्यालय आउजाउ गर्छन् । पानी परेर खहरे खोला बढेका बेला हिँडडुल गर्न नसकिने उनीहरू बताउँछन् । उक्त क्षेत्रमा खल्ला, टुँडिखेल र मुसेट्टी गरी तीन वटा बस्तीमा ५ सयभन्दा बढी परिवारको बसोबास छ । महाकाली करिडोरमा पर्ने यी बस्ती बर्खामा भने सडक सम्पर्कबाट विच्छेद हुने गरेका छन् । सुत्केरी र वृद्धवृद्धालाई अस्पताल लैजानसमेत समस्या हुने गरेको मुसेट्टीका वीरेन्द्र विष्टले बताए । उनका अनुसार मुसेट्टीमा असार तेस्रो साताको वर्षापछि विद्युत् सेवा पनि अवरुद्ध छ ।

ट्रान्समिटर खराब भएका कारण उक्त क्षेत्रका ३ सयभन्दा बढी परिवार अन्धकारमा छन् । 'पूरै गाउँ अन्धकार भएको छ,' विष्टले भने, 'एकातिर बाढीपहिरोको जोखिम, अर्कोतिर विद्युत् नहुँदा सर्प र किराको पनि डर छ ।' उक्त क्षेत्रमा एक सातासम्म फोन सेवा पनि अवरुद्ध थियो । अहिले फोन सेवा सञ्चालन भए पनि विद्युत् नहुँदा मोबाइल फोन चार्ज गर्न नसकेर अवरुद्धजस्तै भएको विष्टले बताए । सडक अवरुद्ध भएका कारण उक्त क्षेत्रमा नुन-तेलदेखि दैनिक उपभोग्य सामग्री पाउनसमेत गाह्रो हुन थालेको छ । स्थानीयले दुई घण्टा पैदल हिँडेर ब्रह्मदेव हुँदै टनकपुर पुगेर खाद्य सामग्री ल्याउने गरेका छन् । अहिले त हिँड्ने बाटोसमेत बगेको छ । उक्त क्षेत्रका बासिन्दाले कुटानी-पिसानीका लागि समेत ब्रह्मदेव पुग्नुपर्छ ।



तस्बिर : भवानी भट्ट/कान्तिपुर

**कञ्चनपुरको भीमदत्त नगरपालिका-९ चुरे फेदीमा रहेको खल्ला मुसेट्टी जोड्ने सडक अवरुद्ध भएपछि मोटरसाइकलमा जोखिमपूर्ण यात्रा गर्दै स्थानीय ।**

# कठोर गभर्नरको...

निर्माण क्षेत्रलाई दिइएको सुविधा, असल कर्जामा गर्नुपर्ने नोक्सानीको व्यवस्थाको सीमा कम, पुँजी कोषमा गणना हुने गरी नयाँ व्यवस्था, संस्थागत सेयर कर्जाको सीमा खारेज, कालोसूचीमा लचक नीति, वैदेशिक रोजगारीमा जाने बिनाधितो कर्जासम्बन्धी व्यवस्था र क्षेत्रगत रूपमा जाने कर्जामा प्रोत्साहन गर्ने नीतिले यो वर्ष कर्जा विस्तार उल्लेख्य हुने राष्ट्र बैंकको दाबी छ । राष्ट्र बैंकले नै दाबी गरेअनुसारको साढे १२ प्रतिशत कर्जा विस्तारको महत्त्वाकांक्षा पूरा गर्नै यो वर्ष बैंक तथा वित्तीय संस्थाले थप ६ खर्ब ५४ अर्ब ७५ करोड रुपैयाँ कर्जा विस्तार गर्नुपर्ने हुन्छ । गत वर्ष साढे ११ प्रतिशतले कर्जा विस्तार गर्ने लक्ष्य राखिएकामा ७ प्रतिशत हाराहारी मात्र अर्थात् गत वर्ष ३ खर्ब ४४ अर्ब ७२ करोड मात्र कर्जा प्रवाह भएको थियो ।

मौद्रिक नीतिमार्फत गरिएका नयाँ व्यवस्थाले कर्जा विस्तार बढ्ने भएकाले अर्थतन्त्र चलायमान हुने दाबी राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले गरेका छन् । 'बैंकहरूमा रहेको पुँजी कोषको दबाबको व्यवस्थापनका लागि विभिन्न तरिका र उपकरण सञ्चालन गरेका छौं । त्यसले बैंक तथा वित्तीय संस्थालाई परेको पुँजी कोष दबाबमा केही सहजता आउनेछ,' उनले भने, 'बैंक वित्तीय संस्थामा तरलता पर्याप्त भए पनि उनीहरूको पुँजी कोष व्यवस्थापन गर्न नसक्दा कर्जा विस्तार गर्न सकेका थिएनन् । त्यसलाई सहज बनाउनुको अर्थ बजारमा कर्जा बढोस् भन्ने हो । त्यसकारण साढे १२ प्रतिशतको कर्जा प्रवाहको लक्ष्य राखेका हौं ।'

कर्जा विस्तारका लागि ऋणको माग बढ्नुपर्छ । ऋण विस्तार हुन बजार माग र लगानी बढ्नुपर्छ । निजी क्षेत्र निरुत्साहित रहेको बेला उनीहरूको आत्मविश्वास नबढाएसम्म कर्जा विस्तार नबढ्ने भएकाले उल्लिखित लक्ष्य महत्त्वाकांक्षी भएको जानकारहरू बताउँछन् । 'निजी क्षेत्रतर्फ कर्जा विस्तारको लक्ष्य निकै महत्त्वाकांक्षी भयो,' चार्टर्ड एकाउन्टेन्ट अनलराज भट्टराईले भने, 'अहिलेको पुँजी पर्याप्तताका आधार र बढ्दो खराब कर्जा अनुपात हेर्दा १२.५ प्रतिशत थप कर्जा विस्तारका लागि करिब ६२ अर्ब थप पुँजी चाहिन्छ । त्यो पुँजी बढाउन अहिले बैंकहरूलाई निकै कठिन हुनेछ ।' संसद्मा विचाराधीन बाफियाको विधेयकमा प्रस्तावित व्यवस्थाले बैंकिङ क्षेत्रमा थप पुँजी विस्तार गर्न लगानीकर्ता इच्छुक नदेखिएको उनले बताए । 'पुँजी नबढाई कर्जा विस्तार सम्भव नहुने र पुरानो कर्जा व्यवस्थापनमै कठिन भइरहेको बेला थप पुँजी बढाउन बैंकहरूले नसक्ने भएकाले लक्ष्यअनुसार कर्जा विस्तार सम्भव देखिँदैन ।'

विगतमा समग्र मौद्रिक नीतिमा निर्माण व्यवसायीको नाम मुस्किलले मात्र सम्बोधन हुने गरेकोमा यसपटक भने उल्लेख्य स्थान पाएको देखिन्छ । निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जाको साँवा-ब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गरिएको छ भने अर्को व्यवस्था नभएसम्मका लागि चेक अनादर भएका आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने भनिएको छ । निर्माण व्यवसायका लागि लिइने कर्जामा क्रेडिट रेटिङको सीमासम्बन्धी छुट्टै व्यवस्था, कालोसूचीमा राहतलगायत छन् । यसले बैंकलाई पनि खराब कर्जा व्यवस्थापनमा सहज हुने अपेक्षा छ ।

सरकारबाट भुक्तानी नपाएर समस्यामा रहेको निर्माण क्षेत्रलाई सहज हुने गरी केही व्यवस्था मौद्रिक नीतिमा गरिएको कारणले समेत कर्जा विस्तारमा सहयोग पुग्ने गभर्नर अधिकारीको भनाइ छ । 'निर्माणसँग जोडिएको क्षेत्र र सहकारी क्षेत्र समस्यामा परेपछि त्यसको बहुआयामिक असर देखिएको छ । निर्माण व्यवसायीले रकम नपाएको, रकम नपाउँदा चेक बाउन्स भएको, चेक बाउन्स हुँदा कालोसूचीमा परेको, कालोसूचीमा परेपछि बैंक खाता बन्द भएको र बैंक खाता बन्द भएपछि उनीहरूले केही काम गर्न नसकेको अवस्था थियो,' उनले भने ।

मौद्रिक नीतिमार्फत संस्थागत लगानीकर्ताका लागि सेयर कर्जाको २० करोडको सीमा खारेज गरेको छ । व्यक्तिगत तर्फको सेयर धितो कर्जामा १५ करोडको सीमा भने कायमै छ । संस्थागत सेयर धितो कर्जाको सीमा हटाउनुका पछाडि पनि बैंक तथा वित्तीय संस्थाबाट कर्जा बढोस् भन्ने उद्देश्य रहेको उनको भनाइ छ । 'संस्थागततर्फ सेयर धितो कर्जामा २० करोडको सीमा हटाउने भनेको पुँजी बजारलाई असर गर्न खोजेको होइन । हामीले बैंकबाट जाने कर्जालाई मात्र हेर्न खोजेका हौं,' अधिकारीले भने ।

घरजग्गा, हायर-पर्चेजलगायत क्षेत्रका लागि नयाँ कार्यक्रम छैनन् । कृषि, साना, घरेलु तथा मझौला उद्यम व्यवसायमा प्रवाह भएको २ करोडसम्मको कर्जालाई रेगुलेटरी रिटेल पोर्टफोलियोमा गणना गर्न पाउने व्यवस्था कार्यान्वयन गरिएको छ । यो व्यवस्थाले बैंक तथा वित्तीय संस्थाको पुँजी कोषमा राहत हुने भएकाले उनीहरूको कर्जा प्रवाह क्षमता बढ्ने र लागतमा पनि कमी आउने हुन्छ । यसो हुँदा ती क्षेत्रमा कर्जा प्रवाह बढ्ने दाबी राष्ट्र बैंकको छ ।

गभर्नर अधिकारीले अर्थतन्त्र चलायमान बनाउने क्रममा मौद्रिक नीतिका व्यवस्थाले सहजीकरण गर्ने दाबी गरिरहँदा प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले पनि शुक्रबार नै समर्थन गरेका छन् । अर्थतन्त्रको समस्या समाधानमा सहयोग पुग्ने गरी मौद्रिक नीति आएको प्रधानमन्त्री ओलीले बताएका छन् । राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूको शपथपछि सम्बोधन गर्दै उनले मौद्रिक नीतिमा समर्थन मिल्नु सकारात्मक भएको बताएका हुन् । 'नयाँ पदाधिकारीहरूलाई मौद्रिक नीतिले समर्थन र स्वागत पाउनु निकै राम्रो कुरा हो,' उनले भने, 'हामीले अब गतिका साथ काम गरेर सबै नेपालीको क्षमता वृद्धि गर्नुपर्नेछ ।'

मौद्रिक नीतिले नेपालको अर्थतन्त्रमा विद्यमान समस्या सम्बोधन गर्न सहयोग गर्ने अर्थमन्त्री पौडेलको दाबी छ । 'मौद्रिक नीति राम्रो छ,' अर्थमन्त्री पौडेलले भने, 'मौद्रिक नीतिले कर्जा विस्तार गर्न र उत्पादनको क्षेत्रमा लगानी बढाउन सहयोग पुर्‍याउनेछ ।' मौद्रिक नीतिले यसपटक प्रायःजसो क्षेत्रलाई सम्बोधन गरेको देखिन्छ । ब्याजदर करिडोरको माथिल्लो सीमाको बैंक दरलाई ७ प्रतिशतबाट घटाएर ६.५ र नीतिगत दर ५.५ प्रतिशतबाट ५ प्रतिशत बनाइएको छ । यो बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकबाट ऋण लिँदा तिर्नुपर्ने ब्याज हो । यो घट्दा बैंकहरूको लागत कम पर्ने हुनाले ऋणको ब्याजदर कम हुन्छ । अहिले बजारमा अधिक तरलता रहेकाले ब्याजदरमा खासै असर नपर्ने जानकारहरू बताउँछन् ।

पर्याप्त तरलता रहे पनि खराब कर्जा बढेकाले पुँजी कोषमा चाप परेको देखिन्छ । यसको अर्थ खराब कर्जाबापतको व्यवस्थामा रकम छुट्ट्याउनुपर्दा उनीहरूको कर्जा विस्तार क्षमतामा कमी आएको थियो । नीतिमा बैंकहरूको पुँजी कोषका उपकरणहरू तथा नयाँ उपकरण प्रयोगलाई प्रोत्साहन गर्ने र असल कर्जामा गर्नुपर्ने विद्यमान १.२० प्रतिशत कर्जा नोक्सानी व्यवस्थालाई घटाएर १.१० प्रतिशत कायम गर्ने उल्लेख छ । यी व्यवस्थाले बैंक तथा वित्तीय संस्थाको सञ्चालन मुनाफामा करिब ५ अर्ब वृद्धि हुने बैंकरहरू बताउँछन् । कर्जा खरिदबिक्रीका लागि गरिने जोखिम भारसम्बन्धी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने पनि नीतिमा उल्लेख छ ।

अधिक तरलता, खराब कर्जा व्यवस्थापन र पुँजी कोष दबाबमा गरी तीन कारणले अहिले बैंकले कर्जा विस्तार गर्न नसकेको अवस्थामा मौद्रिक नीतिले ती समस्या सम्बोधन गर्न खोजेकाले बैंकहरूलाई कर्जा विस्तारमा सहज हुने बैंकर्स संघका अध्यक्ष सुनिल केसीले बताए । 'अहिले बढी प्रभावित भएको निर्माण क्षेत्र हो । उक्त क्षेत्रलाई राम्रो सम्बोधन गरेको देखिन्छ,' उनले भने, 'निर्माण क्षेत्रमा देखिएको समस्याको असर अर्थतन्त्रमा सबैतिर पर्ने भएकाले त्यो समाधान हुँदा धेरै कुरा लयमा आउँछन् ।'

'निष्क्रिय वर्गमा वर्गीकरण भएको कर्जा नियमित भइसकेको अवस्थामा ६ महिनापछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्थालाई परिमार्जन गरी ६ महिनासम्म सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गरी उक्त अवधिपछि मात्र असल वर्गमा वर्गीकरण गर्न सकिने व्यवस्था मिलाइनेछ,' मौद्रिक नीतिमा भनिएको छ । यो व्यवस्थाले बैंक तथा वित्तीय संस्थाको कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जा रकम घट्न गई मुनाफामा वृद्धि हुने जानकारहरू बताउँछन् । चालु पुँजी कर्जा मार्गदर्शनमा उल्लेखित 'भेरियन्स एनलाइसिस' गरी कर्जा समायोजन गर्नुपर्ने व्यवस्थालाई ०८२ साउन १ गतेबाट मात्र लागू हुने गरी समयावधि गरिएको छ । यो नीतिले चालु पुँजी कर्जा समायोजनका लागी थप एक वर्ष समयावधि दिएको हो । यसले व्यवसायीलाई राहत हुने जनाइएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राष्ट्र बैंकले कर्जा विस्तारलाई सहज बनाउने गरी सकारात्मक मौद्रिक नीति आएको बताए । '१२.५ प्रतिशतको निजी क्षेत्रमा कर्जा विस्तार गर्ने लक्ष्य सकारात्मक छ,' उनले भने, 'निर्माण व्यवसायीहरूको समस्यालाई सम्बोधन भएको छ, बैंकको असल कर्जा गणना गर्ने प्रक्रिया ६ महिनासम्म बनाउनु बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिने ऋणहरूका लागि सहजीकरण गर्नं राम्रो पक्ष हो । बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लिने ऋणहरूका लागि सहजीकरण गरेको देखियो ।' मौद्रिक नीतिले बैंकहरूको कर्जा विस्तार गराउने र माग बढाउन सहयोग पुग्ने उनले बताए ।

'निजी क्षेत्रले उठाउँदै आएको चालु पुँजी कर्जा मार्ग निर्देशन परिमार्जन गर्ने भनिएको छ । मौद्रिक नीतिले सकारात्मक देखिएको छ । सेयर बजारमा संस्थागत कर्जाको सीमा खारेज गरेको छ । त्यसले पनि मौद्रिक नीति सकारात्मक छ । निर्माण क्षेत्रको समस्याले समग्र अर्थतन्त्रमा असर बनाएको थियो । त्यसलाई मौद्रिक नीतिले सम्बोधन गरेको छ,' उनले भने, 'मौद्रिक नीति सहज आएको छ । त्यसले केही हदसम्म निजी क्षेत्रको आत्मबल बढाउन सहयोग पुर्‍याउँछ ।' नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले मौद्रिक नीतिले निर्माण व्यवसायीको समस्या सम्बोधन गरे पनि उत्पादनमूलक उद्योगहरूमा अपेक्षाअनुसार सम्बोधन नभएको बताए । 'समग्रमा राम्रो देखिएको छ तर उत्पादनमूलक उद्योगहरूको समस्या समाधानका लागि पुनर्संरचना र पुनर्तालिकीरणलगायत सुविधा आउनुपर्थ्यो, त्यो देखिएन,' उनले भने ।

लघु, घरेलु, साना एवं मझौला उद्यमका लागि तोकिएको १ करोडको सीमालाई पुनरावलोकन गरिने भएको छ । मौद्रिक नीतिले परिस्थितिवश ऋण तिर्न नसकेका लघुवित्तका ग्राहकलाई निश्चित प्रतिशत ब्याज भुक्तानी गरी कर्जा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था गरेको छ । यस वर्षको बजेटमा उल्लेख भएअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा रेमिट्यान्स पठाउने सुनिश्चितताका आधारमा बिनाधितो ऋण उपलब्ध गराउने व्यवस्था पनि नीतिमा छ । 'ड्राफ्ट/टीटीका माध्यमबाट वस्तु आयात गर्दा उपलब्ध हुने सटही सुविधाको विद्यमान सीमा अमेरिकी डलर ३५ हजारबाट वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिनेछ,' मौद्रिक नीतिमा भनिएको छ, 'डीएपी/डीएएका माध्यमबाट आयात गर्न सकिने विद्यमान सीमा अमेरिकी डलर ६० हजारबाट वृद्धि गरी अमेरिकी डलर एक लाख कायम गरिनेछ ।'


**Lab Technician (CMLT), General Medicine (HA) & Diploma in Pharmacy मा भर्ना खुल्यो**

फाराम भर्ने अन्तिम मिति: २०८१ श्रावण १३ गते
प्रवेश परीक्षा मिति : २०८१ श्रावण १९ गते

विगत २२ वर्षदेखि संञ्चालित | प्रवेश परीक्षा तयारी कक्षाहरु सञ्चालन भइरहेको छ । कलेज शनिवार तथा सार्वजनिक बिदाका दिन पनि खुल्ला रहने छ ।

**कान्तिपुर कलेज अफ् मेडिकल साईन्स**
सितापाईला, काठमाडौं, ०१-५३७९७२३, ९८६९०५६०८४, ०१-५९१८३१७, ९७०७४९०६६६
(Affiliated to CTEVT)

**HELVETAS NEPAL**

**VACANCY ANNOUNCEMENT**

First published date: 20 July 2024

Trail-based Tourism Development Project ( TTDP ) is a bilateral initiative between the Government of Nepal and the Government of Switzerland with main goal of "People in Koshi Province increase their income and contribute to conservation of culture with innovative and sustainable tourism offers". On Behalf of Swiss Agency for Development and Cooperation (SDC), Helvetas Nepal provides technical assistance to the project. Helvetas Nepal invites applications from competent and committed Nepali Citizens for the following positions:

**Trail Coordinator - 1**
Bachelor's degree in civil engineering with 5 years of experience in planning and design of local infrastructures.
**Technical Officer - 16**
Diploma in civil engineering or TSLC from CTEVT for an assistant sub engineer with a minimum of 3 years of experience in planning and design small local infrastructures.
**Duty station for both positions: Trail site of Koshi Province**

**Procurement and Logistics Officer - 1**
Bachelor's degree in business administration, management or a relevant subject. S/he should have at least 3 years of experience in procurement and logistics management.
**Finance Assistant - 1 (Women only)**
Minimum + 2 / Intermediate level in Management, Commerce with at least 3 years of experience in similar field. Bachelor's degree in business administration, management or a relevant subject will be an advantage.
**Administrative Assistant - 1 (Women only)**
Minimum + 2 / Intermediate level in Management, Commerce or related subject with at least 3 years of experience in similar field. Bachelor's degree in business administration, management or a relevant subject will be an advantage.
**सवारी चालक-२ स्थानिय (कोशी प्रदेश) आवेदकहरुलाई प्राथमिकता दिईनेछ ।**
**कम्तीमा १० कक्षा उत्तीर्ण भई ३ बर्ष पहाडी सडकहरुमा सवारी साधन चलाएको अनुभव भएको**
**Duty station for above four positions: Project Support Unit (PSU), Biratnagar**

Interested candidates who meet the requirements of the position are requested to visit our website at **http://apply.helvetas.org.np** and submit an application through online portal. Detailed information/job descriptions are available on the website. Preference will be given to the candidates from Koshi Province.
**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (Woman, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).**
Deadline for submission of application: 9 August 2024

**शिलबन्दी बोलपत्र/दरभाऊ प्रस्ताव सहित प्रस्तावना आव्हानको सूचना**

(प्रथप पटक प्रकाशित मिति २०८१।०४।१२)

आम्दा नेपाल मातहत सञ्चालित आम्दा अस्पताल, दमक, झापाको प्रयोजनका लागि १ थान CT Scan Machine set (US FDA approved, 128 slice with at least 64 rows detector and complete set of accessories) खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक आपूर्तिकर्ताहरूबाट वि.सं. २०८१।०४।२८ गते दिनको २ बजे भित्र आम्दा नेपालको केन्द्रिय कार्यालय, जोरपाटी काठमाडौं आईपुग्ने गरी शिलवन्दी दरभाउ सहितको प्रस्तावना (सूचना नं. 010160/AMDA/CO/2081/82) आव्हान गरिएको छ ।

उपकरणको विस्तृत विवरण र प्रस्तावनाको ढाँचा आम्दा नेपालको वेभसाईड वा निम्न ठेगानाबाट प्राप्त गर्न सकिनेछ ।

**आम्दा नेपाल केन्द्रिय कार्यालय, गोकर्णेश्वर-६**
**जोरपाटी, काठमाण्डौ फोन नं. ०१-४९१०२३५**
ईमेल: amda@amda.org.np

**छात्रवृत्ती सहित भर्ना खुल्यो**

**१. बाली विज्ञान (कृषी जे.टि.ए.) १८ महिना**
**२. पशु विज्ञान (भेटेरिनरी जे.टि.ए.) १८ महिना**

- यातायात र छात्रवासको व्यवस्था छ ।
- तालिमपछि नेपाल र विदेशमा रोजगारीको अवसर

**कान्तिपुर टेक्निकल कलेज, बालाजु-१६ काठमाण्डौ**
फोन: 01-4960605, 9841340744, 9803060356
**बिदाको दिन पनि कलेज खुल्ला रहने छ।**

**Addendum Notice No:1**
**Date of Amendment: 27 July 2024**
World Vision

This is to notify all concerned that World Vision International Nepal, Kusunti Lalitpur has made the following amendments to the Bidding Documents for the procurement of vehicle supply and delivery (Sourcing No: WVIN-NO-SR-2024-5160). These amendments pertain to the original notice published on 18 July 2024 in the Kantipur National Daily newspaper.

1. The last date for bid submissions has been extended to **12:00 PM (Nepal time) of 07 August 2024.**
2. Amendments on Annex-B, technical specification, Pickup vehicle only

| S.N | Ref. of Bid Document | Tender Clause Description | Amendments |
|---|---|---|---|
| 1 | # 2.a) displacement | Minimum 2.75 liter | Minimum of 2400 CC. |
| 2 | # 3. h) color of unit, | White or pearl white, other acceptable colors as per WV's instruction | WVI Nepal acceptable color. |
| 3 | # 4.b) Airbag system | SRS airbag (1 deriver, 1 driver's knee, I front passenger, minimum, airbag reminder, tire pressure caution level, ABS, HAC, VSC, Child protector, Anti-Theft, | Minimum front dual Air Bag, ABS, Child protector, Anti-Theft, |
| 4 | # 5. a) Essential Accessories | (Newly added) Bed liner, power window, power door locks, rear camera, rear sensors, AC, music player, radio, Spare tyres with alloy wheel, | |

The amended document is provided in the same link previously provided Or check it here : **https://bit.ly/3Woho54**
**SCM Department, WVI Nepal Damodar Marga, Kusunti-13, Lalitpur, Phone: 977- 01-5548877, Email: npl_supplychain@wvi.org**

**JOB ANNOUNCEMENT**
First date of publication: 27 July 2024

Enhancing Access to Justice through Institutional Reform Project-II (A2J-II) is implemented under National Implementation Modality (NIM). Under the overall leadership of the Ministry of Law, Justice, and Parliamentary Affairs (MoLJPA), the project is being implemented jointly and in a close partnership with UNDP Nepal. The project is working with the aim to enhance access to justice of women and other marginalized communities by strengthening the integrated legal aid services and criminal justice system in Nepal. The project is focusing mainly on supporting the implementation of integrated legal aid frameworks by establishing necessary frameworks to deliver the justice at the local level, strengthening justice sector institutions to provide effective remedies to protect and promote the rights of women and marginalized groups as per the national and international commitment and empower women, and other marginalized groups, in particular Dalit, PWD, LGBTIQ + and people below poverty line, to claim their rights and participate in judicial governance/civic life.

*The project is seeking application from qualified, dedicated and result oriented Nepalese citizens for the following position:*

| Position Title | Level | No. of Position | Duty Station |
|---|---|---|---|
| Monitoring, Evaluation, Reporting and Learning (MERL) Specialist | SB 4/III | 1 (One) | Kathmandu, Nepal |

**Weblink for application: https://www.undp.org/nepal/jobs**

*Please visit the given weblink for detailed job description and for online application. Applications along with duly filled up UN Personal History Form-P11 (downloadable from website https://www.undp.org/nepal/jobs) must be submitted by 10 August, 2024.*

***Only short-listed candidates will be contacted. UNDP retains the right to contact referees directly.***

UNDP is committed to achieve work force diversity and has a policy to have gender balance among staffs at all levels. Work experience and/or academic knowledge in relation to gender and social inclusion will be an added advantage. Qualified Women, Dalits, Janjatis, Madhesis, Persons with Disabilities, gender and sexual minorities and other minorities are specially encouraged to apply.

United Nations has a zero-tolerance against Sexual Exploitation and Abuse (SEA) and Sexual Harassment (SH). Everyone is responsible for preventing Sexual Exploitation and Abuse and Sexual Harassment (PSEA and SH), and all UN personnel must adhere to the standards of conduct that preserves PSEA principles (both during work hours and outside work hours). All selected candidates will, therefore, go through a safe hiring process.

***All applications will be treated with highest confidentiality.***

# ओलम्पिक खेल्ने शरणार्थी खेलाडी

**एपी** (पेरिस)

उनीहरूले एउटै झण्डामुनि खेल्नेछन् । तर उनीहरू विश्वको फरक-फरक भू-भागबाट आएका हुन् । अनि फरक भाषा बोल्छन् । युद्धग्रस्त क्षेत्र छाडेर आएका र आफ्नो देशमा उत्पीडन सहनुपरेका ११ देशका ३७ खेलाडी पेरिस ओलम्पिक २०२४ मा भिड्दै छन् । उनीहरूले खेल्नेछन्, शरणार्थी ओलम्पिक टिमबाट । सन् २०१६ को रियो दी जेनेरियोमा भएको ओलम्पिकका बेला यस्तो टिम पहिलोपल्ट बनेको थियो । उनीहरू अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी)को झन्डामुनि खेल्छन् ।

यसको एउटै उद्देश्य थियो, विश्वभर रहेको शरणार्थी समस्या उजागर गर्ने । पेरिसमा यो टिमले त्यतिबेला खेल्न लागेको छ, जतिबेला कीर्तिमान संख्यामा बसाइँसराइ चलिरहेको छ । त्यो पनि दसौं लाखको संख्यामा । त्यसमध्ये केहीले आफ्नो घरबार गुमाएका छन् । अहिलेका खेलाडी पनि त्यस्तै हुन्, जसले आफ्नो जीवनलाई फेरि एकपल्ट शून्यबाट केही राम्रो गर्ने उत्साहसहित सुरु गरेका छन् ।

कीर्तिमानी बसाइँसराइकै कारण विभिन्न देशमा यसविरुद्ध आवाज पनि उठ्न थालेको छ । केही देशले भने यो समस्या समाधानका लागि आफ्नो सक्रिय भूमिका हुने बताएका छन् । अहिलेको टिमले त्यस्तो देशमा ओलम्पिक खेल्न थालेको छ, जहाँ शरणार्थी विरोधी राजनीतिक शक्ति उदय हुने डर छ । तर, मतदानमा पराजित भने भएको छ । पेरिसमा यी शरणार्थी खेलाडीले १२ खेलमा सहभागिता जनाउने छन् । ओलम्पिकसम्म पुग्नु नै उनीहरूका लागि जित साबित भइसकेको छ । यस्तै खेलाडीमध्ये केहीको कथा यस्तो छ :



**शरणार्थी ओलम्पिक टिमकी सेफ द मिसन मासोमाह अली जादा ।**
तस्बिरहरू : एपी



## ◂ फर्नान्डो डायेन जोर्गे (क्यानोइङ)

क्युबाको सिनेफुगोसमा फर्नान्डो डायेन जार्गेले सानो छँदा माछा मार्ने ढुंगामै बिताएभन्दा हुन्छ । उनको घर पनि समुद्र छेउमै थियो । जतिबेला उनी ११ वर्षका थिए, आफ्नो बुवाको काममा सहयोग गर्न थाले । उनी अहिले २५ वर्षका भए । उनले क्युबाको प्रतिनिधित्व गरेर दुईपल्ट ओलम्पिक पनि खेले । त्यो रियो दी जेनेरियो र टोकियोमा थियो । अहिले उनले बसाइँ सरेका छन् । शरणार्थी भएका छन् । कामदारका रूपमा जीवनयापन गर्छन् ।

अचेल अमेरिकाको फ्लोरिडामा बस्छन् । तर, क्यानोइङप्रतिको माया टुटेको छैन । उनको प्रदर्शन पनि कम्तीको छैन, सबैले प्रशंसा नै गर्छन् । उनी आफ्नो तेस्रो ओलम्पिक सहभागितामा अझ राम्रो गर्न चाहन्छन् । उनी भन्छन्, 'पेरिस ओलम्पिकमा खेल्ने सपनामा पनि देखेको थिइनँ । तर, यो पूरा भएको छ । यो मेरा लागि ठूलो अवसर हो । मैले त्यस्ता धेरै क्युबाली देखेको छु, जसले आफ्नो देश छाडेर अमेरिका आउँछन् र आफ्नो सपना त्योसँगै टुटेको हुन्छ ।'

उनले टोकियोमा हजार मिटर क्यानोइङ स्प्रिन्टमा स्वर्ण पनि जिते । त्यतिबेला आफ्नो खेलजीवनको उत्कर्षमा थिए उनी । सन् २०२१ मा उनले आफ्नो देश छाडे । मेक्सिकोमा अभ्यास गर्नेक्रममा अमेरिका भागे । उनी के मान्छन् भने क्युबामा फरक राजनीतिक सोच राख्ने हो भने त्यहाँ बाँच्न पनि सकिन्न ।

त्यसैले उनले आफ्नो घर छाडे नयाँ जीवनको आसमा । त्यो नि अनिश्चित भविष्य । अमेरिका आएयता उनले शरणार्थीको दर्जा भने पाएका छन् ।

## मनिझा तलाश (ब्रेकिङ) ▸



मनिझा तलाशलाई तालिवानको पटक्कै डर लाग्दैन । स्पेन आएर त्यहाँ शरणार्थी भएकी उनी भन्छन्, 'म यहाँ आएकी छु । किनभने मलाई आफ्नो सपना पूरा गर्नु छ ।' उनी आजभोलि म्याड्रिड सहरको बाहिरी छेउतिर बस्छिन् । यी २१ वर्षीया खेलाडीले पहिलोपल्ट समावेश गरिएको ब्रेकिङमा आफ्नो चुनौती पेस गर्नेछिन् । यो खेललाई लोकप्रिय भाषामा ब्रेक डान्सभन्दा हुन्छ । उनी हिपहप संगीतमा आफूलाई सुन्दर ढंगमा ढाल्ने गर्छिन् ।

महिना दिनअगाडिसम्म पनि उनी एउटा हेयर सैलुनमा काम गर्थिन् । सन् २०२१ मा अफगानिस्तानी सत्तामा तालिवान फर्केपछि मनिझा मात्र होइनन् । अरू हजारौं सैनिक विमानबाट स्पेन पुगेका थिए । ब्रेकिङ खेलसँग पहिलोपल्ट परिचय हुँदा उनी भर्खर १७ वर्षकी थिइन् । उनले सामाजिक सन्जालमा यो खेल पहिलो पटक देखेकी थिइन् । त्यही दिन यो खेलमा उनको माया बस्यो । सुरुमा त उनलाई शंका लागेको थियो, यसरी पनि नृत्य गर्न सकिन्छ भनेर । ब्रेक डान्स खेल पहिलोपल्ट यस ओलम्पिकमा समावेश गरिएको हो ।

तर, उनलाई पनि यस्तो गर्न मन लागेको थियो । काबुलमा यस्तो क्लब पनि थियो, जहाँ यस्तो नृत्य सिकाइन्थ्यो । त्यहाँ पुगिहालिन् । यस्तो नृत्य सिक्ने उनी एक्ली केटी थिइन् । मनिझा भन्छिन्, 'तालिवानलाई कोही केटीले नृत्य गरेको मनपर्दैन । तर यो नृत्यमात्र होइन, एउटा खेल नै हो ।' एक दिन त्यही क्लबअगाडि बम विष्फोटन भयो । स्थानीय प्रहरी आएर त्यसलाई बन्द गर्न लगाए ।



## ◂ मोहम्मद अमिन अलसलामी (एथलेटिक्स)

सन् २०१५ को अक्टोबरमा जतिबेला मोहम्मद आमिन अलसलामी बर्लिन ओर्लिए, त्यो निकै चिसो दिन थियो । उनले आफूलाई एक्लो महसुस गरिरहेका थिए । उनलाई घरपरिवारको असाध्यै सम्झना आइरहेको थियो । उनले गृहयुद्धमा अल्झेको आफ्नो सहर एलेपो छाडेका थिए । सिरियाबाट भाग्दै सानो ढुंगामा सबैभन्दा पहिले टर्की पुगे, त्यसपछि ग्रिस र अन्त्यमा जर्मनी । एक दशकको समयपछि उनले जर्मनीमा शरणार्थीको औपचारिक परिचय पाएका थिए ।

अहिले उनी २९ वर्षका भए । मज्जाले जर्मन भाषा बोल्न सक्छन् । उनले सक्दो नयाँ साथी बनाएका छन् । अहिले उनले उज्ज्वल सपना देखेका छन् विश्वस्तरीय एथलेटिक्सका खेलाडी बन्ने । एकै महिनाअगाडि मात्र उनलाई पेरिस ओलम्पिक खेल्ने अवसरको समाचार आइपुगेको थियो । स्वाभाविक रूपमा खुसीको सीमा थिएन । उनी भन्थे, 'ओलम्पिकमा सहभागिताको सपना पूरा भएको थियो, मैले आफूलाई रोक्नै सकिनँ, रोइहालें ।' एथलेटिक्सप्रति उनको प्रेम भने १५ वर्षको उमेरमै बसेको थियो, जतिबेला स्कुलमा पढ्दा शारीरिक शिक्षा पढ्नुपर्थ्यो । केही प्रशिक्षकले एथलेटिक्समा उनको सम्भावना देखे । विशेषतः हाइजम्पमा । सिरियामै रहेका बेला उनले केही प्रतियोगितामा खेले अनि पदक पनि जिते । तर, देशमा गृहयुद्ध भइहाल्यो, खेल हुन छाड्यो । सिरियाभित्रै उनी शरणार्थीको स्थितिमा थिए । त्यसैले उनी आफ्नो देश छाड्न बाध्य भए ।

## इमान महादभी (कुस्ती) ▸



मिलानस्थित आफ्नो घरमा इरानी स्वादका खाना पकाउँदा इमान महादभी खुसी हुन्छन् । खुसीभन्दा पनि भावुक हुन्छन् । उनी भन्छन्, 'मैले आफैं खाना पकाएको देखेको भए आमालाई विश्वास नै हुने थिएन ।' तर उनले आफ्नी आमालाई नदेखेको धेरै भयो । सन् २०२० को अक्टोबरयता । त्यही वर्ष यी इरानी कुस्तीवाजले ज्यानकै डर भएपछि आफ्नो देश छाडे । आफूले लगाएको एकजोर लुगाकै भरमा उनी सुरुमा टर्की पुगे र त्यसपछि इटाली ।

त्यो पनि नांगो खुट्टा । उनी ती दिन सम्झेर भन्छन्, 'मलाई त आफू कहाँ जाँदै छु भनेर पनि थाहा थिएन । तर भाग्यले मलाई ठगेन, म इटाली पुगें ।' अहिले उनी २९ वर्षका भए । शरणार्थीको दर्जा पाएपछि उनले गरेको पहिलो काम भनेकै फेरि कुस्ती खेल्न थाल्नु थियो । उनका बुवा पनि एक समय कुस्तीवाज नै थिए । इरानमा रहेकै बेला उनी सातपल्ट जुनियरस्तरमा च्याम्पियन भए, ५० भन्दा बढी पदक जिते ।

केही वर्षअगाडि उनका बुवाको हृदयघातले निधन भएको थियो । यसको कारण थियो, कसैले उनलाई छोराको दुर्घटनामा मृत्यु भएको समाचार सुनाएको थियो । इटाली आएपछि उनले एउटा नाइट क्लबमा बाउन्सरको काम पाए । त्यहाँ राति ११ देखि बिहान ५ बजेसम्म काम गरे । उनी बडो मुस्किलले प्रशिक्षणका लागि समय निकाल्छन् । उनी भन्छन्, 'जसले खेल खेल्छ, उसको सपना भनेकै ओलम्पिक खेल्नु हुन्छ । मेरो उद्देश्य त खेल्नु मात्र छैन, पदक नै जित्नुसमेत छ ।'

# नेपालको पहिलो खेल श्रीलंकासँग

### महतोबाट काभा महिला भलिबल नेसन्स लिगको ट्रफी अनावरण




**काभा नेसन्स लिगको ट्रफी अनावरण गर्दै एनआरएनएका पूर्वअध्यक्ष उपेन्द्र महतो ।**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपालले सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा) महिला भलिबल नेसन्स लिगमा श्रीलंकासँग खेल्ने भएको छ । नेपाल भलिबल संघले साउन १७ देखि २३ सम्म काठमाडौंमा हुने ५ राष्ट्र सहभागी प्रतियोगिताको खेलतालिका शुक्रबार सार्वजनिक गरेको हो ।

नेपाल र श्रीलंकासहित भारत, इरान र माल्दिभ्सले राउन्ड रोबिन लिगमा हुने प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् । शीर्ष चार टोलीले सेमिफाइनलमा प्रवेश पाउँदा पहिलो हुनेले चौथो स्थानमा रहने र दोस्रो हुनेले तेस्रो स्थानमा रहने टिमसँग फाइनल प्रवेश पाउनका लागि खेल्नेछन् ।

साउन १७ मा श्रीलंकासँ खेलपछि नेपालले साउन १८ मा भारत, २० मा माल्दिभ्स र साउन २१ मा इरानसँग राउन्ड रोबिन लिगमा प्रतिस्पर्धा गर्नेछ । प्रतियोगिताको अनुमानित बजेट १ करोड ७५ लाख रहेको भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी गराए । उनका अनुसार सरकारले प्रतियोगिता सकिएपछि ३० लाख दिने आश्वासन दिएको र बाँकी खर्च भलिबल संघले आफैं जुटाउनुपर्नेछ । उनले सहभागी टोलीको आवास र खानाको व्यवस्थापन आयोजक राष्ट्रले नै गर्ने जनाए ।

'अहिले ठूलो आर्थिक मन्दी छ, भारतले खर्चको हिसाबमा प्रतियोगितामा सहभागिता निश्चित गरिरहेको थिएन । नेपालले खाने र बस्ने व्यवस्थापन गर्ने जनाएपछि भारतले सहभागिता जनाउन लागेको हो,' चन्दले भने । सहभागी सबै ५ टोलीलाई एभरेस्ट होटलमा राखिएको छ ।

महिला राष्ट्रिय भलिबल टोलीका प्रशिक्षक जगदीश भट्टले ५० दिनदेखि निरन्तर प्रशिक्षणमा रहेकाले नेपाली टोली राम्रो तयारीमा रहेको जनाए । 'रुसी टोलीसँगको दुई मैत्रीपूर्ण खेलपछि हामीले आफ्नो कमीकमजोरी सुधार गर्ने मौका पाएका छौं,' भट्टले भने, 'सहभागी ५ टोलीमा माल्दिभ्सबाहेक अरू समान हैसियतका टोली हौं । भारत र इरानबारेमा हामी राम्रो जानकार छौं । हामी उपाधि जित्नका लागि नै खेल्ने छौं ।'

अरुणा शाहीको कप्तानीमा नेपालले १४ सदस्यीय टोली छनोट गरिसकेको छ । रुसी टोलीसँग नेपालले दुवै मैत्रीपूर्ण खेलमा हार बेहोरेको थियो । प्रतियोगिता सफल बनाउन संघले अध्यक्ष चन्दको संयोजकत्वमा २१ उपसमिति गठन गरेको जनाएको छ ।

गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष उपेन्द्र महतोले काभा महिला भलिबल नेसन्स लिग ट्रफीको अनावरण गरेका थिए । उनले भलिबल संघसँग जोडिनु पाउँदा आफू निकै खुसी रहेको जनाए । रुसी टोलीसँग नेपालले जुन प्रदर्शन देखायो, त्यसबाट काभाका लागि आफू नतिजाका हिसाबमा निकै उत्साहित रहेको महतोले बताए ।

# विश्वकप क्रिकेटरको सम्मानमा वृक्षरोपण

धनगढी (कास)- एसपीए कलेजले हालै सम्पन्न ट्वान्टी-२० पुरुष विश्वकपमा नेपाली क्रिकेटरले गरेको प्रदर्शनमा ३ हजार ४ सय ७० बिरुवा रोपेको छ । शुक्रबार कलेजले हरेक रनमा १० र विपक्षी टिमविरुद्ध लिएको हरेक विकेटमा २० बिरुवा रोप्ने पूर्वघोषणाअनुरूप त्यति संख्यामा बिरुवा रोपेको हो ।

कलेजले सामाजिक उत्तरदायित्व बहन गर्दै 'ग्रिन क्लिन धनगढी'सँगको सहकार्यमा धनगढी उपमहानगरपालिकाको हरित धनगढी कार्यक्रममा सहयोग पुर्‍याउने उद्देश्यका साथ शारदा मावि बैयाबेहेडीले धनगढी-२ स्थित नल्काघाटमा उपलब्ध गराएको जग्गामा वृक्षरोपण गरेको हो ।

वृक्षरोपण कार्यक्रममा राष्ट्रिय यू-१९ टोलीका पूर्वकप्तान राजु रिजालले क्रिकेट र क्रिकेटरलाई प्रोत्साहन गरिएको सम्मानजनक वातावरण प्रवर्द्धन कार्यमा सरिक हुन पाउनु आफ्नो लागि गौरवको विषय भएको बताए ।

धनगढी उप-महानगरपालिका-२ का वडा अध्यक्ष धर्मराज ओझाले क्रिकेटरको हौसला बढाउँदै धनगढी उपमहानगरको हरित धनगढी कार्यक्रमसमेत सहयोग पुग्ने बताए । कलेजका क्याम्पस प्रमुख योगराज उपाध्यायले बिरुवा उपलब्ध गराई सहयोग गर्ने डिभिजन वन कार्यालय धनगढी तथा पर्यावरणको प्रवर्द्धनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोगी भूमिका खेल्नु सम्पूर्णमा आभार प्रकट गरेका छन् ।

वृक्षरोपणमा राजुसहित विपिन रावल, नारायण जोशी, वसन्त सिंह, भोजराज भट्ट र विजय रानालगायतका क्रिकेटर सहभागी थिए ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

- नयाँबसपार्क बसन्तनगरमा पाँचआनामा साडेदुईतला घरबिक्रीमा, 9851105970
- ४ आनामा बनेको साढे २तले घर १३५मा थानकोट ९८५१०९८४०६, ९८४१२४०५६०
- गोदावरी बाडेगांउमा २० आना बिक्रिमा, ९८५११८३१०५
- ललितपुर, पुल्चोक, धोबीघाटको घरजग्गाबिक्रिमा, ९८५१०७१५९०
- दचोक सृजनानगरमा ०-४-२-१ जग्गा, ९८४१३९९७३३
- पेप्सीकोलामा चारआना जग्गा बिक्रिमा, 9841206019
- झम्सिखेल ललितपूरमा एक रोपनी, 9851138847
- बुढानिलकण्ठ देउवाको घरनजिकै ४.५आना पूर्वमोहोडा कोलनीको मिलेकोजग्गा बिक्रीमा ९८१८६४००४६
- सुबर्ण अवसर पुर्वीनेपालको तराइछेत्रका भविस्यकृत घडेरिजग्गाहरूसंग काठमाडौंको आवासियघरहरू साट्नचाहनेहरूले तुरुन्तैसम्पर्क गर्नहोला, 9802315104

## सम्पर्क

- सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688
- धितोफुकुवा, बैंकलोन चाहिएमा 9851065811, 9841007757
- सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609
- विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999
- बैक डिपोजित steatment कोलागी 9851363104
- विद्यार्थीकोलागि Documentation, Easy Documentation, Dillibazar 9851080945
- अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

## निर्माण सफाई

- ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728
- सेफ्टीट्यांकी सफाई ढलमंगाल जामखोल्ने 9851056662
- सेफ्टीट्याङ्कीसफाई ठुलोगाडीमा मेसिनबाट 015251092, 9851024364
- ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9841168115

## भाडामा

- ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590
- खुशीबु लिंकरोडमा बैंक वित्तीय-संस्था गोदामकोलागि सटर-भाडामा, 9851059785, 9841373417
- शहिदमार्ग ज्ञानेश्वरमापार्किङ सहितको ५कोठाको फ्ल्याट अफिसलाई भाडामा: 9851024359
- काठमाडौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599
- अफिस गोदामकोलागि कोठा भाडामा कोटेश्वर, 9841206019

## चाहियो

- अनुभवि वेटर, मसाल्चि 9808166650 9706488000
- सेक्युरिटी गार्ड तुअर्जेन्ट १९०००-२३०००- ९८२३००५३८४
- आल्मोनियम मिस्त्री-२, हेल्पर-१, आफ्नै वाईकचालक-१, ९७०४२६३६८४
- सरसफाइको कामगर्ने महिला पुरूष कामदार चाहियो, ९८०३०९०९६१
- नाईट क्लबकोलागि बाउन्सर, क्याप्टेन, महिला वेट्रेस, महिला क्यासियर, कुक, ड्राइभर ९८५१०५९२६९
- खानबस्नसहित तरुन्तै कर्मचारी 15,500/- 9708215844
- **चलचित्रमा नवनायक/ नवनायिका चाहियो ९८४१९५२२६९**
- खानबस्नको राम्रो सुबिधा सहित कुलेखानीमा कुक 9803836118
- सुकुटीबनाउने कारखानाको लागि ५ जना स्टाफ चाहियो 9813664826 मैतीदेवी
- Urgently required secondary level English teacher for a reputed school with an attractive salary Tarakeshwor-8 Kathmandu 9841419348, 9860058456

## मर्मत

- मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728
- डलमंगाल टवाइलेट जामखोल्ने सेफटीटंयाकीसफाई 9808849489
- डलमंगाल टवाइलेट जामखोल्ने सेफटीटंयाकीसफाई 9823033812

## तालिम

- हाउसइलेक्ट्रिसीयन, इण्डस्ट्रिइलेक्ट्रिसीयन, प्लम्बिङ्ग, मोबाइल, 9851177341

## पशुपंक्षी

- अत्याधुनिक ह्याचरी मेसिनमा अण्डा सेटिङ्गरी हास, कुखुरा, बट्टाई, कालिज र टर्कीको चल्ला सुपथ मुल्यमा निकाल्नुपरेमा हामीलाई सम्झनु होला ९७६१०२११३७

## उपचार

- यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्युनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

म.अ.क. बाह्रिक


**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रबन्ध निर्देशक : **सम्भव सिरोहिया**, प्रधान सम्पादक : **उमेश चौहान**

ekantipur.com
कोसेली
कान्तिपुरको साप्ताहिक परिशिष्टांक
शनिबार: १२ साउन २०८१

# रिमोट जागिरमा जेनजी पुस्ताको लगाव

**मिल्लेनियल्स र जेनजी हिजोआज 'इन-अफिस सट्टा वर्क-फ्रम होम, टाइम बेस्ड सट्टा डेलिभरी-बेस्ड, लङ-टर्म सट्टा सर्ट-टर्म जब र फुल-टाइमर सट्टा फ्रिलान्सर' कामतिर आकर्षित हुँदैछन् । बदलिँदो विश्वमा यो शैली फैलिँदो छ ।**



नयाँ-पुस्ता
सजना बराल



विगत तीन वर्षदेखि 'आलय द डिजाइनिङ स्टुडियो' नामक स्टार्टअप कम्पनी चलाइरहेकी इन्टेरियर डिजाइनर अपराजिता बस्नेतको आफ्नै कार्यालय भने छैन । सानोतिनो 'होम-अफिस' त बनाएकी छन्, तर कर्मचारी र क्लाइन्ट सबैलाई दैनिक घर बोलाउने कुरा भएन । जम्मा दुई/तीनजना स्टाफ अनि मोबाइल र ल्यापटपबाट सहजै सम्पन्न हुने कामका लागि उनलाई सिंगै अफिस खोल्ने जरुरी पनि छैन । तर, स्टाफसँग हरेक दिन 'मिट एन्ड ग्रिट' (भेटघाट) त गर्नैपर्‍यो !

अपराजिताको जस्तै आधुनिक व्यावसायिक जीवनका विशिष्ट आवश्यकता र अप्ठ्याराहरू सम्बोधन गर्न अहिले उस्तै प्रकृतिका समाधानमुखी विकल्प पनि प्रशस्तै जन्मेका छन् । नयाँ शैलीको वर्किङ कल्चर (कार्यशैली) ख्याल गर्दै काठमाडौंका कतिपय रेस्टुरेन्ट तथा क्याफेहरूले ल्यापटप, मोबाइललगायत डिभाइस चार्ज गर्ने सुविधादेखि क्याफेमै बसेर काम गर्ने वातावरणका लागि लामा-लामा र फराकिला टेबल-कुर्सीहरू राखिदिन थालेका छन् । उदाहरणका लागि हिमालयन जाभाका अधिकांश आउटलेटमा देखिने 'को-वर्किङ टेबल' त याद गर्नुभएकै होला ।

प्रतिघण्टा वा प्रतिदिनका दरले टेबल-कुर्सी भाडामा लिएर काम गर्न पाइने 'को-वर्किङ स्पेस' देखि महिनाको एक/डेढ लाख रुपैयाँ तिरेर सिंगो 'अफिस स्पेस' नै भाडामा लिन मिल्ने सुविधासम्पन्न विकल्प काठमाडौंमा उपलब्ध छन् । 'को-वर्किङ' र अफिस स्पेस उपलब्ध गराउने कतिपय विदेशी कम्पनीका काठमाडौं- शाखाबाटै धेरैजसो सरकारी एवं गैरसरकारी संस्थाका कार्यालयहरू सञ्चालन हुने गरेका छन् । रेगस, रेम डट वर्क जस्ता कम्पनीले अत्याधुनिक अफिस स्पेस प्रदान गर्दै आएका छन् जहाँ बोर्ड रुम, कन्फरेन्स रुम, प्रिन्टिङलगायत कार्यालयका सुविधा, सुरक्षा प्रबन्ध, रिसेप्सन, पार्किङ स्थलदेखि 'स्मोकिङ जोन' को समेत व्यवस्थित प्रबन्ध मिलाइएका छन् ।

अपराजिता पनि नक्सालको द लर्निङ सेन्टर नामक ' को-वर्किङ स्पेस'बाट आफ्नो कम्पनी चलाइरहेकी छन् । प्रतिव्यक्ति महिनाको ५ हजार रुपैयाँ सदस्यता शुल्क तिर्छिन् । बत्ती, पानी, इन्टरनेट, फर्निचर, कार्यालय सहयोगी, क्याफे सबैथोकको सुविधा पाउने भएकाले कम्पनी विस्तार नगरुन्जेल यसरी नै काम गर्ने उनले बताइन् । 'को-वर्किङ स्पेस भाइब्रेन्ट हुन्छ, कोही किताब-कपी खोलेर पढिरहेका हुन्छन्, कोही धमाधम ल्यापटपमा काम गरिरहेका हुन्छन्, कोही मिटिङ रूममा छलफलमा व्यस्त हुन्छन्, वरिपरि मान्छेको गतिविधिले एक्लो महसुस हुन दिँदैन,' अपराजिता भन्छिन्, 'आफ्नै अफिस खोल्यो भने कर्मचारीलाई एक्लै छोडेर आफू फुत्त निस्किँदा एक किसिमको नमज्जा पनि लाग्छ । धुमधुम एक्लै काम गर्न बोरिङ नै हुन्छ ।' यावत् कारणले स्थायी कम्पनी नहुनेका लागि 'को-वर्किङ स्पेस' राम्रो विकल्प हुने उनको राय छ ।

द लर्निङ सेन्टरका संस्थापक विपिन थापा पछिल्लो समय कार्यालय नगई घरबाटै काम गर्ने, जागिर छोडेर 'फ्रिलान्सिङ' (संस्थामा आबद्ध नभई स्वतन्त्र रूपले गरिने काम) गर्ने, विदेशी कम्पनी तथा क्लाइन्टका लागि सोध, अनुसन्धान, डेटा विश्लेषणसँगै सूचना प्रविधिसम्बन्धी सेवा दिनेहरूको संख्या बढिरहेको बताउँछन् । यस्तै फरक किसिमले जागिरे जीवन बिताइरहेका १८/१९ जना युवायुवती सेन्टरमा नियमित आउने गरेको उनले जानकारी दिए । 'डक्टर, सीए पढ्दै गरेका विद्यार्थी र स्टार्टअप कम्पनी चलाइरहेका वा 'फ्रिलान्सर'का रूपमा सक्रिय व्यावसायिकहरू हाम्रा नियमित ग्राहक हुन्,' विपिन भन्छन्, 'हामीले पनि उहाँहरूलाई नै लक्ष्य गरेर सुपथ शुल्क तोकेका छौं ।' बिहान ८ देखि राति ८ बजेसम्म बसेको शुल्क ३५० रुपैयाँ, हप्ताको सदस्यता लिनेलाई १७ सय ५० रपैयाँ र मासिक सदस्यता शुल्क ५ हजार लिने गरेको उनले बताए ।

विशेषगरी युवा पुस्तामाझ हप्ताको पाँच/छ दिन निरन्तर कार्यालय धाउने वा बिहानदेखि साँझसम्म अफिसमै बसेर काम गर्नुको साटो घर वा आफूलाई मनपर्ने स्थानमा बसेर प्रविधिको सहाराले काम फत्ते गर्ने सोख वा चलन बढ्दै गएको देख्न सकिन्छ। सन् १९९० को दशकयता जन्मेका मिल्लेनियल्स, नयाँ शताब्दी लागेपछि जन्मेका जेनजीसँगै कतिपय पाको पुस्ताका व्यावसायिकहरूसमेत हिजोआज 'इन-अफिसको सट्टा वर्क-फ्रम होम, टाइम बेस्डको सट्टा डेलिभरी-बेस्ड, लङ-टर्म जबको सट्टा सर्ट-टर्म जब र फुल-टाइमरको सट्टा फ्रिलान्सर'का रूपमा काम गर्ने प्रवृत्तितर्फ आकर्षित भएका छन् । नेपालमा मात्रै होइन, वर्क कल्चरमा देखिएको विश्वव्यापी नयाँ 'ट्रेन्ड' नै हो यो ।

तीन दशक सरकारी सेवामा आबद्ध रहेर निवृत्त भएका पूर्वअर्थ सचिव रामेश्वरप्रसाद खनाल पछिल्लो समय विश्व बैंक समूह, लोक सेवा आयोगजस्ता संस्थाहरूका लागि आर्थिक मामिला विज्ञका रूपमा उत्तिकै सक्रिय छन् । अझै पनि दिनको १२/१३ घण्टा काम गर्ने उनी आफ्नो जिम्मेवारीको मुख्य अंश घरबाटै पूरा गर्छन् । बैठकका लागि र संवेदनशील दस्तावेज केलाउनुपर्‍यो भने मात्रै सम्बन्धित कार्यालय जाने गरेको उनले बताए । आफूहरूको अघिल्लो पुस्ताले स्थायी वा कार्यालयमै काम गर्न रुचाउने भए पनि नयाँ पुस्ताले स्वतन्त्रता बढी भएको काम मन पराउने उनको अनुभव छ । 'सूचना प्रविधि, ट्राभल एन्ड टुरिजम, गाइडका काम गर्नेहरू युवाहरू स्थिर भएर एउटै अफिसमा टिकिरहँदैनन्,' उनले भने, 'एउटै कार्यालयमा आबद्ध भएर लामो समय काम गर्नुलाई कतिपय युवाहरूले त बँधुवा मजदुरसरह नै महसुस गर्न थालेका छन् । त्यसैले स्वच्छन्द शैलीमा, चाँडो-चाँडो कम्पनी फेर्दै, संस्थाले दिने बढुवाभन्दा आफ्नै वृत्तिविकासमा उनीहरू बढी केन्द्रित देखिन्छन् ।'

विशेषगरी कोभिड-१९ महामारीका कारण जारी लकडाउनजस्ता अन्योलपूर्ण समयपश्चात् विश्वभर नै घरबाटै काम गर्ने चलन बढेको थियो । अहिले कोभिडको असर घटिसक्दा पनि कतिपय विदेशी नियोग र गैरसरकारी संस्थाहरूले पूर्ण रूपमा घरबाटै काम गर्न दिने वा केही दिन कार्यालय, केही दिन घरबाट काम गर्न दिने मिश्रित तरिकाका सुविधाहरू कायम राखेका छन् । काठमाडौंस्थित एक अन्तर्राष्ट्रिय नियोगमा कार्यरत सुनिता (नाम परिवर्तन) कोभिड-१९ पछि कार्यालय पुगेर हाजिर गर्नुपर्ने पुरानो संस्कार हटेयता जिन्दगी सहज र उत्साहपूर्ण भएको अनुभव सुनाउँछिन् ।

'कार्यालयले हामीलाई कम्तीमा ३ दिन प्रत्यक्ष उपस्थित भएमा २ दिन घरबाटै काम गरे पनि हुने सुविधा दिएको छ, मेरो त भर्खरै बच्चा भएकाले मलाई निकै सहज पनि भएको छ,' उनी भन्छिन्, 'कार्यालय नजाने र घरबाटै काम गर्दाको बेफाइदा चाहि हिँडाइ एकदमै कम हुने रहेछ । सिर्जनात्मकताको हिसाबले घरबाट काम गर्दा चाँडो काम सकिएको छ, अफिसमा साथीभाइसँगको गफगाफ, कफी ब्रेक, लन्ज ब्रेक, मिटिङ आदिले काम गर्ने समय कम हुँदो रहेछ ।'

त्यस्तै, ललितपुरमा केन्द्रीय कार्यालय रहेको एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्राविधिक विभागको नेतृत्व गर्ने किरण (नाम परिवर्तन) ले पनि आफूहरूलाई पूर्ण रूपमा घरबाट काम गर्ने सुविधा रहेको बताए । कार्यालय प्रयोजनकै लागि घरको एक कोठालाई आधारभूत साधन सम्पन्न बनाएको र संस्थाले समेत त्यसमा सघाएको उनले बताए । 'महत्त्वपूर्ण सम्झौता वा सामूहिक निर्णयका कुरा एकआपसमा प्रत्यक्ष भेट भएरै गर्दा सहज हुने अवस्थाबाहेक दैनिक हुने बैठक, रिपोर्टिङ, दस्तावेजमाथिका छलफलजस्ता काममा कार्यालय धाइराख्नु पर्दैन भन्ने सोच बढ्दै गएको छ,' उनी भन्छन्, 'म पनि फिल्ड जानुपर्‍यो वा प्रत्यक्ष भेटेर कुरा गर्दा आफ्ना सहकर्मी वा सेवा प्रदायकलाई सहज हुन्छ भने मात्रै कार्यालयसम्म पुग्छु ।'

'फ्रिलान्स, कन्सल्टेन्सी वा कन्ट्र्याक्ट वर्क'मा मात्रै नभएर औपचारिक कार्यालयका कामहरू पनि आफ्नै छनोटको माहोलमा गर्न खोज्नेहरू बढ्दै गएका छन् । कतिपय देशका सरकारी निकायहरूले समेत कोभिडपछि ' वर्क फ्रम होम'जस्ता सुविधालाई निरन्तरता दिएका छन् । फ्लेक्सजब्स नामक संस्थाले केही समयअघि गरेको सर्वेक्षणमा झन्डै ८० प्रतिशत मिल्लेनियल र जेनजी उमेर समूहका युवाले कार्यालय नगएरै काम गर्न मिल्ने रिमोट वर्कको विकल्प दिने किसिमको काम रुचाउने गरेको उल्लेख छ । सर्वेक्षणमा सहभागी ६० प्रतिशतले सो विकल्प नभए बरु जागिर छोडिदिने बताएका थिए । यस्तै, स्टानफोर्ड विश्वविद्यालयको एक खोजमा पनि कार्यालयमै पुगेर काम गर्नेहरूभन्दा घर वा आफ्नो छनोटको स्थानबाट काम गर्नेहरूको उत्पादकत्व १३ प्रतिशत बढी रहेको उल्लेख छ ।

सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडीएस) ले

> टेबल-कुर्सी भाडामा लिएर काम गर्न पाइने 'को-वर्किङ स्पेस' देखि 'अफिस स्पेस' नै लिन सकिने सुविधासम्पन्न विकल्प काठमाडौंमै उपलब्ध छन्

सन् २०२१ मा गरेको अध्ययनअनुसार, नेपालमा ६ हजार ५०९ जना स्वतन्त्र रूपमा काम गर्ने 'फ्रिलान्सर'हरू छन् । गत वर्ष सार्वजनिक भएको केन्द्रको प्रतिवेदनअनुसार, 'फ्रिलान्सर'हरूले सफ्टवेयर विकास तथा प्रविधि सेवा निर्यात गर्ने गरेका छन् । नेपालबाट निर्यात हुने आईटी सेवाहरूमा 'प्रोग्रामिङ, कोडिङ, डिजाइनिङ, सफ्टवेयर डेभलपमेन्ट र टेस्टिङ' मुख्य रहेको सो प्रतिवेदनमा देखिन्छ । त्यस्तै, सूचना प्रविधि सेवा निर्यात गर्ने १०६ वटा कम्पनी नेपालमा सञ्चालनमा रहेको उल्लेख छ । केन्द्रले गरेको अध्ययनले नेपालको आईटी क्षेत्रले सन् २०२२ मा ५१ करोड ५० लाख अमेरिकी डलर (करिब ६७ अर्ब ६२ करोड रुपैयाँ) बराबरको सूचना प्रविधि सेवा निर्यात गरेको देखाएको छ ।

सेवा निर्यातमा अझै पनि राम्रो सम्भावना भइरहँदा आईटी कम्पनीहरूमा दक्ष जनशक्ति टिकाउन भने मुस्किल पर्दै गएको कम्पनी सञ्चालकहरूको गुनासो छ । काम सिकेपछि जागिर छोडेर अर्को कम्पनीमा जाने वा विदेश नै पलायन हुनेजस्ता प्रवृत्तिका कारण समयमै काम सक्न चुनौतीपूर्ण हँदै गएको ईके सोलुसन्स, सफ्टवेयर कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गौरव पाण्डेको अनुभव छ । 'हामी पहिला आफ्नै कर्मचारीबाट मात्रै काम गर्थ्यौं, धेरैभन्दा धेरै नियुक्ति गर्थ्यौं, तर जति गरे पनि टिकाउनै गाह्रो हुने,' गौरव भन्छन्, 'अहिले चाहिँ कर्मचारीभन्दा फ्रिलान्सरमार्फत काम गर्ने गरेका छौं । हामी आफ्ना लागि र अरूका लागि पनि फ्रिलान्सर जुटाइदिन्छौं ।'

'डेभेलपर'हरू टिकाउन गाह्रो हुने भएकाले अधिकांश आईटी कम्पनीहरूले 'फ्रिलान्सर'हरूलाई नै करारमा काम लगाउने गरेको उनको बुझाइ छ । सरकारले पनि हाल फ्रिलान्स काम गर्नेहरूलाई सहजीकरण गर्ने नीति लिएको हुँदा यसमा आईटी जनशक्तिको आकर्षण बढेको गौरवले बताए । 'त्यसले गर्दा पनि हामीले आफ्नो वर्किङ मेथडोलोजी फेर्नुपर्ने अवस्था आएको हो,' उनले भने, 'विदेशबाट आउने काम गर्दा ५ प्रतिशत मात्रै कर लाग्छ । यसले सबैको रुचि त्यतैतिर छ ।' सधैं काम पाउने सुनिश्चितता नहुनु, काम गरेपछि कहिलेकाहीं पारिश्रमिक नपाउने जस्ता समस्या यस क्षेत्रका चुनौती रहेको उनले बताए ।

सन् २०२१ को फेब्रुअरीमा अमेरिकाको नेसनल मेडिसिन इन्स्टिच्युटले फर्च्युन- ५०० सूचीसहित झन्डै ७१५ कम्पनीका ३० लाख व्यक्तिमाझ गरेको एक अध्ययनले पनि कार्यालय धाउनु नपर्ने प्रकृतिका कामले व्यक्तिहरूको व्यावसायिकतामा झन्डै ६ प्रतिशत वृद्धि भएको देखाएको थियो । त्यसयताका दिनमा काम र व्यक्तिगत जीवन बीचको सन्तुलन, कार्यालयले दिने थकान, आफ्नो व्यावसायिक जीवनमा कार्यालयमै नियमित हाजिर गरेर सानातिना कामका लागि खेप्नुपर्ने झन्झटको साटो स्वतन्त्रतापूर्वक छनोटको शैलीमा काम फत्ते गर्ने किसिमको विकल्प खोज्ने प्रचलन अत्यधिक बढेको पाउन सकिन्छ ।

अर्बपति इलन मस्कको एक्ससँगै केही ठूला टेक कम्पनीले कार्यालयमै आएर काम गर्नुपर्ने नियम लगाए पनि विश्वका विभिन्न चलेका कम्पनी र त्यसका प्रमुखहरूले खुला रूपमै कार्यालय धाउनुको साटो प्रोजेक्टमा आधारित घरबाटै वा मिश्रित शैलीको कार्यशैलीको वकालत गर्दै आएका छन् । एप्पलमा आयोजित एक समारोहमा कम्पनीका प्रमुख टिम कुकले आफ्नो कम्पनीले कोभिडका बेला 'वर्क फ्रम होम' गर्दा सफलताका मानकलाई निरन्तरता दिन सके पनि एकअर्काको साथ र मित्रताको अभाव महसुस भएको टिप्पणी गरेका थिए । त्यसयता एप्पलले सोमबार, मंगलबार र बिहीबार कार्यालय आउनुपर्ने र बुधबार र शुक्रबार भने घरबाटै काम गर्न मिल्ने नीति लिएको छ । अल्फाबेट (गुगल) का प्रमुख सुन्दर पिचाइले पनि हप्ताको ५ मध्ये ३ दिन कार्यालय आउनुपर्ने र बाँकी २ दिन आफूलाई जहाँ सजिलो हुन्छ, त्यहाँबाट काम गर्न मिल्ने मिश्रित प्रणाली लागू गरेका छन् । अल्फाबेटका कतिपय पदहरू अहिले पनि पूर्णतया घरबाटै गर्न मिल्ने प्रकृतिका छन् ।

सन् २०२४ मा पनि ड्रपबक्स, स्क्वायर, अपस्टार्ट, ब्ल्याक बड, एट्लासियनजस्ता सिलिकन भ्याली कम्पनीहरूले आफ्ना कर्मचारीलाई पूर्ण रूपमा आफूले चाहेको स्थानबाट काम गर्न मिल्ने सुविधा दिएका छन् । माइक्रोसफ्ट, सेल्सफोर्स, एनभिडिया, शपिफाइ जस्ता ठूला कम्पनीले मिश्रित शैलीको कार्यालय प्रणाली अपनाएका छन् भने स्पेस एक्स, टेस्ला, मेटा, ओर्‍याकल, सिस्कोजस्ता कम्पनीहरूले कर्मचारीहरूलाई पूर्णरूपमा कार्यालय आउनुपर्ने नियम लगाएका छन् ।

नेपालमा पनि सकेसम्म रिमोट काम गर्न मिल्ने विकल्प खोज्ने जनशक्तिको जमात बढ्दै गएको बुझाइ छ, युवा अर्थशास्त्री निशान्त खनालको । आफूले सन् २०१८ यता नै रिमोट शैलीका कामहरू गर्दै आइरहेको बताउने खनाल आफ्नो समय र स्थानमा कार्यालयको झन्झटबिनै काम गर्न पाउँदा सहज र स्वच्छन्द महसुस हुने प्रतिक्रिया दिन्छन् । 'कोभिडभन्दा अगाडि नै नेपाल बाहिरका कम्पनीहरूसँग काम गर्न सुरु गरेकाले महामारी आउँदासम्म म यो शैलीमा अभ्यस्त भइसकेको थिएँ, पछि पढ्नका लागि सिंगापुर पुगेपछि रिमोट र कन्सल्टेन्सी शैलीका काम अझै थपिए,' उनी भन्छन्, '९ देखि ५ बजेसम्म काम गर्न मन नलागे पनि बस्नैपर्ने र अफिस जाँदा-आउँदा ट्राफिक जामको हैरानी, कामभन्दा बढी समय कुराकानी र भेटघाटमा सकिने भएकाले मलाई पूर्ण रूपमा कार्यालयमै बस्नुपर्ने कामले त्यति तान्न सकेको छैन ।'

आर्थिक क्षेत्रको सोध, अनुसन्धान र विश्लेषणको काम गर्ने खनाल कुनै कार्यालयमा आबद्ध भएर भन्दा 'फ्रिलान्सर'का रूपमा काम गर्न आफूलाई बढी रमाइलो लाग्ने बताउँछन् । 'फ्रिलान्सिङ' गर्दा एकैपटक विभिन्न प्रोजेक्टमा काम गर्न मिल्ने र हाल तीनवटा प्रोजेक्टका काम गरिरहेको उनले जानकारी दिए । बिहान घरबाटै एउटा, दिउँसो क्याफे वा 'को-वर्किङ स्पेस'मा गएर अर्को र साँझको समय तेस्रो प्रोजेक्टलाई उनले छुट्याएका रहेछन् । यो शैलीको स्वतन्त्रले आफ्नो सिर्जनात्मकता र कामको गति बढेको उनले महसुस गरेका छन् ।

बदलिँदो कार्यशैली संस्कृतिमाथि मध्यनजर गर्दै नयाँ पुस्ताका र विशेषगरी टेक कम्पनीले 'टाइम-बेस्ड' अर्थात् कार्यालयमा बिताउने समय अवधिभन्दा पनि 'डेलिभरी-बेस्ड' (काम फत्ते गर्ने पक्ष) लाई प्राथमिकतामा राख्न थालेको नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनिज् (नास-आईटी) का कोषाध्यक्ष अभय पौडेलको विश्लेषण छ । 'कम्पनीहरूले प्रस्ट रूपमा दुवैथरी कर्मचारी राख्न थालेका छन्, एकथरी नियमित कार्यालय जाने र ४० घण्टा काम गर्ने हुन्छन् भने अर्कोथरी ४० घण्टा बराबरको काम आफ्नै समय र स्थानबाट गर्ने हुन्छन्, काम खोज्नेहरूले पनि त्यस्तै रुचाउन थालेका छन्,' उनी भन्छन्, 'अहिले धेरै कामहरूको डिजाइन नै फ्रिलान्सरले गर्न मिल्ने र कार्यालय आइराख्न नपर्ने गरी गर्न थालिएको छ । संवेदनशील र व्यक्तिगत रूपमै भेटेर गर्नुपर्ने काममा कर्मचारी नियुक्त गर्ने र बाँकी काम फ्रिलान्सर र रिमोट कर्मचारीलाई दिने चलन बढ्दो छ ।'

नेपालमा कर्मचारी छनोट र वृत्ति विकासका काम डिजिटाइज हुने क्रम बढ्दो रहेको अनुभव सुनाउने पौडेल नेपालका प्रविधि कम्पनीहरूमा व्यावसायिक र प्राविधिक कर्मचारीहरू औसतमा ३ वर्ष मात्रै टिक्ने गरेको दाबी गर्छन् । स्थायी तरिकाको भन्दा पनि आफ्नो रुचि र शैली मिल्दो काम खोज्नेहरू बढेको उनको बुझाइ छ । बारम्बार समस्यामा पर्दै आएको नेपाली अर्थतन्त्रलाई कोभिड महामारीले थप सुस्त बनाए पनि रिमोट वा घरबाटै काम गर्न मिल्ने शैलीलाई सामान्यीकरण गर्न यसले प्रमुख भूमिका खेलेको यस क्षेत्रका जानकारहरूको भनाइ छ ।

आईटीसम्बन्धी सेवा र कर्मचारीका लागि प्रख्यात भारतमा सन् २०२३ सम्ममा कुल जनशक्तिको १२.७ प्रतिशतले पूर्ण रूपमा रिमोट र झन्डै २८ प्रतिशतले मिश्रित शैलीको काम गर्ने गरेको प्रतिवेदनहरू सार्वजनिक भएका छन् । सन् २०२५ को अन्त्यसम्ममा लगभग २२ प्रतिशत जनशक्तिले रिमोट काम गर्ने फोर्ब्सको प्रक्षेपण छ । झन्डै ५९ करोड जनशक्ति रहेको मानिने भारतमा सन् २०२५ सम्ममा झन्डै ९ करोड जनशक्तिले कार्यालय नै नगई काम गर्न सक्ने अवस्था सिर्जना हुने अध्ययनको दाबी छ । फोर्ब्सकै अध्ययनमा सहभागीमध्ये लगभग ९८ प्रतिशतले आफूहरू रिमोट वा मिश्रित शैलीको काम गर्न उत्सुक रहेको बताएका थिए । भारतकै आँकडा हेर्दा लगभग १६ प्रतिशत आईटी कम्पनीहरू पूर्ण रूपमा रिमोट रहेको र मार्केटिङ, कर्मचारी उपलब्ध गराउने, चिकित्सा तथा स्वास्थ्य, लेखापढी तथा वित्तीय, ग्राहक सेवा क्षेत्रका कयौं कम्पनीले रिमोट शैलीका कर्मचारी बढाउँदै लगेको अध्ययनले देखाएका छन् ।

नेपालमा पनि कार्यशैलीको नयाँ ट्रेन्डभित्रै पर्ने अनलाइन माध्यमबाट पदपूर्तिको प्रक्रिया आफूहरूले लागू गरिसकेको लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी बताउँछन् । 'वर्क फ्रम होम'जस्ता सुविधा भने सरकारी सेवामा त्यति व्यापक नभएको र गोपनीयता, संवेदनशीलता लगायतका कारण कार्यालयका विवरण घर लैजान वा कम्प्युटरमा घरबाट हेर्नसमेत सुरक्षित नहुने भएकाले सार्वजनिक सेवालाई 'फ्लेक्जिबल' बनाइहाल्न नमिल्ने उनले स्पष्ट पारे । 'आयोगका सबै प्रणाली अनलाइन छन्- फर्म भर्ने, शुल्क भुक्तानी गर्ने सबै अनलाइनबाटै गर्न मिल्छ,' उनले भने, 'परीक्षामा उत्तीर्ण भएपछि बल्ल आयोगमा आउँदा हुन्छ ।' सरकारी निकायहरूमा पनि महालेखा नियन्त्रकको कार्यालयअन्तर्गतको कोष तथा लेखा नियन्त्रक कार्यालयले 'वर्क-फ्रम होम' संस्कृति अवलम्बन गरेको छ । यहाँका कर्मचारीहरू कार्यालय गइरहनु पर्दैन, बलियो सूचना प्रविधि प्रणाली र इन्टरनेट सेवाका कारण घरबाटै काम गर्न सक्ने अवस्था सिर्जना गरिएको छ ।

रोजगारी बजारका यस्तै नयाँ आयाम र प्रवृत्तिहरू पहिचान गरेर नीति निर्माताले विद्यमान कानुन परिमार्जन र नयाँ कानुन निर्माणमा चासो देखाउनुपर्ने सरोकारवालाको सुझाव छ । सरकारले 'फ्रिलान्सिङ' गर्नेलाई ध्यानमा राखेर काठमाडौंका दुई ठाउँ र सातै प्रदेशमा सूचना प्रविधि 'वर्क स्टेसन', अत्याधुनिक सूचना प्रविधि पार्क र सूचना प्रविधि हब स्थापना गर्ने विषय चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गरिएका छन् । आईटी पार्कमा तीन वर्षका लागि 'वर्क स्टेसन' सञ्चालन गर्न निःशुल्क स्थान उपलब्ध गराइने भनिएको छ ।

रोजगारी बजारका नयाँ प्रवृत्ति सम्बोधन बजेटमा गरिने व्यवस्था मात्रै पर्याप्त नहुने सरोकारवालाको राय छ । यसका लागि समयसाक्षेप श्रम कानुन बनाउनुका साथै विद्यमान कानुनहरू परिमार्जनका लागि पनि पहल गर्नुपर्ने काठमाडौंमा डेढ दशकदेखि अनलाइन फुड डेलिभरी कम्पनी 'फुडमान्डु' सञ्चालन गरिरहेका मनोहर अधिकारीको सुझाव छ । उनका अनुसार, पछिल्लो समय छोटो अवधिका लागि काम गर्ने प्रवृत्ति बढिरहेकाले यो विषयलाई ध्यानमा राखेर व्यावहारिक किसिमका प्रावधानसहितको कानुनी व्यवस्था लागू गर्नुपर्ने बेला आएको छ ।

छोटो अवधिका लागि काम गर्ने कर्मचारीलाई सामाजिक सुरक्षा कोषजस्ता सुविधामा संलग्न गराउँदा ती कर्मचारीले कोषको रकम आफ्नै हो भन्ने महसुससमेत गर्न नपाएको मनोहर बताउँछन् । 'हाम्रा प्रायः कर्मचारी लामो अवधिका लागि काम गर्न आउँदैनन्, एक हप्ता वा एक/दुई महिना जागिर गरेर छोड्छन्, उनीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुको अर्थ छैन तर नगरी पनि भएन,' उनले भने, 'आबद्ध गरेपछि रकम जम्मा हुन्छ, जुन उनीहरूले ६० वर्षपछि मात्र झिक्न पाउँछन् । दुई महिना काम गर्नुपर्नेछ, कम्पनीले पैसा दिएको छ तर ६० वर्षपछि आउने भएकाले उनीहरूलाई त्यो पैसा पाएको महसुस भइरहेको छैन । यस्ता विषयको व्यावहारिक हल खोज्न आवश्यक छ ।'

# 'कमजोर चेतनास्तर भएको समाजमा इतिहास धराप पनि बन्न सक्छ'

**मानवशास्त्री सुरेश ढकालको किताब 'इतिहासअघिको इतिहास : सांस्कृतिक उद्‌विकासको मानवशास्त्रीय वृत्तान्त' प्रकाशित छ । उद्‌विकासको लामो यात्रामा मानव सभ्यताले हासिल गरेको उपलब्धि र झेलेको चुनौतीबारे ढकालको यो किताब अन्तर्दृष्टियुक्त छ । मानव सभ्यता विकासको मानवशास्त्रीय अवलोकनकर्ता तथा अन्वेषक ढकालसँग किताबको सेरोफेरोमा दीपक सापकोटाको वार्ता :**

**सन् २०१५ सम्म नेपालमा मानवशास्त्र र समाजशास्त्र एउटै विभाग मातहत थिए । त्यसको अध्यापन, अनुसन्धान कार्य र नेतृत्वमा मानवशास्त्रीहरूको उल्लेख्य उपस्थिति हुँदा पनि 'पब्लिक डिस्कोर्स'मा भने मानवशास्त्र तुलनात्मक रूपमा कम प्रभावी भयो भनिन्छ । यो कसरी र किन ?**

एउटै विभागको मातहतमा थिए, तर डिग्री भने मानवशास्त्र र समाजशास्त्रको छुट्टाछुट्टै नै हुन्थ्यो । त्यो सही हो कि अध्यापन, अनुसन्धान र विभागीय नेतृत्व आदिमा मानवशास्त्रीहरूको उल्लेख्य उपस्थिति हुँदा पनि सार्वजनिक तहमा मानवशास्त्र परिचयविहीन जस्तै थियो । आदर कायम नै राखेर भन्नुपर्दा, अग्रज मानवशास्त्रीहरूले विषयको विशिष्टता र सार्वजनिक पहिचानका लागि गरिनुपर्ने पर्याप्त गृहकार्य नगरेकै हो । 'कान्तिपुर' मै मैले केही वर्षपहिले 'शुशिला जी, सोसो लोजी र सोसिओलोजी' शीर्षकमा एक लेख लेखेको थिएँ, त्यो एकप्रकारको भद्र कटाक्ष थियो आफ्नै अग्रजहरूप्रति ।

जहाँसम्म मानवशास्त्र 'पब्लिक डिस्कोर्स'मा कम प्रभावी भन्ने प्रश्न छ, पहिलो त विषय र यसको महत्त्व नै सार्वजनिक रूपमा स्थापित हुनुपर्‍यो त्यसपछि प्रभावकारी 'डिस्कोर्स' निर्माणमा भूमिका निर्वाह गर्न सकिने हो । कति प्रभावी भूमिका छ भन्ने निरपेक्ष रूपमा हेर्न मिल्ने विषय पनि होइन ।

**मानवशास्त्रको क्षेत्र व्यापक छ । फोर 'फिल्ड्स अफ एन्थ्रोपोलोजी' भनेर भौतिक मानवशास्त्र, पुरातात्त्विक मानवशास्त्र, भाषिक मानवशास्त्र र सांस्कृतिक मानवशास्त्रलाई व्याख्या गरिए पनि नेपालको मानवशास्त्रीय अध्ययन, अनुसन्धानले सांस्कृतिक मानवशास्त्रको क्षेत्रभन्दा पर पखेटा फिँजाउन सकेको देखिँदैन, त्यसको कारण के होला ?**

हामी चारै विषयका 'कोर' कोर्ष पढाउँछौं, तर आधारभूत र सैद्धान्तिक ज्ञान मात्रै दिइन्छ । सांस्कृतिक मानवशास्त्रको प्राधान्यता छ । यो छनोटको विषय हो । बाहिर देशतिर पनि चारै फिल्डमा बराबर 'वेटेज' भने हुन्न नै । हाम्रोमा प्रयोगशाला र प्रयोगात्मक शिक्षाको अभाव पनि छ । साथै त्रिभुवन विश्वविद्यालयको विभागीय प्रणाली पनि केही हदसम्म जिम्मेवार छ । जस्तै पुरातत्त्व, भाषा विज्ञान लगायतका विभागसँग सहकार्य गरेर केही साझा विषय पढाउन सकिने व्यवस्था गर्नसमेत सकिँदैन । चारै 'सबफिल्ड' मा बराबर पखेटा फैलाउन नसक्नु हाम्रो सन्दर्भमा धेरै चिन्ता गर्नुपर्ने सवाल होइन ।

**मानवशास्त्रको रक्तसम्बन्ध औपनिवेशिकतासँग छ भनेर आरोप लगाइन्छ । एक मानवशास्त्रीका रूपमा यो आरोपलाई कसरी लिनुहुन्छ ? नेपालको मानवशास्त्रमा 'कोलोनियल ह्याङओभर' कत्तिको छ ?**

मानवशास्त्रलाई औपनिवेशिक शासनको मानषपुत्र (या पुत्री) नै भनिन्छ । किनकि मानवशास्त्रको सुरुवाती उपयोग नै औपनिवेशिक शासकको हितमा भएको थियो । जस्तो पश्चिमाहरूले आदिम-प्राचीन समुदायका भाषा, रीतिथिति, सामाजिक- राजनीतिक संगठन, नेतृत्वप्रणाली र संस्कृतिका महत्त्वपूर्ण सूत्र वा भनकहरू थाहा पाएरै उनीहरूलाई अधीनस्थ गर्न, दूरदराजका आदिवासी भूमि र स्रोत कब्जा गर्न मानवशास्त्र प्रयोग गरे, ताकि पश्चिमका औद्योगिक विकासमा सहयोग पुगोस् । तर, बीसौं शताब्दी र खासगरी दोस्रो विश्वयुद्धको समाप्तिपछि त मानवशास्त्र नै स्वतन्त्रता, सार्वभौमिकता, पहिचान र उन्मुक्तिको सहयोगी विषय बन्न गएको छ । ज्ञान प्रणालीलाई पश्चिमा धङधङ्गीबाट मुक्त गर्न अनुसन्धान, अध्ययन विधि, सैद्धान्तिक र दार्शनिक धरातलको खोजी र विकास पनि सम्भवतः सबैभन्दा बढी मानवशास्त्रले नै गरेको छ । ज्ञानशास्त्रका हिसाबमा विविधता र मानवताको वकालत मानवशास्त्रले नै गर्छ । यद्यपि नेपालको सन्दर्भमा मानवशास्त्र मात्रै होइन मानविकी तथा सामाजिकशास्त्र, शिक्षा आदिमा कुनै न कुनै रूपको 'कोलोनियल ह्याङओभर'को अवशेष भेटिन सक्छ । पैसा र ज्ञानको स्रोत एउटै हुने भएपछि त्यस्तो अलिअलि हुन्छ नै ।


**मानवशास्त्रको विकासमा कैयौं सैद्धान्तिक घुम्ती आएका छन् । पछिल्लो समय मानवशास्त्र उत्तरआधुनिकतावादमा चुर्लुम्मै डुब्यो र यसले मानवशास्त्रीय खोजलाई विषयगत पक्षमा केन्द्रित गरी वस्तुगत यथार्थबाट विमुख गरायो भनिन्छ । यसमा कत्तिको यथार्थ छ ?**

पहिलो कुरा त मानवशास्त्र उत्तर आधुनिकवादमा चुर्लुम्म डुब्यो भन्ने भाष्य कसरी वा कुन प्रमाणका आधारमा तयार गरियो, यो आफैंमा एक प्रश्न हो । मलाई त्यस्तो लाग्दैन ।


दोस्रो, वस्तुगत यथार्थ भनेको के र कस्तो हुन्छ ? यथार्थ एक आयामिक त हुँदैन नै, एउटै र अन्तिम पनि हुँदैन । मानवशास्त्री वा कुनै पनि अनुसन्धानकर्ताले दार्शनिक आधार वा पक्षधरताबिनै अनुसन्धान गर्छ वा गर्नुपर्छ भन्ने पनि हुँदैन । अनुसन्धानमा 'न्युट्रालिटी' भन्ने हुँदैन, तर 'अब्जेक्टिभिटी' भने हुनुपर्छ । ज्ञानमीमांस, सत्तामीमांस आदि दार्शनिक पक्षधरतासँग सम्बन्धित विषय हुन् । तसर्थ मानवशास्त्रीय खोजी अन्तिम र एक मात्र यथार्थका लागि नभई बहुल यथार्थका लागि हुने गर्छ, त्यो भनेको यथार्थविहीनता पनि होइन । तसर्थ उपरोक्त आरोप सही र सान्दर्भिक छैन जस्तो लाग्छ ।

**नेपालमा अहिले पनि सयौं मानवशास्त्री अनुसन्धानरत छन् । एनजीओका अनुसन्धानबाहेक आम मान्छे, समाजका मुद्दा उत्खनन र 'पब्लिक डिस्कोर्स' निर्माणमा नेपालका मानवशास्त्रीको भूमिका कस्तो छ ? के त्यो सन्तोषजनक छ ?**

'पब्लिक डिस्कोर्स' निर्माणमा नेपालका मानवशास्त्रीको भूमिका सन्तोषजनक छैन । म मान्छु कि यो पर्याप्त छैन । तर, निरन्तर अध्ययन अनुसन्धान गरिरहेकै छन् । विश्वविद्यालय बाहिर पनि अनुसन्धान संस्थामा मानवशास्त्रीहरू अनुसन्धानरत छन् । उनीहरूले आम मान्छे र समाजका मुद्दा नै उत्खनन गरिरहेका छन् । अन्तत्वोगत्वा तिनै अनुसन्धानहरूले 'पब्लिक डिस्कोर्स'लाई खुराक प्रदान गर्ने हुन् । त्यसैले यसलाई तुलनात्मक रूपमा हेरिनुपर्छ । तुलनात्मक रूपले पब्लिकमा मानवशास्त्र अझै पर्याप्त परिचय सहित स्थापित हुन पनि बाँकी नै छ । मिडियाकै साथीहरू मानवशास्त्र र समाजशास्त्रको भेद गर्न चुक्नुहुन्छ । 'पब्लिक डिस्कोर्स' निर्माणमा मिडियाको अहं भूमिका हुने, तर मिडियमै मानवशास्त्रबारे पर्याप्त साक्षरता नहुँदा पनि केही फरक त परेकै होला । त्यस्तै विषयको उपादेयता सार्वजनिक संकथन निर्माण गर्न सक्ने वा नसक्ने भन्ने कुराले मात्र पनि मापन गरिने होइन ।



किताब वार्ता




**मानवशास्त्र किन पढ्ने ? आम मानिसका लागि यसको अर्थ र महत्त्व के छ ?**

यो प्रश्नको हजारौं जवाफ होलान् । आफूले आफूलाई अनेकन सामाजिक, सांस्कृतिक भ्रमबाट मुक्त गर्न वा समकालीन सामाजिक, सांस्कृतिक, विकास लगायतका मानवीय व्यवहारका जटिलता बोध गर्न र उन्नत दृष्टिकोण हासिल गर्न मानवशास्त्र पढ्नुपर्छ । मानवको विगत र वर्तमानबारे प्रमाणमा आधारित ज्ञान हासिल गर्न पनि यो पढ्नुपर्छ ।

सामाजिक परिवर्तन, सांस्कृतिक पहिचान, मानवोचित र संस्कृति सापेक्ष विकास, मानवताको बृहत्तर हितमा मानवशास्त्रले गर्ने योगदानका आधारमा नै आम मान्छेका लागि यसको अर्थ र महत्त्व उजागर हुन्छ ।

**हामीकहाँ मानवशास्त्रीय अध्ययनप्रति रुचि किन बढ्न सकेन ? यो विषय नै निरश र दिक्कलाग्दो भएर हो कि पढ्नु वा नपढ्नुले मानिसको जीवनमा खास फरक नपार्ने भएर ?**

मानवशास्त्रीय ज्ञान भनेकै के हो ? यो ज्ञान प्राप्तिका स्रोत के हुन् ? यी प्रश्नको उत्तर थाहा भएपछि नै थाहा पाइन्छ- मानवशास्त्र पढ्ने कि नपढ्ने वा यो रुखो छ कि रसिलो ? मानवशास्त्र विज्ञान र कला दुवै हो । मानवशास्त्रको विषय, अध्ययन अनुसन्धानको विविधता र दायरा हेर्ने हो भने यो जत्ति रसिलो विषय अरू हुन सक्छ जस्तो मलाई लाग्दैन । जीवन-जगत्‌लाई हेर्ने, बुझ्ने उन्नत दृष्टिकोणले व्यक्तिगत र सामूहिक जीवनमा केही फरक पक्कै पार्ला ।

**यसै प्रसंगमा थप कुरा गरौं । हाम्रो समाजको अध्ययन संस्कृति, आलोचनात्मक चेत र चेतनास्तर छिपछिपे अनि कमजोर देखिन्छ । यसको मानवशास्त्रीय विश्लेषण के हुन सक्छ ?**

मूलतः नेपालको आधुनिक संस्थागत शिक्षाको तुलनात्मक रूपमा छोटो इतिहास, शिक्षासम्बन्धी राष्ट्रिय दृष्टिकोणको अभाव, राणाकालदेखि अहिलेसम्मै पनि विद्यालय शिक्षाको विषयवस्तु सारमा उन्नत हुन नसक्नु, विश्व शिक्षासँग नेपाली शिक्षाले संवाद र सहकार्य गर्न नसक्नु, सोच्न सिकाउनेभन्दा पनि घोक्न सिकाउने शिक्षा नीति र विधि, शिक्षा हासिल गर्ने बहुल अवसरको कमी लगायतका कारण हुन सक्छन्, जसले आलोचनात्मक सोचको तालिम नै दिन सक्दैन ।

'किताब पनि उपहार हुनसक्छ' भन्ने मान्यता र व्यवहार स्थापित गर्न सकेका छैनौं, 'कोर्सबाहेकका किताब नपढ्नु' भन्ने अभिभावक छौं । पहिले भएका सामुदायिक पुस्तकालयहरू जोगाउन सकेका छैनौं । तब कसरी बन्न सक्छ तपाईंले भनेजस्तो अध्ययन संस्कृति ? तर, फेरि पनि यो तुलनात्मक कुरा हो । केही उज्याला संकेत पनि देखिन थालेका छन् ।

**हाम्रो ज्ञान निर्माणको परम्परा र प्रक्रियामा पनि समस्या छ ? गहन अध्ययन, अनुसन्धान र खोजतिर पढेलेखेकै मानिसको पनि रुचि नहुनुको कारण के होला ?**

ज्ञान निर्माण प्रक्रिया सामूहिक र संस्थागत कार्य हो । कोही एक व्यक्तिले ध्यानमार्फत हामीले भनजस्तो ज्ञान उत्पादन गरिदिने होइन । ज्ञान निर्माण वा उत्पादनका लागि लगानी चाहिन्छ, संस्था चाहिन्छ, तालिम/प्रशिक्षण चाहिन्छ तसर्थ यो महँगो विषय हो । कुनै पनि देशमा ज्ञान निर्माणका लागि राज्यले लगानी गरेका हुन्छन् । अनुसन्धानमा आधारित शिक्षा प्रणाली हुनुपर्छ । तसर्थ हाम्रो संस्था, प्रक्रिया र परम्परामै समस्या छ । अध्ययन र अनुसन्धान बृहत्तर हितका लागि गरिन्छ । शिक्षाको चरित्र र अर्थ भएको छ- घोकन्ते विद्या र जागिर । यो नफेरिएसम्म अध्ययन, अनुसन्धानको अवस्था यस्तै हुन्छ होला ।

**तपाईंको 'इतिहासअघिको इतिहास' भर्खरै बजारमा आएको छ । एक मानवशास्त्रीले लेखेको यो किताबमा पाठकले के अपेक्षा गर्न सक्छन् ?**

यो किताब इतिहास लेखनको लेख्य परम्पराभन्दा अघिको समयको, अर्थात् प्रागैतिहासिक मानव संस्कृतिबारे हो । सांस्कृतिक मानवको इतिहास करिब २५ देखि २२ लाख वर्ष पुरानो मानिन्छ । यस पुस्तक त्यही अवधिमा भएको सांस्कृतिक आविष्कार, विस्तार र परिवर्तनबारे हो । त्यतिबेलाको समय, सामाजिक संगठन, जीविकोपार्जन र परिवर्तन लगायत विषय र विधिबारे यसमा उल्लेख छ । उदाहरणका लागि सांस्कृतिक उद्‌विकासक्रमको महत्त्वपूर्ण आविष्कार जस्तै आगो, कृषि, धातु विज्ञानलगायत ईश्वर, धर्मको अवधारणाको उदय आदिबारेमा चर्चा गरिएको छ किताबमा । यस्तो चर्चा प्राप्त पुरातात्त्विक प्रमाणका आधारमा गरिएको छ । मानिस कुन सम्भावित कारणले कृषियुगमा प्रवेश गरे ? किन कृषिको सुरुवातलाई नवपाषाणकालीन क्रान्ति भनियो ? मानव सभ्यताको विकासमा कृषिको प्रभाव कस्तो रह्यो ? यी विषयमाथि विस्तारमा चर्चा छ । त्यस्तै धर्म वा ईश्वरको आदि संकेतबारे पनि लेखिएको छ । आगो र धातुको आविष्कार कसरी सांस्कृतिक उद्‌विकासका महत्त्वपूर्ण चरण सावित भए भन्ने व्याख्या पनि छ ।

त्यस्तै कसरी मानव विगतको सुदूर इतिहास समेतले राजनीतिक चरित्र ग्रहण गर्छन् भन्ने व्याख्या र पुरातात्त्विक अध्ययनको सार्वजनिक महत्त्व जस्ता विषयसमेत समेटिएको छ किताबमा ।

**तपाईंले पुस्तकमा लिखित इतिहासमा महिलाको योगदान र भूमिका लुकाइएको विषयमाथि गम्भीर विमर्श गर्नुभएको छ । महिलाको भूमिकालाई किन लुकाइयो ? यो पछाडिको राजनीति के हो ?**

लैंगिकता सामाजिक-सांस्कृतिक संरचना र अभिप्रायः हो । यो एतिहासिक रूपमा क्रमशः निर्माण भएको हुन्छ । मानवशास्त्रीय पुरातात्त्विक अध्ययनले सांस्कृतिक उद्‌विकासमा महिलाको अहं भूमिका रहेको प्रमाण अघि ल्याएका छन् । कृषिको सुरुवातसँगै महिलाले लाखौं वर्षदेखि उपभोग गरेको स्वतन्त्रता क्रमशः गुमाउँदै गए । लिखित इतिहासको परम्परा सुरु हुँदासम्म त पुरुषहरूले लेखनकार्यलाई कब्जा गरिसकेका थिए भन्दा हुन्छ, जुन निकट विगतसम्म पनि निरन्तर नै थियो । यसरी पुरुषसत्ता लेखनमा हावी हुँदा महिलाको अस्तित्वलाई कमजोर बनाउने कार्य भयो । मिथक, पुराणमा गरिने महिलाको स्थानबारेका विषय प्रमाणित गर्ने वैज्ञानिक आधार/पुरातात्त्विक तथ्यहरू उपलब्ध छैनन् ।

**लिपि र लेखनकलाको आविष्कारपछिको इतिहास विभेदकारी र शासकवर्गीय पक्षधरतामा आधारित देखिन्छ । इतिहास किन र कसरी शासक वर्गको हतियार बन्न पुग्यो ?**

इतिहासको शासकीय पक्षधरताको लामो इतिहास छ । भनिन्छ नै इतिहास जित्नेको हुन्छ । शक्तिका आधारमा विभाजित समाजको इतिहास शक्तिशालीहरूको नै लेखिन्छ, लेखाइन्छ । नेपालको इतिहास-लेखनको परम्परा पनि त्यस्तै हो । राजनीतिक लाभका लागि उपयोग गरिने हुँदा इतिहास शासक वर्गको हतियार बन्न पुग्छ । कमजोर चेतनास्तर भएको समाजमा इतिहासले धरापको कामसमेत गर्छ ।

**आजको हाम्रो समाजमा संकट, असन्तुष्टि, अराजकता, राजनीतिक गोलचक्कर, विसंगति, सामाजिक अपराध व्यापक बढिरहेको देखिन्छ । यसको मानवशास्त्रीय कारण र आधार के हो ?**

मानवशास्त्रीय दृष्टिकोणबाट हेर्दा एक प्रकारको शासकीय संरचना र प्रणालीबाट अर्को शासकीय संरचना र प्रणालीमा जाँदा हुने संक्रमणको व्यवस्थापनमा चुक्दा अक्सर यस्तो हुने गर्छ । यस्तो समस्या नेपाली समाजको मात्र पनि होइन । नयाँ खाले आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सम्बन्धहरू निर्माण हुन्छन् भन्ने अपेक्षा गरिएको थियो, जुन हुनु अनिवार्य थियो त्यसो हुन सकेन । शासन प्रणाली र नेतृत्व अपेक्षाकृत रूपमा जिम्मेवार बन्न नसक्दा यस्ता समस्या आउने गर्छन् । तसर्थ यी समस्या होइनन् समस्या पछिका लक्षण हुन् । शासन प्रणाली अक्षम हुने र नेतृत्व असफल रहने केवल आन्तरिक कारण मात्र हुँदैनन् वा सतहमा जे देखिन्छन् ती मात्र पनि हुँदैनन् ।

# तीन चुल्ठे लामो कविता



किताब

राजकुमार बानियाँ

नामी छन्दकवि लालगोपाल सुवेदीको उन्नाइसौं कृति नौलो भयो मेरानिम्ति, 'अनि प्रतीत्य समुत्पाद' ! उपनाम पनि रहेछ, 'शून्य, शून्य महाशून्य' । बुद्धदर्शन मुखरित कृति दिएर उनले मलाई राम्रै 'होमवर्क' दिए । मैले मास्क नै लगाएर धूलैधूलोमा पुरिएका कतिपय पुस्तक खोतलखातल गरें अनि इन्टरनेटमा भेटिएका कैयौं किताब पढें । रिन्पोछेहरूका अनेकन् अडियो-भिडियो सुनें/हेरें । आखिर के हो त प्रतीत्य समुत्पाद ?

बुद्ध २६ सय वर्षयताका सर्वाधिक बुद्धिमान् पुरुष मानिन्छन् । उनले युवावयमै राजप्रासाद त्यागे र कठोर ध्यानपछि निर्वाण प्राप्त गरे । संसार दुःखमय छ त अरू दार्शनिकले पनि भने । तर उनले दुःखमुक्तिको मार्ग देखाइदिए । त्यसक्रममा उनले १७ हजारभन्दा बढी अमृत उपदेश दिएका छन् । यथार्थ दुःख, दुःखको यथार्थ कारण, दुःखको यथार्थ निरोध र यथार्थ मार्गलाई उनले चार आर्यसत्य (चतुरार्यसत्य) मानेका छन् । उनले दिएको अतिरिक्त आर्यसत्य पनि छ, प्रतीत्य समुत्पाद ।

बुद्धले जरामरणको कारण जाति, जातिको कारण भव, भवको कारण उपादान, उपादानको कारण तृष्णा, तृष्णाको कारण वेदना, वेदनाको कारण स्पर्श, स्पर्शको कारण षडायतन, षडायतनको कारण नामरूप, नामरूपको कारण विज्ञान, विज्ञानको कारण संस्कार र संस्कारको कारण अविद्यालाई औंल्याएका छन् । 'द्वादश निदान' (द्वादशांग) भनिने यस कार्यकारणको नियममा भवचक्र, जीवन-मरण चक्र, संसारचक्र र धर्मचक्र सबथोक अटाएका छन् ।

संसारमा जे जति भौतिक वा अभौतिक घटना हुन्छन्, तिनको कारण अवश्य हुन्छ । त्यो स्वयं पनि अन्य कुनै घटनाको कारण बनेको हुन्छ । वर्तमान अतीतको कर्मको फल हो र यसले नै भविष्यको जीवन प्रादुर्भाव गर्छ । अनायास न कुनै पदार्थ उत्पन्न हुन्छ, न त कुनै कार्यको उत्पत्ति । जसरी एउटा दीपशिखाले अर्को दीपशिखा सल्काउँछ, जसरी नदीको एउटा भँगालोबाट दोस्रो भँगालो उब्जन्छ । त्यसरी नै एउटा घटनासँग अर्को घटना जोडिन्छ भन्नु नै यसको सार हो ।

बौद्धग्रन्थ 'मज्झिमनिकाय'मा कतिसम्म भनिएको छ भने प्रतीत्य समुत्पादको ज्ञान नै बुद्धता अर्थात् बोधि हो । जो प्रतीत्य समुत्पाद जान्दछ, उसले धर्म जान्दछ र जसले धर्म जान्दछ, उसले प्रतीत्य समुत्पाद जान्दछ । प्रतीत्य समुत्पाद देख्ने नै यथार्थ द्रष्टा हो । ऊ नै दुःख, दुःखसमुदय, निरोध र निरोधमार्गको ज्ञाता हो ।

बुद्ध दर्शनको मूल अवधारणा नै हात लागेपछि मलाई गुजिल्टिएको धागोको टुप्पो फेला पारेको जस्तो भयो । 'बोधिपुष्पाञ्जलि भाग १' मा रिन्पोछे श्रीधरशमशेर राणा (वातुल वासव वज्र) ले भनेका रहेछन्- संसार प्रतीत्य समुत्पाद (द्वादश निदान) को नियम अनुसार चलिरहेको छ । जन्म भएकाले नै बूढो हुनुपरेको हो । जन्मँदै नजन्मिएको भए बूढो हुनु पर्दैनथ्यो । बूढो नभएको भए रोग वा दुर्घटना बाहेकले मृत्यु हुँदैनथ्यो । मृत्यु नभइदिएको भए अर्को जन्म हुँदैनथ्यो । यो नै प्रतीत्य समुत्पादको व्यवस्था हो ।

खासमा 'अनि प्रतीत्य समुत्पाद' लामो कविता हो । चार दशक काव्यात्रा गरिसकेका लालगोपालले यस पटक छन्दको स्वर्णिम बाटो छाडेका छन् । तर गैरछन्दमा पनि उनले लयको मोह नजानिँदो गरी राखेकै छन् । लामो समय देशबाहिर रहेर पनि नेपाली भाषा र साहित्यसँग अटुट साइनो गाँस्ने उनी सरल शब्दविम्बमा गहन जीवनबोध गराउने कवि हुन् । अनुभूति र चेतनालाई आवाज दिने संवेदनशील शब्दशिल्पी हुन् ।

पूर्वीय साहित्यमा खण्डकाव्य र पश्चिमा साहित्यमा लामो कविता चलनचल्तीमा छन् । सैद्धान्तिक मान्यता अनुसार खण्डकाव्यमा जीवनको कुनै पक्षको चित्रण हुन्छ र आख्यान वा घटनाको उपस्थिति बाक्लो हुन्छ भने लामो कवितामा आख्यान व्यतिक्रमित वा अव्यतिक्रमित दुवै हुन सक्छ । तर 'अस्तित्वको दाबीमा साबातको बैला उत्सव', 'आजाजुजे पहाड र घाउको आँखा', 'सूर्यदान', 'क्षितिजको झुल्का आज बोकाको सपना', 'मेरी आमाले आत्महत्या गरेको देश' आदि मानक लामा कविताभन्दा यो बिलकुल फरक छ । अस्पष्टभन्दा स्पष्ट, अदृश्यभन्दा दृश्य, जटिलभन्दा सरल, सूक्ष्मभन्दा स्थूल, चक्रीयभन्दा रेखीय, अमूर्तभन्दा मूर्त हुनु यसको विशेषता हो ।




कविले मुक्तछन्दको प्रयोग गरेको भए पनि यसमा लयनाद गुमेको छैन । आन्तरिक झंकार बग्दो नदीको जस्तो मजबुत छ । आयाम र प्रयोगका हिसाबले यो लामो कविताभन्दा पनि खण्डकाव्यको स्तरमा छ ।

झीनो कथावस्तु लिएर लामो कविताको बाटो हिँड्नु सजिलो छैन । कवितामा रेशम बजगाईं नामक पात्रको बेरोजगारी, आप्रवासन अनि हत्यामा कविहृदय सुसाएको छ । सहिदको छोरो खाडीमा बिकेको, सहिदको हजुरबालाई मोटरले किचेको, सहिदकी श्रीमतीलाई अफ्रिका पठाएको अनि सहिदको नातिको जिब्रो थुतिएको विद्रूप स्थितिले कवि स्तब्ध छन् । देशभित्रका राजनीतिक बेथिति, भ्रष्टाचार, नारीविभेद, छुवाछूत, दलन आदिका साथै पैसाको भाषा मात्र बुझ्ने सामाजिक कुरीतिका कारण सपनै सपनाको बोझ बोकेर हिँडेका पात्रहरूको अतृप्त कथा पनि समेटेकाले यिनले काव्यिक रौनक ल्याएका छन् ।

सन् २०२० फेब्रुअरीमा हिरोसिमा र नागासाकीको युद्धसंग्रहालय घुम्दा दोस्रो विश्वयुद्धताका लिटिल ब्वाय, फ्याटम्यान आदि आणविक बमले निम्त्याएको विनाशलीला देखेपछि कवि लालगोपाल व्यथित भएका देखिन्छन् । सिकन्दरको विश्वविजय उनलाई व्यर्थ लागेको छ । सिकन्दरले पनि चारहाते चिहानबाहेक केही पाएनन् । कविलाई आफूले सांसारिक सुखका निम्ति इन्द्रधनुषको पाइलामुनि सुन खोजिरहेको अनुभूति हुन्छ अनि बौद्ध दर्शन, चार आर्यसत्य, आष्टांगिक मार्ग, प्रतीत्य समुत्पादतिर आकर्षित हुन्छन् । उनलाई विपश्यना ध्यान रमणीय विश्रामस्थल लाग्न थाल्छ । कविले लामो कवितामार्फत बुद्धविचारकै आलोकमा विश्व परिवेशलाई मसिनेरी नियालेका छन् ।

यस कृतिले सन् २००१ देखि सन् ३००० सम्मको सहस्राब्दीमा बुद्ध जन्माउने नवप्रस्तावना अघि सारेको छ । शुद्धोधन र मायादेवीको संवादमार्फत कविले लुम्बिनीको सालवन वा पीपलछायामा विश्व कविसम्मेलन गर्ने प्रस्ताव पनि गरेका छन् । असल कविताबाट मान्छे, प्राणी र वृक्ष वनस्पतिहरूलाई शाश्वत खुसी दिन सकिने कविको विश्वास छ । उनले करुणा, मैत्री, समता र मुदिता प्रकट हुने कविताका निम्ति कविजनलाई खाली पाना उपलब्ध गराउन आफू तयार रहेको समेत उल्लेख गरेका छन् ।

लामो कविता भए पनि यसमा काव्यिक मलिनताको पटक्कै आभास छैन । शब्दविन्यास उत्तम छ । शिल्पगत र भावगत सजावटमा सन्तुलन छ । कविताको कच्चा पदार्थका रूपमा समसामयिक कथ्य चमकदार रूपमा जोडिएका छन् । । आफ्नै दुःख-सुख, माया-मोह, मिलन-विछोड, घृणा-प्रेम, रिस-राग, आलोचना र संश्लेषण, श्रुति, दृष्टि, अनुभूति, पठन आदिलाई कविले लामो कवितको सर्जाम बनाएका छन् ।

'अनि प्रतीत्य समुत्पाद'को ढुकढुकी भनेकै बुद्धविचार हो । बुद्धज्ञानको अरुणिमामा काव्यकृति चम्किएको छ । पाँचौं आर्यसत्यको काव्यिक खजाना भए पनि यसमा दार्शनिक शब्दावलिको प्रयोग सोचेभन्दा न्यून छ । स्थूलताभन्दा सूक्ष्मताको पल्ला भारी भए पनि लम्बाइ दिन सक्नु कविको सक्षमता हो । कहिलेकाहीं भने कवि व्याख्यान र आख्यानको दबाबमा परेको भान हुन्छ । अनुभूति ओछ्याउन छाडेर कवि फजुलमा भटभट्याउन थाल्छ भने कविता दुर्घटनान्मुख हुन्छ नै । कताकति कविको हस्याङफस्याङ पनि कृतिमा नदेखिने होइन । तैपनि काव्यपंक्ति सम्प्रेषणीय, सुस्वादु र ग्रहणीय नै छन् ।

कविले मुक्तछन्दको प्रयोग गरेको भए पनि यसमा लयनाद गुमेको छैन । आन्तरिक झंकार बग्दो नदीको जस्तो मजबुत छ । आयाम र प्रयोगका हिसाबले यो लामो कविताभन्दा पनि खण्डकाव्यको स्तरमा छ । यसमा तीन पोया चुल्ठो बाटिएको छ, दुःखको दर्शन, प्रतीत्य समुत्पाद र निर्वाण । सामान्यतः लामो कवितामा खण्ड छुट्ट्याइएको हुँदैन । तर यसले खण्डकाव्यको जस्तो त्रिखण्डे बाटो समाएको छ । शास्त्रीय वा मात्रिक छन्दमा नलेख्दैमा खण्डकाव्य नहुने होइन । छन्दमा लेख्दैमा लामो कविता नहुने पनि होइन ।

सत्य सदैव सुन्दर हुँदैन, न त सुन्दर शब्द नै सत्य हुन्छ । कविता सरल भईकन पनि लालित्य छर्नु अनि बौद्धिक देखिन सक्नु चानचुने होइन । यसमा कवि लालगोपालले स्याबासी नै पाउने छन् । यद्यपि कवितालाई कसरी बुझ्ने भन्ने पाठकको स्तरमा निर्भर हुन्छ । कहिलेकाहीं पाठकको अपेक्षा कविले पूरा गर्न नसकेको हुन्छ । कहिलेकाहीं पाठक कविको स्तरमा नपुगेको पनि हुन सक्छ । आज पुगेको छैन भने पनि कुनै दिन नपुग्ला भन्न मिल्दैन ।

# मान्छेको जीवन, बाख्राको जीवन

**एउटा मान्छे बाख्राको जिन्दगी बाँच्छ, बाख्राकै खान्की-पानी खान्छ, बाख्रासँगै सुत्छ । असलमा ऊ बाख्राजस्तै भइसकेको छ ।**



फिल्म
सुशील पौडेल



बाँच्नका लागि संघर्ष । संघर्षबिना जति नै ठूलो भीमकाय डायनोसर भए पनि अस्तित्व गुम्न सक्छ । मान्छेले बाँच्नका लागि कतिसम्म संघर्ष गरेका होलान् त ? १२ वर्षअघि एउटा फिल्म आएको थियो, 'लाइफ अफ पाई', जसमा एक भारतीय युवक पाई र एक बंगाली बाघले एउटै लाइफ बोट (सानो डुंगा) मा २ सय २७ दिनसम्म प्रशान्त महासागरमा बाँच्नका लागि गरेको संघर्ष देखाइएको छ । ओस्कार अवार्डमा ११ विधामा मनोनयनमा परेको यो फिल्म सोही नामको उपन्यासमा आधारित थियो, अथवा फिल्मको कथा र पात्रको संघर्ष काल्पनिक थियो ।

यतिबेला यस्तै कारुणिक जीवन-संघर्षमा आधारित फिल्म प्रदर्शनरत छ, 'द गोट लाइफ' । मलायालम भाषाको यस फिल्म बेन्यामिनको उपन्यास 'आडुजीवितम' मा आधारित वास्तविक घटनाको 'सर्भाइभल स्टोरी' हो । ब्लेसीको पटकथा लेखन तथा निर्देशन रहेको 'द गोट लाइफ'ले केवल एक पात्रले बाँच्नका लागि गरेको संघर्ष पस्कँदैन, मान्छे हुनुको महत्त्व पनि दर्शाउँछ ।

भर्खर-भर्खर बिहे गरेको मलयाली एक युवक नजीव मुहम्मदलाई भविष्यको रंगीन जीवनको सपनाले साउदी अरब लखेट्छ, श्रम गर्न । भाइसाथी हकिमसँगै साउदीको रियादस्थित किंग खालिद इन्टरनेसनल एयरपोर्टमा झर्दा नझर्दै नजीवको सन्ताप सुरु भइसकेको थियो । स्थानीय भाषाको ज्ञान नहुँदा र पढेलेखेको नभएकैले एक कम्पनीमा काम गर्न भनी हिँडेको नजीव साउदीको मरुभूमि पुर्‍याइन्छ, भेडाबाख्रा गोठालोका लागि । गोठालो के भन्नु ? भेडाबाख्रा नै बनाउन । अनि सुरु हुन्छ, नजीवको 'गोट लाइफ' अर्थात् बाख्रे जिन्दगी ।

मान्छेका पुर्खा बाँदर थिए रे । रामापिथेकस हुँदै आजको सभ्य मानवसम्मको यात्रामा मान्छेले चेतनाको विस्तार गर्‍यो, भाषाको विकास गर्‍यो । तर, आजकै मान्छेले पनि भाषा जानेर पनि आफ्ना कुरा सञ्चार गर्न सकेन भने, सफासुग्घर हुन पाएन भने, आफ्नै ओछ्यानमा सुत्न पाएन भने, मीठो दुई छाक आफ्नै मर्जीले खान र प्यास मेटाउन पाएन भने, स्वतन्त्र हिँडडुल गर्न पाएन भने र भविष्यबारे मीठो कल्पना सँगाल्दै रोमाञ्चित हुन पाएन भने के ऊ मान्छे नै रहला ? मध्यभागसम्म फिल्मले दर्शकलाई यही अहम् प्रश्नको तगारो तेर्स्याइदिन्छ ।

एयरपोर्टबाट बन्धक शैलीमा साउदीको कुनै मरुभूमिमा पुर्‍याइएको नजीव न उनीहरूको भाषा बुझ्छ, न त नजीवले आफू कम्पनीमा कामदारका रूपमा आएको तर गल्तीवश त्यहाँ ल्याइएको भन्दै बारम्बार गरेको क्रन्दन अरबीले नै बुझ्छन् । अरबीले बुझ्छन् त केवल उसलाई आफ्नै खोरमा थुनिएका भेडा, बाख्रा पशुसरह नै । सुत्नका लागि तातो बालुवाको ओछ्यान, तौलिएर दिइएको खानापानी, बन्दुकको नालले निर्धारण गरेको स्वतन्त्रता, दाह्रीकपाल काट्न त परको कुरा, नुहाउनसमेत नपाउनु र आफ्नै लुगा पनि लगाउन नपाएर अरबीले दिएकै रद्दी कपडा लगाएर भेडाबाख्रा चराउने, दुहुने जिम्मा पाएको नजीवको जीवन कल्पना बाहिरको लाग्छ । तर उसले त्यसैगरी, त्यहाँ साढे तीन वर्ष सास धानेर बसेको हो ।

मान्छे परिस्थितिले दास बन्न सक्ला, तर के उसको चेतनाले उसलाई दासकै रूपमा अझ भनौं जनावरकै जिन्दगीमा मर्न देला ? जिइरहेको जीवनलाई चुनौतीको सामना गर्दै थप परिस्कृत गर्दै लैजानु मान्छेको स्वभाव नै हो । मान्छेलाई पशुभन्दा फरक पनि उसको सोच, जिज्ञासा र क्रान्तिकारी प्रवृत्तिले बनाएको हुनुपर्छ । मरुभूमिमा भेडाबाख्राकै दाना र डुँडको पानी खाएरै जीवन घिसारिरहेको नजीवलाई घर, पत्नी र सपनाले मर्न दिँदैन । मनग्गे सम्पत्ति कमाएर घर फर्कंदा पत्नीले छोरोसहित स्वागत गर्ने कुराले उसलाई चिमोटिरहेको हुन्छ ।

> 'द गोट लाइफ' ले भन्छ– वैदशिक रोजगारी केवल रमझम होइन, दुःखको अनन्त सागर पनि हो । वैदेशिक रोजगारीमा पैसा मात्रै छैन, रगत र मृत्यु पनि छ ।

एक दिन त्यस पाशविक जिन्दगीबाट छुट्कारा पाउने झीनो आशा जाग्छ, जब नजीवले उही हकिमलाई अर्को भेडी गोठालो इब्राहिम खादिरीलाई भेट्छ, हकिमले नजीवलाई त्यहाँबाट भाग्नका लागि खादिरीलाई मरुभूमिको बाटो थाहा भएको र सघाउन तयार रहेको बताउँछ । अरबीहरू पारिवारिक एक उत्सवका लागि कतै गएको बेला पारेर यी तीन जना मरुभूमिमा जीवनको खोजीमा निस्कन्छन् । सास मात्र फेरिरहेको जीवनबाट आशातीत जीवनमा प्रवेश गर्दै गर्दा उनीहरूले मरुभूमिमा तिर्खा, भोक, गर्मी र मृत्युसँग गरेको पैंठेजोरी हेरिरहँदा दर्शकलाई समेत बेचैनी बनाउँछ । अझ भनौं दर्शक स्वयं पात्रसँगै मरुभूमिमा बाटोका लागि भट्किरहेका छन् जस्तो भान हुन्छ ।

बेन्यामिनले नजीवलाई भेटेपछि उनले भोगेको दुर्दशा संसारलाई भन्नुपर्छ भन्ने ध्येयले लेखेका थिए, आडु जीवितम । जबकि नजीव त्यो कारुणिक भोगाइ पुनः सम्झने अवस्थामा पनि थिएनन् रे । तर, हाम्रो नेपाल जस्तै भारतका दक्षिणी भेगमा पनि खाडी मुलुकमा श्रमका लागि जानेको ठूलो ताँती छ । वैदेशिक रोजगारमा केवल पसिना र पैसा मात्रै छैन, रगत र मृत्यु पनि छ भन्ने पटाक्षेप गरिदियो, सन् २००८ मा आएको बेन्यामिनको यस उपन्यासले । केरलाको 'बेस्ट सेलर' यस उपन्यासका एक सयभन्दा बढी संस्करण छापिइसकेको छ । उपन्यासलाई बन्दी, मरुभूमि, भगाई र शरणार्थी गरी चार भागमा बाँडिएको छ । मान्छेको जीवनमाथि रोजगारदाताले गर्ने खेलबाड उदाङ्गो भएपछि यूएईसहित साउदी अरब, कुबेत, बहराइन, कतार, ओमानलगायतका खाडी राष्ट्रले उक्त उपन्यासलाई नै प्रतिबन्ध लगाए (यतिबेला फिल्मलाई पनि प्रतिबन्ध लगाएका छन्) ।

ब्लेसीले सोही उपन्यास पढेपछि सन् २००८ देखि नै फिल्म बनाउन कस्सिएका हुन् । लेखक बेन्यामिनसँग स्वीकृति लिएपछि उनले नजीवको मुख्य चरित्रका लागि पृथ्वीराज सुकुमरनलाई कास्ट गरेका थिए । १६ वर्षको मिहिन मिहिनेतपछि ब्लेसीको फिल्म 'द गोट लाइफ' प्रदर्शनमा आएको छ । मलायालम भाषामा गत वर्ष चैत १५ मा नै थिएटर रिलिज भएको यस फिल्मको चर्चा भने हिन्दी भर्सनसहित साउन ४ मा नेटफ्लिक्समा आएपछि विश्वव्यापी बनेको हो । ८२ करोड भारु बजेटमा बनेको 'द गोट लाइफ' को निर्माण संघर्ष पनि ब्लेसीका लागि सहज भने भएन । वाडी रम, जोर्डन र अल्जेरियाका मरुभूमिमा ६ वटा सेड्युअलमा छायांकन गरेका ब्लेसीका लागि सुरुवातदेखि नै लगानीको चर्को अभाव पर्‍यो । निर्माताकै खोजीमा बीचमा लामो समय फिल्मको छायांकन रोकियो । ब्लेसीले उपन्यास पढेपछि एक अन्तर्वार्तामा भनेका थिए, म यो उपन्यास पढ्दै गर्दा दिमागमा तरंगित दृश्य कल्पनाले एकदमै आकर्षित भइरहेको छु । त्यसैले पनि उनी फिल्मलाई ठूलो क्यानभासमा 'बिग बजेट' फिल्म बनाउन चाहन्थे । सन् २०१० मा दुबई र राजस्थानका मरुभूमिमा गएर केही दृश्य खिचेका पनि थिए, तर त्यसलाई रोके । उनी आफ्नो सोचलाई बजेट अभावकै कारण खुम्च्याउन चाहन्नथे । त्यसपछि जेट मिडिया प्रोडक्सनका जिम्मी जिन लुइस (जसले फिल्ममा खादिरीको भूमिका पनि निर्वाह गरेका छन्) र अर्को एक निर्माण कम्पनीले ब्लेसीलाई निर्माणमा सघाउने भएको थियो । २०१८ मार्चदेखि २०२२ जुलाईसम्ममा फिल्मको छायांकन गरिएको थियो ।

'द गोट लाइफ' मा केवल २० प्रतिशत मात्रै संवादको हिस्सा छ, त्यसमा पनि अधिकांश अरबी । मलायालम (वा हिन्दी डब) संवाद थोरै छ । तैपनि निर्देशक ब्लेसीले फिल्ममा 'सबटाइटल' नराख्ने जोखिम मोले । निर्देशकको यस जोखिमबारे नजीवको भूमिकामा रहेका पृथ्वीराजको मान्यता छ, फिल्मले भाषा (नबुझिने संवाद) को सबैभन्दा ठूलो 'लिबर्टी' लिएको छ । 'सबटाइटल' नराख्नुमा ब्लेसीको कलात्मकसँगै व्यावहारिक सोच पनि झल्कन्छ । उनी दर्शकलाई कहानी बुझाएर नभई नजीवको भोगाइमा समाहित गराउन चाहन्थे । जसरी नजीवलाई अरबी भाषा नजान्दा र नबुझ्दा अप्ठ्यारो परिस्थिति आइपरेको थियो, त्यसरी नै निर्देशकले दर्शकलाई पनि अप्ठ्यारो नै बनाउन चाहेका छन् । फिल्ममा संवाद गौण हो, एक वैदेशिक रोजगारमा गएको श्रमिकलाई रोजगारदाताले दासीका रूपमा गर्ने व्यवहार मुख्य हो । जुन कुरा निर्देशकले दृश्यबाट बुझाउन कुनै कसर बाँकी छोडेका छैनन् । हाम्रो जस्तो रेमिट्यान्समा धानिएको देश, घरका एकजना विदेशिएको समाज र कोही विदेशमै पसिना चुहाइरहेका वा कोही जाने सोचमा पासपोर्ट र भिसाको चक्करमा कुदिरहेका वा कोही विदेशमा पसिना बगाएर आइसकेकाका लागि 'द गोट लाइफ' एउटा 'टेक्स्ट बुक' पनि हो । वैदशिक रोजगारको रमझम मात्रै बुझेकाहरूका लागि यसको छोपिएको कालो पाटो बुझ्ने मौका पनि हो फिल्म, 'द गोट लाइफ' ।

फिल्मलाई स्तरीय बनाउन निर्देशक ब्लेसीले दृश्यमा जति मिहिनेत गरेका छन्, त्योभन्दा बढी मिहिनेत देखिन्छ, अभिनयमा । मुख्य पात्र नजीवको भूमिकामा रहेका पृथ्वीराजले यति जीवन्त अभिनय गरिदिएका छन्, कुनै फिल्म हेरे झैं लाग्दैन । बरु उनलाई पछ्याइरहेको भान हुन्छ । पात्रलाई लिएर उनको शारीरिक बदलाव तारिफयोग्य छ । एउटा 'सुपरस्टार' भइसकेको कलाकारले 'द गोट लाइफ' मा बाख्राको जिन्दगी बाँच्छ, बाख्राकै खान्की, पानी खान्छ, बाख्रासँगै सुत्छ, असलमा ऊ बाख्राजस्तै भइसकेको छ । यो चुनौतीलाई आत्मसात् गरेर जीवन्त पार्न सक्नु पृथ्वीराजको प्रशंसायोग्य काम हो । उनको यो कामलाई यतिबेला ओस्कार विजेता फिल्म 'द रेभेनेन्ट' का लियोनार्दो डिक्याप्रिओसँग समेत तुलना गरिएको छ ।

फिल्ममा एआर रहमानको संगीत रहेको छ । पृष्ठभूमिमा बज्ने संगीतले फिल्मको मुडलाई थप परिष्कृत पार्छ । झन्डै तीन घण्टा लामो फिल्मको ठूलो हिस्सा मरुभूमि र सीमित एकाध पात्रमा केन्द्रित छ । यस्तोमा फिल्म केही सुस्त लाग्नु स्वाभाविक हो । तर, निर्देशकले दृश्यका कुनै पनि फ्रेमलाई फितलो हुन दिएका छैनन्, यदि दर्शक यस्ता कथा वा 'जनरा'का पारखी हुन् भने फिल्मले माथिल्लो स्तरको अनुभूति दिलाउने पक्का छ । तर, 'सर्भाइभल स्टोरी'मा चाख नलाग्नेका लागि पनि यो फिल्म केवल बाँच्नका लागि मात्र गरिएको संघर्ष हैन भन्ने रहेछ भन्ने ज्ञान हुनेछ । सास फेर्नु मात्र बाँच्नु होइन, जनावरभन्दा फरक हुने हो भने मान्छेले दिमाग चलाउनैपर्छ, आएको मौकामा जोखिमको चुनौती मोल्नैपर्छ, 'द गोट लाइफ' को पेटबोलीले यसै भन्छ । 'आडुजीवितम' उपन्यासलाई सन् २०१५ मा दिनेश काफ्लेले 'खबुज' नाममा नेपाली रूपान्तरण गरेका छन् ।

# किराती मौखिक इतिहासको उत्खनन्

**खालिङ किरात समुदायमा 'मृतात्मा' सँग नोक्छोले संवाद गर्ने विश्वास-पद्धति छ, जसमा लडिमरेका-झरिमरेकाहरूलाई चुल्होमा स्थान मिल्दैन भन्ने सांस्कृतिक विश्वास छ**


नाटक
गुरुङ सुशान्त



एकछिनलाई एउटा कष्टदायी कल्पना गरौं– कुनै परिबन्दमा परेर हाम्रा मुखमा बलिया ताल्चा झुन्ड्याइएका छन् । परिस्थिति यस्तो छ कि चाहना र चाबी अरूकै मुठ्ठीमा लुकाइएको छ । हामी ताल्चा खुल्ने घडीको प्रतीक्षामा छौं । थाहा छैन, त्यो घडी कहिले आउँछ ? फेरि सोचौं– हामी कति समयसम्म आफ्नो धैर्यको परीक्षा लिन सक्छौं ? बक बन्द गरेर हामी कति घडी रहन सक्छौं ? कुनै सिद्धहस्त लेखकको प्रयोगपरक स्वैरकाल्पनिक आख्यानमा त कुनै पात्र युगौं मौन रहन सक्ला या महिनौं निदाउन सक्ला । तर, यथार्थ जीवनमा बोली लुटिएको व्यक्तिका रूपमा आफूलाई कल्पना गर्दा मात्रै पनि निस्सासिन्छौं । र, आक्रोशित हुन्छौं । काठमाडौंको मण्डला नाटकघरमा मञ्चन भइरहेको नाटक 'मेषी दण्ड' हेरिरहेका दर्शक जब यसको पृष्ठकथालाई बोध गर्छन्, तब एक साथ निस्सासिने र आक्रोशित हुने प्रक्रियाबाट गुज्रन सक्छन् । जब दर्शकहरू थिएटरबाट बाहिरिन्छन्, तब बेसुरे सपनाबाट ब्युँझिएपछिको उदासीजस्तो एक तमासको नीलो निस्तब्धतालाई मनको देब्रे खल्तीमा बोकेर फर्कन बाध्य हुन्छन् । र, नाटकमा प्रयुक्त कविताको अन्तिम हरफ पार्श्वमा गुन्जिरहेको पाउन सक्छन्– 'लामो निद्रापछि बल्ल म ब्युँतिएको छु/सम्झ अब म ब्युँतिएकोपछि/सुरु हुनेछ अर्को कथा...।'

यस नाटकले भाषा र सभ्यताको अन्तरसम्बन्धलाई किराती मौखिक इतिहासको जगमा उभिएर कलात्मक शैलीमा मञ्चमा उतारेको छ । भाषा शब्दभण्डार र व्याकरणको तालमेल मात्रै होइन, खासमा भाषा आफैंमा एउटा छुट्टै विशाल संसार हो । भाषासँग समुदायका सभ्यता-संस्कृति र इतिहास गाँसिएका हुन्छन् र जोडिएका हुन्छन्– उसको विश्वास पद्धतिदेखि जीवन पद्धतिसम्म । व्यक्तिदेखि समुदायसम्मले कसरी सोच्छ भन्ने बलियो आधार नै भाषा हो । इटालीका विद्वान् भेजिनोले यस्सै भनेका होइनन्, 'कुनै जातिलाई नष्ट गर्नु छ भने उसको भाषा नष्ट गरिदिनू ।' हाम्रा विश्वविद्यालयहरूले भाषालाई अभिव्यक्तिको माध्यमदेखि विचार विनिमयको साधनसम्मको साँघुरो घेरामा खुम्च्याइदिएकै परिणाम आधुनिक शिक्षाको व्यानरमा व्यापार गर्ने निजी विद्यालयमा हाम्रो नयाँ पुस्ताले खस नेपाली भाषा बोल्दासमेत दण्डित हुनु परेको छ । आफ्नै भूगोलमा आफ्नै भाषा बोल्दा दण्ड बेहोर्नुको व्यथा अंग्रेजी माध्यमको 'स्कुल' भित्रिएपछि मात्रै देखा परेको होइन । डेढ शताब्दीभन्दा अघिदेखि यहाँको राज्यसत्ताले समुदायहरूका भाषामाथि गरेको दमन र उत्पीडनका इतिहासहरू छन्, जुन इतिहास शासककेन्द्री विरुदावलीहरूको दरबारमुनि दबाइए । र, आज मिथकीय शैलीमा मात्रै सुन्न पाइन्छन् ती । शासकको इतिहासका पानामा पर्नबाट वञ्चित हाम्रा उत्पीडनका ती अश्रुगाथा हाम्रै श्रुति-परम्परा र पुराकथामा बाँचिरहेका छन् ।

लाग्न सक्छ, धेरैले नसुनेको यस कथाको पोयो फुकाउने मेसो 'जनयुद्ध' को पृष्ठभूमिबाट आएका युवा कवि गिलु रातोसले चाहिँ कसरी पाएछन् ? केही वर्षअघि राजनीतिकर्मी मानवीर राईले खालिङ समाजको ऐतिहासिक घटना मेषी दण्डबारे नबताउँदासम्म गिलु पनि लगभग अनभिज्ञ रहेछन् । उहिले नेपालको केन्द्रीय राज्यसत्ताका प्रतिनिधिहरू चीनको नाङ्पाला जाँदा सोलुखुम्बुको उत्तरी भेगको खालिङ बस्तीमा पस्दा रहेछन् । त्यहाँका खालिङहरूले बाबियोको डोरी बाटेर 'तुइन' तयार गरी शासकहरूलाई नदी तार्ने काम पनि गर्दा रहेछन् । शासकहरू भने बेलामौकामा राज्यका नीति, नियम तथा उर्दीहरू फलाक्दा रहेछन् । शासकहरूले बोलेको खस नेपाली भाषाका अर्थहरू नबुझे पनि खालिङ समाजले सम्मानस्वरूप सकार भावमा आफ्नै भाषामा भन्दा रहेछन्– 'मेषी माका' । भाषागत समस्याका कारण 'हो, हजुर' भन्ने अर्थ लाग्ने 'मेषी माका' लाई शासकहरूले नकारभावमा लिएछन् अनि निर्णय गरेछन् कि यहाँको समाज केन्द्रीय राज्यशासनविरुद्ध भएकाले दण्ड तिराउनुपर्छ । राणाशासन नढल्दासम्म खालिङ बस्तीले 'मेषी दण्ड' बर्सेनि तिरेछ । यो कुरा सुनेपछि कवि मनका गिलु नलेखी बस्न सकेनन् । सत्ताले कसिङ्गरमा मिल्काएको इतिहासको एकसरो कथाव्यथालाई कवि कल्पना, ऐतिहासिक सम्भाव्यता, लोक-कहावत आदिको सहारामा निकै सावधानीपूर्वक उत्खनन गरेका छन्, गिलुले । उत्प्रेरणा, अध्ययन र कल्पनालाई एकसाथ आफ्नो लेखकीय गर्भमा बोकेर हिँडेका गिलुलाई रंगकर्मी अनिल सुब्बाको सहयात्रा मिलेपछिको परिणाम हो– नाटक 'मेषी दण्ड' ।



खालिङ आदिवासी बस्ती आफ्नै सीप र ज्ञान परम्परालाई अगाडि बढाउँदै रैथाने लयमा चलेकै थियो । तर, मेषी दण्ड तिर्नुभन्दा ब्राह्मण खलककलाई जग्गा जमिन दिएर खस नेपाली भाषा सिक्दा दण्डमुक्त भइने आसमा जब खस आर्य शासकलाई त्यहाँ प्रवेश गराइयो, तब हिन्दु जातव्यवस्थाको सोपानक्रममा लादियो । र, युगौंदेखि चलिआएको काम पनि सानाठूलाको तहगत व्यवस्थामा वर्गीकरण भयो । साथै, स्थाननामदेखि दैनन्दिनमा समेत खस नेपाली भाषाले नै कब्जा जमायो । किरात बस्तीमा हिन्दुकरण लादिएको यही कथालाई नाटकले मुखर ढंगले प्रस्तुत गरेको छ । नाटकमा ब्राह्मण र खालिङ दुवै समुदायका बीच भएको छेडछाड छ, नोकझोंक छ, सहकार्य छ र प्रेम पनि छ । अनि, उत्पीडनदेखि प्रतिरोधका झिल्कासमेत छन् । सुजम्बर-जुनमफूल, लबदा-लाकुमाङ, जिरिम-आङ्नीसङ, सिंहवीर कार्की, सूर्यध्वज-राधिका, दिल्सु-विष्णु, नोक्छो, पण्डित आदि पात्रले आआफ्नै सामुदायिक चरित्रलाई मसिनोसँग आत्मसात् गरेका छन् ।

नाटक हेर्नु भनेको एकसरो कथालाई दृश्यबाट अवलोकन गर्नु मात्रै होइन, लेखक, कलाकार, निर्देशक र सम्पूर्ण टिमको कला-शिल्पको समग्रतालाई एकाग्र भएर रसास्वादन गर्नु पनि हो । त्यही नाटकले मात्रै कल्पना र यथार्थको सीमारेखा भत्काएर दर्शकलाई आफैंसँग यात्रा गराउन सक्छ, जुन नाटकमा लेखन-शिल्प, अभिनय-कला र निर्देशकीय विश्वदृष्टि-लय एकसाथ बग्छन् । डेढ घण्टा लामो नाटकले दर्शकलाई बाँधेर राख्न सक्नु 'मेषी दण्ड' को लयात्मक सफलता हो भन्न सकिन्छ । प्रत्यक्ष संगीत र वाद्यवादनमार्फत पक्रिएको संगीतात्मक गति र त्यही गतिमा बगेको यस नाटक कतिपय दर्शकलाई धीमा लाग्न पनि सक्छ । तर, प्रत्यक्ष गायनमा खटिएकी प्रवृत्ति राई र उनको समूहलाई महसुस गर्ने हो भने दर्शकमा तरल भाव सञ्चार भइरहन्छ । प्रकाश, भेषभूषा, साजसज्जा र रंगमञ्चीय रङ-संयोजनले पुरानो समयको कथा अगाडि बढाउन भरपूर सहयोग गरेको देखिन्छ । तर, कतिपय कलाकारबीचको संवादात्मक परिवेशलाई उच्च ध्वनिका कारण धूमिल पारिदिएको महसुस हुन्छ । कतिपय संवादचाहिँ गैरखालिङभाषी दर्शकले पात्रको भावभंगिमा, सन्दर्भ र परिवेशबाट बुझ्नुपर्ने खालका भएकाले अलमल पनि निम्तिन पनि सक्छ । तर, यस्तो अलमल हिजो मेषी दण्ड बेहोर्ने खालिङ समुदायले भोगेको सकसको पहाडअघि एक बित्ता पनि होइन । कतै भाषिक दुर्बोध्यताको पीडा बुझाउन पनि यो शैली अंगीकार गरिएको त होइन ?

दर्शकलाई हँसाउँदै-हँसाउँदै रुवाउन समर्थ छन्, कलाकारहरू । दर्शकलाई पात्र र कथासँगै एकाकार गराएर साधारणीकरणसम्मको यात्रामा डोर्‍याउन सक्नुलाई कलाकारहरूको अभिनयको सफलता मान्नुपर्छ । उत्पीडनको कथामा हास्यरस घोल्न सक्नु 'मेषी दण्ड' को शिल्पगत क्षमता हो । यस नाटकको सबैभन्दा रुचिकर पक्ष हो– पात्रता बाँटफाँटमा सकभर समान वितरण । कलाकारको क्षमता र कथाको मागअनुसार भूमिका केही घटीबढी हुनु त स्वाभाविकै हो । तर, नाटकको उद्देश्य कुनै पात्रलाई नायक या खलनायक बनाउन अतिरिक्त मिहिनेत गर्नुमा छैन । समुदायको उत्पीडित कथा भन्नु नै प्रमुख ध्येय रहेकाले सामूहिक पात्रतामा जोड दिइएको छ । हुन त, हामी व्यक्ति र समाज अनि पात्रता र नायकत्वलाई कसरी हेर्छौं भन्ने सवालसँग पात्रविधान जोडिएर आउला । 'कोरस' र 'लिड रोल' भन्ने रंगमञ्चीय भाष्यलाई धेरथोर भत्काउने कोसिस 'मेषी दण्ड' ले गरेको छ । यो कोसिस सुविचारित हो कि संयोग मात्रै ? यसको जवाफ भने निर्देशक अनिल सब्बाका आगामी नाटकहरूले दिनेछन् ।

नाटकमा ग्रामीण किराती जीवनशैली, संस्कृति र विश्वासपद्धतिलाई प्रतिनिधित्व गर्ने दृश्यहरू समावेश गरिएको छ । दैनिक घरव्यवहारमा प्रयोग गरिने चिण्डोलाई किरातीहरू जीवनको प्रतीक मान्छन् । सायद यही प्रतीकको अर्थबोध गराउन होला, 'मेषी दण्ड' का पात्रहरू नदी तर्दा कम्मरमा चिण्डोहरू झुन्ड्याउँछन्, जसका कारण पानीमा नडुबियोस् र मृत्युबाट जोगियोस् । खालिङ किरात समुदायमा 'मृतात्मा' सँग नोक्छोले संवाद गर्ने विश्वास-पद्धति छ, जसमा लडिमरेका-झरिमरेकाहरूलाई चुल्होमा स्थान मिल्दैन भन्ने सांस्कृतिक विश्वास छ । तर, नोक्छोले दुर्घटनामा परी बितेका 'आत्मा' फकाएर बाटो लगाउने विधानसहितको सामुदायिक आस्था छ । यसमा अर्को रोचक जनविश्वास छ कि चुल्हामा नराखिने 'मृतात्मा' लाई फकाउन उनका प्रियजनहरू पनि त्यही बाटो आउने बयान गर्दासमेत नमाने 'नोक्छो' स्वयं आउने भनेर फकाइन्छ । यस्ता आस्था र विश्वासहरूको भौतिकवादी व्याख्या र निरूपण कसरी गर्ने भन्ने प्रश्न त जिउँदो नै छ । तर, यही विश्वास पद्धतिलाई 'मेषी दण्ड' ले विश्वसनीय शैलीमा प्रस्तुत गरेको छ ।

जुन भूगोलबाट यो कथा तानिएको छ, त्यहाँका खालिङहरूले 'ङ्वार' नामक सिली नाच्छन् । अरू समुदायले आफ्नो समूहलाई हेप्दा, खडेरी पर्दा, बालीनाली नसप्रँदा केही वर्षको अन्तरमा यस नाचको आयोजना गरिन्छ, जसमा सहभागीद्वारा हतियारसहित नाच्दै विरोधी पक्षलाई हारेको देखाइन्छ । नाटकमा वरिष्ठ कवि भूपाल राईकृत कविता 'अर्को कथा' पृष्ठभागमा बजिरहँदा मञ्चमा यही ङ्वार सिली नाचेको दृश्यलाई निकै सार्थक ढंगले देखाइन्छ । लाग्छ– कविताको प्रयोग सही दृश्यमा गरिएको छ । साथै, कविताले नाटकको मूल मर्मलाई बोक्दै प्रतिरोधी आन्दोलनको कलात्मक आह्वानसमेत गरेको छ । राजनीतिक-सांस्कृतिक मुद्दाकेन्द्रित हुँदाहुँदै पनि नाटकलाई नाराबाजीबाट पृथक् कलामा उभ्याउने मेरुदण्ड बनेको छ, कविता । लाग्छ– प्राविधिक रूपमा माझ्ने हो भने नाटकको आभामा अझै निखार आउने थियो ।

# राँके बजारको पालाम

कविता
चन्द्र कुवेर खापुङ





उहिले-उहिले हामी सानो छँदा
साउने संक्रान्ति आउँदै गर्दा
राँके बजारमा हाट लाग्ने खबर सुन्दा
उसै-उसै आल्हादित हुन्थ्यौं,
लुतो फाल्ने तयारीमा जुट्थ्यौं
बजार जाने तरखरमा हुन्थ्यौं ॥

भन्नुहुन्थ्यो बुबा–
साउनभरि कपाल काट्न हुन्न
साउनभरि कुखुरा, परेवा, हाँस काट्नुहुन्न

साँझको घरधन्दापछि
झरझराउँदो अगुल्ठोले
नाङ्लो ठटाउँदै
बुइँगलदेखि ओछ्यान, ढुकुटी,
र भान्छाघर घुम्दै दाजु भन्नुहुन्थ्यो–
'ढङ्ढङ् राति संक्रान्ति'
– सालको लुतो जाः
सहकाल आइज अनिकाल जा'
अनि हुत्याइन्थ्यो– अगुल्टो बारिपुछारतिर
र, यसरी फालिन्थ्यो लुतो ॥

सुनिन्थे राँके बजारका किस्सा थरिथरिका–
गुरुङ्गे तुम्बाले मोरु दुई अर्थात् बत्तीस आनाको
बतीस डाडु राँगाको मासु एक्लै खाएका थिए रे
बिस्तारै पछि हामी कहलियौं–
बतीस डाडुका सन्तान
सुनिन्थ्यो, कसकसले नयाँ दौरासुरुवाल सिलायो
कसकसले कोट उल्ट्यायो, कसले चाइनिज जुत्ता ल्यायो
अनि ककसले तोरिफुले टोपी सिलायो ॥।

पछिपछि सुनिन्थ्यो,
नुनढाकीदेखि पैरेमाइली सहितको
मेन्छ्याहरू आउँथे रे
उता मादी, तामाफोकबाट नि सोल्टिनीहरू आउँथे रे
माथि ताम्राङदेखि साम्तोङ्गे
अन्तरी, कान्छी,
गंगा जमुना पनि आउँथे
सेतु दाइ, जम्ले ठुले, माइला
तेल्लके कान्छा, थेगिम माइला
गैरीघरे जेठाहरूले मेन्छ्याहरूलाई मेजमान दिन्थे ।

अर्को हल्ला आउँथ्यो–
यो पालि कोबेके र श्रीजुंगेको झगडा हुन्छ
फाबेनको देउनाथहरू, नेसुमको गुप्तेहरू
श्रीजुङ्गको फौदारे साइँलाहरू
कोबेकका कौशिबारे, डाँफ्ले साइँलाहरू
मोराहाङ्गको गेजेङ साइँला, जम्ले कान्छाचुक्पाहरू
क-कसले काटाकाट गर्ने हुन
खबरले त्रसित हुन्थ्यो राँके बजार ॥
देखिन्थ्यो–
भलिबल, फुटबल, हाइजम्प, लङ्जम्प बजारमा
र, गाउँ नै हुन्थ्यो खेलकुदमय ॥

पानीले रुझ्दै, हिलोमा चिप्लिँदै
भोकभोकै रातभरि हाट भरिन्थ्यो,
कानभरि गुन्जिरहन्थ्यो पालाम
र, त्यसरी सकिन्थ्यो बजार ॥

अनि सुरु भयो माओवादी द्वन्द्व
राँके बजारमा मडारिन थाल्यो कालो बादल
बन्दुक बोकेकाहरू
जब घुम्न थाले गाउँ-गाउँ
धान नाच, जाँडरक्सी, रातको हाटबजार
हाक्पारे, ख्याली, पालाम
सबै भए कथा ॥
–
अहिले राँके बजारमा
छैन पालाम
धान नाच छ– युट्युबको भर
जीवनका गीत सुनिँदैन, राँके बजारमा
न उनिन्छ प्रेमका माला
गुम्दैछ पहिचान राँके बजारको
टुलुटुलु हेरेर रुँदैछ– मेन्छ्यायेम
अब साँच्चै गुलजार छैन राँके बजार ॥

# क्यारेबियनमा नेपाली क्रिकेट उत्सव

**आर्नस भेल रंगशालामा नेपालले जुन जुझारु प्रदर्शन देखाएको थियो, त्यसको सन्देश थियो- विश्वकप क्रिकेट जस्तो मेला अब बिरानो छैन ।**



खेल-डायरी
विनोद पाण्डे

हेमन्त श्रेष्ठ



सेन्ट भिन्सेन्ट एन्ड ग्रेनाडाइन्सको राजधानी किंग्सटाउनबाट ४ किलोमिटर टाढा रहेको आर्नस भेल ६ साताअघि क्रिकेट प्रेमीका लागि केन्द्रविन्दु बनेको थियो । क्यारेबियन क्षेत्रको यो एउटा सानो टापुमा भइरहेको ट्वान्टी-२० विश्वकपले नेपाली क्रिकेटलाई काठमाडौंबाट झन्डै ९ हजार माइल्स टाढा पुऱ्याएको थियो ।

किंग्सटाउनमा जस्तो चहलपहल नभए पनि गाउँजस्तो देखिएको आर्नस भेलको क्रिकेट रंगशालालाई ट्वान्टी-२० विश्वकप क्रिकेटले रंगीन बनाएको थियो । वेस्ट इन्डिजको ६ मध्येको एक यो विश्वकप आयोजना स्थल अन्यभन्दा धेरै अर्थमा फरक थियो । त्यही फरक आर्नस भेल रंगशालामा दस वर्षपछि विश्वकपमा प्रतिस्पर्धा गर्दै नेपालले पुनरागमनको सन्देश दिएको थियो । नेपालले जुन जुझारु प्रदर्शन देखाएको थियो, त्यसले विश्वकप क्रिकेट जस्तो मेला अब बिरानो नबन्ला भन्ने सन्देश दिन खोजेको थियो ।

आर्गिल इन्टरनेसनल एयरपोर्टबाट रिङ रोड एक फन्को लगाएपछि सेन्ट भिन्सेन्टको यात्रा लगभग टुंगिन्थ्यो । रिङ रोडको एकातर्फले समुद्रलाई लगभग छोएकै छ । आर्गिल इन्टरनेसनल एयरपोर्ट नयाँ बनाइएको हो । क्यारेबियन महासागरको दायाँतिर रहेको यसअघिको ईटी जोशुआ एयरपोर्टको धावनमार्ग अहिले आर्नस भेल रंगशालाभित्र रहेको छ, जसलाई गाडी पार्किङ गर्ने स्थल बनाइएको छ । एकातर्फ समुद्रको छेउ, अर्कोतर्फ डाँडापाखा र छेउमा पुरानो धावनमार्गले आर्नस भेल रंगशालालाई विश्वकै मनोरम रंगशालामा उभ्याएको छ । यसको निर्माणको कथा पनि नेपालको निर्माणाधीन मूलपानी क्रिकेट रंगशालाभन्दा कम छैन । सन् १९७२ मा यसको निर्माणकार्य सुरु गरिएको थियो र त्यसको झन्डै १० वर्षपछि यो सञ्चालनमा ल्याइएको थियो । गत जुन १३ मा नेदरल्यान्ड्स र बंगलादेशबीच भएको खेल २०१३ यता यो रंगशालामा भएको पहिलो खेल थियो ।

त्यसको भोलिपल्ट अर्थात् जुन १४ मा नेपाल र दक्षिण अफ्रिकाबीचको खेल फ्लडलाइटमा यस मैदानमा खेलिएको पहिलो खेल थियो । रंगशालामा राति बालिएको फ्लडलाइटले आर्नस भेललाई उज्यालो बनाएको थियो । विश्वकप आयोजनाका लागि भनेर यस रंगशालामा फ्लडलाइट, डबलडेकर मिडिया बक्स, पेभिलियन, प्रेसिडेन्ट्स बक्स लगायतका सुविधा थपिएका थिए । यो सबै सुविधा थपेपछि मात्र आर्नस भेल रंगशाला विश्वकप आयोजना गर्न योग्य बनेको थियो । विरोधका लागि विरोध कता हुँदैन र ? आर्नस भेल पनि यो प्रसंगमा अछुतो रहेन । नेपालले दक्षिण अफ्रिकासँग खेल्नु ५ दिनअघि 'ब्ल्याकआउट' भएर सेन्ट भिन्सेन्ट अन्धकार बनेको थियो । बिजुलीको स्रोत कमी भएको अवस्थामा फ्लडलाइट बालेर विश्वकप क्रिकेट आयोजना भएको भनी त्यहाँका प्रधानमन्त्री राल्फ गोन्सल्भ्सले धेरै आलोचना सुन्नुपरेको थियो । टेब्लोइड अखबार 'दी भिन्सेन्टिएन' को पहिलो पृष्ठमा यसबारे ब्यानर समाचार आएको थियो ।

विश्वकप क्रिकेटको खेल सुरु भएसँगै १८ हजार क्षमताको आर्नस भेल रंगशाला आधाउधी भरिएपछि यी आलोचना मत्थर हुँदै गएका थिए । आ-आफ्नो देशका खेल हेर्न ठूलो संख्यामा दर्शकहरू सेन्ट भिन्सेन्ट पुगेका थिए, त्यसले त्यहाँको पर्यटन सेवालाई ठूलो टेवा पुऱ्यायो । ती दर्शकहरू फेरि र स्पिड बोट चढेर त्यहाँको विभिन्न आइल्यान्ड जाने लर्को नै लागेको थियो । विभिन्न स्थानबाट झन्डै ५ सय नेपाली दर्शक आफ्नो टोलीको खेल हेर्न सेन्ट भिन्सेन्ट पुगेका थिए । आर्नस भेल रंगशालाको स्तरोन्नतिका लागि ३८ मिलियन ईसी (झन्डै १ करोड ४० लाख डलर) खर्च भएको थियो । प्रधानमन्त्री गोन्सल्भ्ससँग यसको खास कारणहरू थिए । 'यो मूल्य डलर र सेन्टमा होइन, यो यस देशका युवाहरूका लागि हो । विशेष गरी खेलकुद हेर्ने र हाम्रो सभ्यताको समग्र वृद्धि र विकास गर्न चाहना राख्नेहरूका लागि हो,' गोन्सल्भ्सलाई उद्धृत गर्दै सञ्चारमाध्यमहरूले लेखेका थिए ।

विश्व क्रिकेटको बाक्लो संस्कृति बोकेको क्यारेबियन क्षेत्र जाँदा जति उत्सुकता थियो, त्यत्ति नै डर पनि थियो । पर्यटकहरूको मुख्य गन्तव्यका रूपमा परिचय बनाएको क्यारेबियन क्षेत्र आपराधिक गतिविधिका लागि पनि उत्तिकै बदनाम रहेछ । चिनेजानेका र त्यहाँको स्थिति केही बुझेकाहरूले पनि हामीलाई एक्लै बाहिर ननिस्किनु, निस्किनु परेमा मोबाइल, पर्स नबोक्नु जस्ता विषय सुझाएका थिए । सेन्ट भिन्सेन्ट पुगेपछि यो सबै भ्रम चिरियो । प्रधानमन्त्री गोन्सल्भ्स आफैं दर्शक भएकै प्यारापिटमा बसेर विश्वकपका खेल हेरिरहेका थिए । नेपाली समर्थकहरू मधुकर राजभण्डारी, विजयमान श्रेष्ठले प्रधानमन्त्री गोन्सल्भ्सलाई ढाका टोपी लगाएर नेपाली झन्डा काँधमा राखिदिएका थिए । त्यो क्रममा न कुनै 'प्रोटोकल' देखिएको थियो, न कुनै सुरक्षाकर्मीले आएर रोक्न खोजेका थिए । ठमेलका पुराना खेलाडी मधुकर काठमाडौंबाट र विजयमान आफ्ना छोरा सविससँग अमेरिकाबाट नेपालको खेल हेर्न सेन्ट भिन्सेन्ट पुगेका थिए ।

मध्यरात हुनै लाग्दा रंगशालाबाट १५-२० मिनेट लगाएर म आफ्नो बास स्थान पुग्दा डराउनुपर्ने केही देखिएन । रंगशाला नजिक रहेको एक सामान्य बारमा वेस्ट इन्डिजका कुनै समयका ब्याटिङ हस्ती रिची रिचर्डसनलाई भेट्दा अचम्मै लागेको थियो । म्याच रेफ्रीको भूमिकामा त्यहाँ पुगेका उनी लगायतको स्थानीयको बोलीचाली निकै नम्र थियो । एक हिसाबले 'राम राज्य' जस्तै नै लाग्यो सेन्ट भिन्सेन्ट । घरको झ्याल ढोका पनि खुल्लै राखेर बाहिर निस्किएका हुन्थे । चोरी, गुन्डागर्दीको घटना त परैको विषय भए । आँपको मौसम भएकाले घरअगाडिको रुखबाट कसैले आँप टिपेर लगे पनि कसैले केही भन्दैनथे । अर्काको घर छेउबाट टिपेर ल्याएको आँप हामी सबैलाई दिनहुँजस्तै राम्रै खुराक भएको थियो ।

सेन्ट भिन्सेन्टमा ट्वान्टी-२० विश्वकपका कुल ५ खेलहरू भए । अफगानिस्तानले यहीं अस्ट्रेलिया र बंगलादेशमाथि विजय हात पार्दै सेमिफाइनल पुगेर सनसनी मच्चाएको थियो । सेन्ट भिन्सेन्टमा क्रिकेट त्यो पनि विश्वकप फर्किनुको कारण विभिन्न थिए । एउटा त वेस्ट इन्डिज क्रिकेटका अध्यक्ष ४० वर्षे किशोर सलोव भइहाले । उनी आफैं सेन्ट भिन्सेन्टका थिए । अर्को जमैका क्रिकेटको विवाद पनि थिए । सेन्ट भिन्सेन्टसहित एन्टिगुवा, बार्बाडोस, गुयाना, सेन्ट लुसिया र त्रिनिदाद एन्ड टोबागोमा विश्वकपको खेल भइरहेका थिए । जबकि क्रिकेटको सबैभन्दा ठूलो आइल्यान्ड जमैकामा एउटै खेल भएको थिएन । त्यहाँको चर्चित सबैना पार्क रित्तै थियो । जमैकाका रोभमन पावेल नै वेस्ट इन्डिजको ट्वान्टी-२० क्रिकेट टोलीका कप्तान हुन् । उनले विश्वकपमा घरेलु मैदानमा एउटै खेल खेल्न पाएनन् । विश्व एथ्लेटिक्सका महान् धावक उसैन बोल्टलाई अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले ट्वान्टी-२० विश्वकपको 'एम्बेसडर' बनाएको थियो । उनी पनि आफ्नो गृहनगरमा विश्वकपको कुनै खेल नभएकोमा निराश थिए । २०१९ यता जमैकामा क्यारेबियन प्रिमियर लिगका कुनै खेल हुन सकेका छैनन् । माइकल होल्डिङ, जेफ डुजोन, कर्टनी वाल्स, जिम्मी एडम्स, ट्वान्टी-२० अन्तर्राष्ट्रियका सर्वाधिक रनकर्ता क्रिस गेलदेखि मार्लोन सामुइल्स, एन्ड्रयु रसेल उत्पादन गरेको जमैकाको क्रिकेट राजनीतिलाई छिचोल्दै सेन्ट भिन्सेन्ट विश्व क्रिकेटको नयाँ गन्तव्य बनेर आएको थियो ।

> रातिबालिएको फ्लडलाइटले आर्नस भेललाई उज्यालो बनाएको थियो । बिजुलीको स्रोत कम भएका बेला फ्लडलाइट बालेर विश्वकप क्रिकेट आयोजना गरेकामा प्रधानमन्त्री राल्फ गोन्सल्भ्सले धेरै आलोचना सुन्नुपरेको थियो ।

सेन्ट भिन्सेन्टमा नेपालले समूह चरणको आफ्नो अन्तिम दुई खेल खेलेको थियो । नेपालसँग खेल्नुअघि दक्षिण अफ्रिका पहिलो तीन खेल जितेर सुपर 'आठ' मा पुगिसकेको थियो र टोलीको समूहचरणमा यो अन्तिम खेल थियो । दक्षिण अफ्रिका अघिल्लो चरणमा पुगिसकेकाले होला सम्भवतः मिडिया बक्समा एक जनामात्र दक्षिण अफ्रिकाका पत्रकार भेटिएका थिए । अरू सबै सुपर 'आठ' को खेल हुने स्थानमा लागिसकेका थिए । नेपाल र बंगलादेशका पत्रकारहरूले आर्नस भेलको मिडिया बक्स भरिएका थिए । दक्षिण अफ्रिकासँग पछिको अर्को खेल नेपालले दुई दिनपश्चात् बंगलादेशसँग खेल्दै थियो ।

नेपालले दक्षिण अफ्रिकाविरुद्ध बलिङमा निकै जोसिलो प्रदर्शन गरेको थियो । त्यहाँ रहेका बंगलादेशका पत्रकारहरूले पनि नेपाली टिमको प्रशंसामा 'एक्सिलेन्ट', 'ब्युटिफुल' 'क्वार्टरफाइनल-क्वार्टरफाइनल' दोहोऱ्याइरहेका थिए । नेपालले दक्षिण अफ्रिकालाई पराजित गरेमा बंगलादेशसँगको खेल नकआउट जस्तै हुने थियो । त्यो समीकरणमा नेपाल र बंगलादेशको खेल क्वार्टरफाइनल जस्तै हुने आकलन बंगलादेशी पत्रकारहरूको थियो ।

नेपाली टोलीले अलिकति 'जितको भोक' देखाएको भए यही मैदानमा एउटा ठूलो इतिहास पनि कोरिने थियो । दक्षिण अफ्रिकालाई १ सय १४ रनमा अलआउट गरेर पनि नेपालले विजय लक्ष्य पछ्याउन सकेन र दक्षिण अफ्रिकाले १ रनको जित निकाल्यो । गुलशन झाको ब्याटमा अन्तिम दुई बल लागेको भए वा खेलको अन्तिम बलमा गुलशन अलिक छिटो दौडेको भए, दक्षिण अफ्रिकाका ओटनेइल बार्टमनले फालेको एउटा काँधमाथि जस्तो उचाइबाट गएको बललाई अम्पायरले नो बल दिएको भए आदि, इत्यादिमा नेपाली समर्थक हिसाब जोड्दै अझै थकथकाइरहेका भेटिन्छन् । तर, विश्वकप जस्तो ठूलो प्रतियोगिता नेपाललाई एउटा अनुभव बटुल्ने आफैंमा ठूलो अवसर थियो । हुन त नेपाली टोलीका ओपनिङ ब्याटर आसिफ शेखले भनेका छन्, 'विश्वकपमा खेलिसकेपछि अब नेपालले त्यो स्तरका टोलीसँग खेल्न सकिन्छ भन्ने विश्वासको वातावरण बनेको छ ।'

नेपालको बलिङ फेरि उस्तै उम्दा रह्यो र अर्को खेलमा बंगलादेशलाई १ सय ६ रनमा अलआउट गऱ्यो । तर पनि नेपालका लागि जित टाढा नै रह्यो र २१ रनको हार स्वीकार्न बाध्य भयो । विश्वकपको तयारीका क्रममा नेपालको सुरुदेखि नै केही कमजोरीहरू नदेखिएको होइन । खेलाडी छनोट नै कुनै प्रदेशको जस्तो देखिन्थ्यो । यसको एउटा उदाहरण बंगलादेशसँगको खेलमा थियो । प्लेइङ ११ बाहेक बाँकी रहेका ५ खेलाडी सबै बलर थिए । स्पिनका लागि सहयोगी हुने मानिएको अमेरिका र वेस्ट इन्डिजको विकेटमा नेपाली टोलीमा ६ जना मध्यम र तीव्र बलर राखिएका थिए । नेपालको खेलमा एक मात्र परिवर्तनको रूपमा दक्षिण अफ्रिकाले केशव महाराजको स्थानमा ताब्राइज साम्सीलाई खेलाएको थियो र उनले ४ विकेट लिएर नेपालको टेस्ट राष्ट्रलाई हराउने सपना चकनाचुर पारेका थिए । नेपालसँगको यही खेलपछि दक्षिण अफ्रिकाका कप्तान एडेन माक्रमले साम्सीको प्रदर्शनपछि आफ्नो टोलीको प्लेयिङ ११ को संरचनामा परिवर्तन आउने बताएका थिए । अन्तिम ओभरमा ६ रन मात्रै दिएर दक्षिण अफ्रिकालाई नेपालको हातबाट पराजय जोगाएका बार्टमनको स्थानमा साम्सी खेल्न लागेका थिए । नेपाल भने एउटै सेट टिमबाट बाहिर निस्किनै खोजेन ।

देब्रेहाते स्पिनरको दबदबा रह्यो प्रतियोगितामा । यसमा साम्सी मात्र एक्लो थिएनन् । च्याम्पियन बनेको भारतले पूरा प्रतियोगितामा लगभग सबैजसो खेलमा रवीन्द्र जडेजा, अक्षर पटेल र कुलदीप यादव गरी तीन देब्रेहाते स्पिनरलाई खेलाएको थियो । नेपालबाट सागर ढकाल र ललित राजवंशी गरी दुई देब्रेहाते स्पिनर टोलीमा रहेका थिए । सागरले नेदरल्यान्ड्सविरुद्ध एउटा खेलमा अवसर पाए । विकेट नलिए पनि नेदरल्यान्ड्सविरुद्ध किफायती बलिङ गरेका उनले त्यसपछि थप मौका पाएनन् । नेपालको मुख्य स्पिनरको रूपमा अमेरिका र वेस्ट इन्डिज पुगेका ललित एउटै खेल खेल्न नपाई 'टुरिस्ट' बनेर फर्किएका थिए । अमेरिकाको फ्लोरिडा हुँदै सेन्ट भिन्सेन्ट र ह्युस्टनबाट डालास पुग्दा नेपाली टोली गलिसकेका थिए । क्यानडासँगको अभ्यास खेलमा उनीहरूको प्रदर्शन त्यसको प्रमाण थियो । यस विषयमा नेपाल क्रिकेट संघको व्यवस्थापन टोली धेरै चुकेको थियो ।

पहिलो पटक विश्वकप आतिथ्यता गरिरहेको अमेरिका भने आयोजनाको हिसाबमा आलाकाँचा नै देखियो । विश्वकप आयोजना गरिरहेको तीनमध्येको एक सहर डालासमा खेलिएका कुनै पनि अभ्यास खेलहरू टेलिभिजनमा प्रत्यक्ष प्रसारण वा लाइभ स्ट्रिमिङ गरिएको थिएन । निर्माणाधीन कार्य जारी राखेकाले मिडियालाई पनि खेलको फोटो खिच्न बन्देज गरिएको थियो, हेर्न र लेख्न मात्रै दिइएको थियो । नेपालले क्यानडासँगको खेल हेर्न ठूलो संख्यामा नेपाली दर्शक डालासको पेरी भिउ क्रिकेट रंगशाला पुगेका थिए । तर, गेटमा रहेका स्वयंसेवकले रंगशाला दर्शकले भरिएको भन्दै गेटमा पुगेका दर्शकलाई फर्काइदिइरहेका थिए, जबकि खेल रित्तो रंगशालामा खेलाइएको थियो ।

न्युयोर्कको पिचको हालतले आईसीसीलाई सोच्न बाध्य बनाइदिएको थियो । ४२ मिलियन डलर खर्च गरेर न्युयोर्कमा कामचलाउ संरचना बनाइएको थियो । अमेरिकामा विश्वकपका खेलहरू सकिएलगत्तै त्यसलाई भत्काइएको थियो । अमेरिकाको क्रिकेटको राजधानी मानिएको फ्लोरिडाको लाउडरहिलमा भएका ३ खेल वर्षाले रद्द पारिदियो । धेरै वर्षा हुने फ्लोरिडामा मनसुन सुरु हुने बेला विश्वकप आयोजना गरेपछि खेल बिथोलिनु स्वाभाविक नै थियो । अमेरिकामा क्रिकेट रंगशाला बाहिर विश्वकपको खासै चहलपहल देखिएको थिएन । जति थियो नेपालको खेलहरू तथा भारत र पाकिस्तान बीचको खेलमा मात्र थियो ।

वेस्ट इन्डिजतर्फ उडेपछि भने जहाजमै क्रिकेटको माहोल अनुभूत गर्न सकिन्थ्यो । अफिसियल एयरलाइन्स क्यारेबियनले आफ्नो 'इनफ्लाइट' म्यागेजिनको पहिलो पृष्ठमा एन्ड्रयु रसेललाई फिचर गरेर विश्वकप आयोजना गर्नुको अर्थ खुलाएको थियो । ब्रायन लाराको देश ट्रिनिदादमा भुइँमै विश्वकपको स्टिकरहरू चिप्काइएका थिए । ट्रिनिदादबाट बार्बाडोस पुग्दा एयरपोर्टभित्रै ग्यारी सोबर्स, म्यालकम मार्शल लगायत खेलाडीका डमी स्वागत गेटको छेउमा राखिएको थियो ।

ट्रिनिदादबाट बार्बाडोसको फ्लाइटका पाइलटले आफ्नो परिचय दिइरहँदा भने निकै ध्यान दिएर सुनिरहेको थिएँ । क्यारेबियन एयरलाइन्सको पाइलटको परिचयमा मेरो चासोसँगै उत्सुकता रहनुको कारण वेस्ट इन्डिजका पूर्वक्रिकेटर कोलिन क्रोफ्ट थिए । साढे ३ दशक अगाडि नै उनी क्रिकेटरबाट पाइलट बनेको समाचार छापिएको थियो । क्रोफ्टले पनि सेन्ट भिन्सेन्टमा उम्दा प्रदर्शन दिएका छन् । त्यो समयमा सेन्ट भिन्सेन्टले आक्कलझुक्कल अन्तर्राष्ट्रिय खेल आयोजना गर्दा क्रोफ्टले २ एकदिवसीय अन्तर्राष्ट्रियमा ६ विकेट लिएका थिए ।

ट्रिनिदादबाट बार्बाडोससम्मको एटीआर ७२ जहाजको उडान १ घण्टाको रहेको जनाउँदै पाइलटले आफ्नो परिचय हरिप्रसाद भनेर दिए । ठूलो संख्यामा अफ्रिकन र भारतीय मूलबाट आएका नागरिकहरू वेस्ट इन्डिजमा जमेर बसेका छन् । वेस्ट इन्डिजका क्रिकेट खेलाडीहरू शिवनारायण चन्द्रपाल, रामनरेश श्रवण, डारेन गंगा लगायत भारत भ्रमणमा खेल्न आउँदा आफ्नी हजुरआमालाई गंगाजल लिएर जाने गर्थे । सम्भवतः हरिप्रसाद पनि यही परिवेशका थिए । सेन्ट भिन्सेन्टबाट फर्किनेक्रममा ट्रिनिदादको रुट थियो, जहाज पनि एटीआर ७२ नै थियो । यसपटक फेरि पाइलटले आफ्नो नाम क्रोफ्ट भनिहाल्छन् कि भनेर म चनाखो भएर सुनिरहेका थिएँ । पाइलटले यात्राको बारेमा सुनाउँदै भने, 'म क्याप्टेन श्यामप्रसाद, क्यारेबियन एयरलाइन्समा स्वागत छ ।'

# आरोहण छाडेर फोटोग्राफी




चरा-संसार
मनोज पौडेल


नेपालमा पाइने फिजेन्ट (कालिज) का आठै प्रजातिका चराको फोटो खिचेका छन् काठमाडौंका पेम्बा शेर्पा (५६) ले । पेम्बाले ४ वर्ष लगाएर फिजेन्ट प्रजातिका मयूर, चिर, डाँफे, मुनाल, फोक्रास, चिलिमे, कालिज र लुइँचेको फोटो खिचेका हुन् ।


मुनाल, चिर, डाँफे नेपाल सरकारको संरक्षित पन्छीको सूचीमा छ । डाँफे भने राष्ट्रिय पन्छी हो । चीर विश्वकै दुर्लभ पन्छी मानिन्छ । मुनाल पनि संकटनजिक छ । पूर्वको इलामदेखि डँडेल्धुरा र तराईको चितवनदेखि सगरमाथा बेस क्याम्प नजिक थामे पुगेर ८ वटैको तस्बिर खिचेको बताए उनले । सन् २०२१ नोभेम्बरमा एकै दिन ४ हजार ६० मिटर उचाइमा सोलुखुम्बुको थामेमा चिलिमे र डाँफेको तस्बिर खिचे । एक वर्षपछि २०२२ को नोभेम्बरमा इलाममा कालिजको तस्बिर खिचे । २०२४ मार्चमा एकै दिन चितवनमा मयूर र लुइँचेको तस्बिर खिचे । फिजेन्ट प्रजातिका ५ वटा चराको फोटो खिचेपछि बेलायतमा संरक्षण क्षेत्रमै अध्ययनरत साथी सञ्जीव आचार्यले आठ प्रजातिका तस्बिर खिचेर नयाँ काम गर्न सुझाएपछि पेम्बा हौसिएर लागे । फोटो खिच्न बाँकी रहेका तीन प्रजाति कहाँ पाइन्छ ? सोधखोजपछि चिरको फोटो खिच्न उनी गत अप्रिलमा अर्घाखाँची पुगे । दुई दिनको बसाइमा चिरको फोटो खिचे । त्यसपछि उनी मुनालको खोजीमा २०२४ मेमा इलाम पुगे । साता दिनको बसाइमा त्यसको पनि खिचे । अब बाँकी रह्यो फोक्रास खिच्न । फोक्रासको फोटो खिच्न उनी २०२४ कै जुनमा सुदूरपश्चिमको डँडेल्धुरा हान्निए । त्यहाँ दुई हजार ४ सय मिटरको उचाइ रहेको वनमा फोक्रासका भाले पोथीकै तस्बिर पनि खिचे । ८ वटै प्रजातिको चराको तस्बिर खिच्दा खुसीको सीमा भएन । भने, 'आठपटक सगरमाथा आरोहण गर्दाभन्दा बढी खुसी भएँ ।'

विश्वमा ५२ प्रजातिका फिजेन्ट चरा पाइन्छ । नेपालमा भने ८ प्रकारका मात्र पाइन्छ । नेपालमा फिजेन्ट प्रजातिका चरा समुद्री सतहको एक सय ९० मिटरदेखि ४ हजार ५७० मिटर उचाइसम्म पाइन्छ । पेम्बाले नेपालमा पाइने ६५५ बढी प्रजातिका चराको तस्बिर खिचिसकेका छन् । नेपालमा अहिलेसम्म ८९४ प्रजातिका चरा पाइएको अभिलेख छ । चराका फोटोका फोटो तराईदेखि हिमाल पुगेका छन् । त्यसैमा रमाएका छन् ।


हिमाल आरोही पेम्बा शेर्पा आरोहणका क्रममा एउटा दुर्घटनापछि 'वाइल्ड लाइफ फोटोग्राफी'को बाटोमा 'यूटर्न' भएका हुन् । ७ पटक सगरमाथा चढे । तीन देशका ८ हजार मिटर अग्ला ६ हिमालको आरोहण गरे । मनास्लु, मकालु र धवलागिरि प्रथम हिमालदेखि युरोपका सबै अग्ला हिमाल चढिसके । पाकिस्तानको जीटु (गासरब्रम टु) र तिब्बतको सिसापाङको चुचुरोमा उभिए । तर, अहिले उनी आरोहीको विगत बोकेर 'वाइल्ड लाइफ फोटोग्राफी'को यात्रामा रमेका छन् । मनास्लु हिमाल आरोहण गर्ने क्रममा २३ सेप्टेम्बर २०१२ को बिहान साढे २ बजे ७ जना विदेशीको मृत्यु भएपछि उनी क्लाइम्बिङ पेसा छाडेर यता लागेका हुन् । सोलुखुम्बुको दूधकुण्ड नगरपालिका ताकसेन्दुका उनका लागि यही घटना जीवनको 'यूटर्न' भइदियो ।























माथिबाट क्रमशः चिर, डाँफे, चिलिमे, कालिज, मयूर, मुनाल, फोक्रास र लुइँचे । सबै तस्बिर पेम्बा शेर्पाका हुन् ।